
नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA
मंगलबार, माघ १६, २०७४ | Tuesday, January 30, 2018 | www.newsofnepal.com | नेसं ११३८ शिल्ला थ्व १४ | वर्ष २४, अंक २० | पृष्ठ १२ | मूल्य रू १०/–




प्रदेशसभा तयारी तीव्र

# कर्मचारी कार्यक्षेत्रमा

**नेपाल समाचारपत्र**
काठमाडौं

प्रदेशसभाको बैठक सञ्चालनका लागि संसद् सचिवालयका कर्मचारी सोमबारसम्म सम्बन्धित प्रदेशमा पुगेका छन्।

संसद् सचिवालयका प्रशासन महाशाखाका सह-सचिव सुरजकुमार दुराले ढिलोमा पनि हिजो सोमबारसम्म कर्मचारी प्रदेशमा पुगिसकेको बताउनुभयो। उहाँका अनुसार आइतबारबाट नै कर्मचारी आफ्नो कार्यक्षेत्रमा गएका हुन्। 'त्यहाँ गएर पनि केही तयारी गर्नुपर्ने भएकाले सकेसम्म छिटो कर्मचारीलाई जान भनेका छौं', दुराले भन्नुभयो- 'उहाँहरूले केही दिन बैठक सञ्चालन गर्नुहुन्छ र गएका प्रशासनतर्फका कर्मचारीलाई छोडेर आउनुहुन्छ।'

संसद् सचिवालयले बिहीबार र शुक्रबार सचिवालयका ४ र प्रशासनका २७ कर्मचारीलाई प्रदेश संसद् बैठक सञ्चालनको विधि र प्रक्रियाका बारेमा तालिम दिएको थियो। सामान्य प्रशासन मन्त्रालयका सह-सचिव तथा प्रवक्ता शिवराम न्यौपानेले पनि तालिम प्राप्त २७ कर्मचारी प्रदेशमा गएको बताउनुभयो।

सचिवालयका एक सह-सचिव, एक उप-सचिव, एक शाखा अधिकृत र एक जना प्राविधिक बैठक सञ्चालन गर्न गएका हुन्। प्रशासनतर्फका उप-सचिवले २७ जनाको नेतृत्व गरेका छन्।

संसद् सचिवालयका सह-सचिव तथा प्रवक्ता डा. भरतराज गौतमले मुख्यसचिव, प्रशासन मन्त्रालयका सचिवलगायतले प्रदेशमा बैठक सञ्चालनमा सहयोग गर्न अनुरोध गरेपछि सचिवालयले यो जिम्मेवारी पूरा गर्न आवश्यक तयारी गरेको बताउनुभयो।

संसद् सचिवालयका कर्मचारी प्रशासन शाखाका शाखा अधिकृत नेत्रप्रसाद भुसालले प्रदेशमा गएका सह-सचिव १५ दिनमा र अन्य सचिवालयका कर्मचारी बढीमा ३० दिनमा फर्किने जनाउनुभयो। सह-सचिवहरू ध्रुव घिमिरे प्रदेश नम्बर १ मा, २ मा वंशीराज पौडेल, ३ मा डा. रोजराज पाण्डे, ४ मा जीवराज बुढाथोकी, ५ मा सुरेन्द्र अर्याल, ६ मा कृष्णहरि खड्का र ७ मा मुरारी महत बैठक सञ्चालनको जिम्मेवारी लिएर प्रदेशमा गएका छन्। प्रदेशमा गएका घिमिरे जनशक्ति विकास महाशाखामा, पौडेल संसद्को कृषि तथा जलस्रोत समितिमा, पाण्डे आन्तरिक योजना महाशाखामा, बुढाथोकी विधि व्यवस्थापन महाशाखामा, अर्याल सार्वजनिक लेखा समितिमा, खड्का सांसद सुविधा व्यवस्थापन महाशाखामा र महत प्रविधि व्यवस्थापन महाशाखामा कार्यरत थिए।

प्रदेशको अन्तिम परिणाम घोषणा गरेको २० दिनभित्र प्रदेशसभाको बैठक बोलाउनुपर्ने संवैधानिक व्यवस्था छ। १ नम्बर प्रदेशबाहेक अरू प्रदेश प्रमुखले माघ १८ गते २३ गतेसम्ममा बैठक आह्वान गरिसकेका छन्। माघ ३ गते निर्वाचन आयोगले प्रदेशको अन्तिम परिणाम घोषणा गरेकाले माघ २३ गतेसम्म बैठक बोलाउनुपर्ने बाध्यता छ। सरकारले प्रदेश प्रमुख र प्रदेशको अस्थायी राजधानी तोकेकै दिन माघ ३ गते आयोगले परिणाम सार्वजनिक गरेको थियो। सरकारले यसअघि नै प्रदेश प्रमुखलाई सघाउने गरी प्रशासनतर्फका सह-सचिवलाई प्रदेश सचिवको जिम्मेवारी दिएर पठाइसकेको छ।

सह-सचिवसँगै १३ कर्मचारी गएका छन्। सरकारले नेपाली कांग्रेसको कोटामा पाँच र उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालका तर्फबाट एक र राष्ट्रिय जनता पार्टी (राजपा)का तर्फबाट एक भागवण्डा गरी प्रदेश प्रमुख तोकेको थियो। समानुपातिक प्रदेशसभाका सांसद्हरूले माघ ५ गते निर्वाचन आयोगको कार्यालयमा प्रमाणपत्र बुझेका थिए भने त्यसको दुई दिनपछि सम्बन्धित प्रदेशमा शपथसमेत खाएका थिए।

किन सारिए सचिव न्यौपाने ?

# सरकार गम्भीर नबने नेपालले मुद्दा हार्ने

**दीपेन्द्र थापा, काठमाडौं**

सरकारले भनेअनुसार नचलेपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपानेलाई सार्वजनिक खरिद अनुगमन कार्यालयमा सरुवा गरिएको तथ्य फेला परेको छ।

उक्त मन्त्रालयमा हाजिर गराइएको साढे ५ महिना बित्न नपाउँदै सचिव न्यौपाने हालै सार्वजनिक खरिद अनुगमन कार्यलयममा सरुवा गरिएका हुन्। उहाँलाई गत बिहीबारको मन्त्रिपरिषद्को निर्णयअनुसार सरुवा गरी सोही कार्यालयका सचिव कृष्ण देवकोटालाई उक्त मन्त्रालय लगिएको थियो। गत साउनमा सह-सचिवबाट सचिव भएका न्यौपाने यसअघि निर्वाचन आयोगमा कार्यरत हुनुहुन्थ्यो।

स्रोतका अनुसार सचिव न्यौपानेको सरुवा गर्न प्रधानमन्त्री पत्नी आरजु देउवा, उप-प्रधानमन्त्री विजयकुमार गच्छदार र विभागीय मन्त्री जितेन्द्रनारायण देवको तीव्र दबाब थियो।

'आफूअनुकूल निर्णय र आर्थिक चलखेल गर्न नमानेपछि सचिव न्यौपानेलाई सरुवा गरिएको हो', मन्त्रालय स्रोतले भन्यो- 'मन्त्रीले कानुन मिचेर ल्याएका प्रस्तावहरूमा उहाँले साथ नदिएपछि सारियो।'

स्रोतका अनुसार सचिव न्यौपानेको सरुवाको प्रमुख कारण स्पेनिस निर्माण कम्पनी सान्जोसेसम्बन्धी विषय हो। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतिमा सन्तोषजनक काम नगरेपछि टेन्डर रद्द गरिएको उक्त कम्पनीसँगको टेन्डर रद्द गरिएको थियो। सान्जोसेले मुद्दा जितेमा नेपालले ७ अर्ब क्षतिपूर्ति तिर्नुपर्नेछ। 'मन्त्री देव र उपप्रधानमन्त्री गच्छदार सान्जोसेले सिंगापुरमा दर्ता गराएको मुद्दामा नेपाललाई नै हराउँदै ७ अर्ब हिनामिना गर्न चाहन्छन्', मन्त्रालय स्रोतको दाबी छ- 'यसका लागि दुवै जना सरुवाको नाटक गरिएको हो।'

> सचिव न्यौपानेको सरुवा गर्न प्रधानमन्त्री पत्नी आरजु देउवा, उप-प्रधानमन्त्री विजयकुमार गच्छदार र विभागीय मन्त्री जितेन्द्रनारायण देवको तीव्र दबाब थियो।

स्पेनिस सान्जोसेको मुद्दा अहिले सिंगापुरको अदालतमा विचाराधीन छ। नागरिक उड्डयन प्राधिकरणले उक्त विमानस्थलको स्तरोन्नति गर्न सान्जोसेलाई छनोट गरेको थियो। स्पेनको अदालतले भने नेपालकै पक्षमा फैसला गरेको थियो। कम्पनीले धरौटीबापत २ अर्ब रुपियाँ बुझाइसकेको छ।

स्तरोन्नतिमा ढिलासुस्ती भएको भन्दै मन्त्रिपरिषद्बाट निर्णय गराई वकिल राखी बहसमा भाग नलिए नेपालले मुद्दा हार्न सक्ने बताउँदै समाचारस्रोतले *नेपाल समाचारपत्र*सँग भन्यो- 'अहिलेसम्म त नेपालले नै मुद्दा जित्ने देखिन्छ तर मुद्दाको बहसमा नै सहभागी नभएर नेपाललाई हराई क्षतिपूर्ति तिराउने र धरौटीबापतको २ अर्ब बाँडफाँड गर्ने चलखेल भइरहेको छ।'

यसैका लागि मन्त्रालयका सह-सचिव सुरेश आचार्यलाई प्राधिकरणको महानिर्देशक बनाउन लागिपरेको बताइन्छ। स्रोतले मन्त्री देवले यती एयरलाइन्सका मेनेजिङ डाइरेक्टर आङछिरिङ शेर्पाको नाममा धरानमा रहेको ४० बिघा जग्गा विमानस्थल निर्माणका लागि प्राधिरणलाई महँगोमा किन्न लगाउने योजना बनाएको समेत बतायो।

स्रोत भन्छ- 'आङछिरिङले उप-प्रधानमन्त्री विजयकुमार गच्छेदारकी श्रीमतीसँग भाइटीका लगाउँदै आएका छन् र गच्छदारका छोरा सुवासलाई भान्जा भन्छन्।'

यस्तै नेपाल वायुसेवा निगमको व्यवस्थापन सुधारका लागि विना प्रतिस्पर्धा जर्मन कम्पनी लुफ्थान्सालाई ल्याउन खोजेपछि सचिव न्यौपानेले प्रतिस्पर्धाविना कन्सल्टेन्ट ल्याउन नपाइने कारण देखाउँदै मन्त्री देवको प्रस्ताव अस्वीकार गर्नुभएको थियो।

स्मरणीय छ, घाटामा रहेको निगमलाई फाइदामा लैजान रणनीतिक योजना निर्माणका लागि सहयोग गरेबापत उक्त कम्पनीले बर्सेनि ७० करोड रुपियाँ लैजान्छ। उक्त कम्पनीले निगमको नाफासमेत करिब ४० प्रतिशत लिएर जान्छ।

(क्रमशः पृष्ठ ९ मा)

## गोन्जालेज नेपालमा

काठमाडौं, (नेस)

प्रवासी कामदारहरूको मानव अधिकार र यससँग जोडिएका विविध विषयको अध्ययन/अवलोकन गर्न संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्का स्वतन्त्र विशेषज्ञ फिलिप गोन्जालेज नेपाल आइपुग्नुभएको छ।

उहाँ एक साता नेपालमा रहने परराष्ट्र मन्त्रालयले जनाएको छ। गोन्जालेजले सोमबार परराष्ट्र, गृह, कानुन, श्रम, महिला तथा बालबालिका मन्त्रालयका अधिकारीहरूसँग भेटघाट र छलफल गर्नुभएको छ।

(क्रमशः पृष्ठ ९ मा)

उम्मेदवारको अन्तिम नामावली प्रकाशन

# आठवटा नमुना मतपत्र सार्वजनिक

**नेपाल समाचारपत्र**
काठमाडौं

माघ २४ गते हुने राष्ट्रियसभाको निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ। करिब एक महिनादेखि तयारी थालेको आयोगले प्रदेश प्रमुखको नियुक्ति भएसँगै आफ्नो तयारीलाई तीव्रता दिएको हो।

आयोगले सोमबार उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गरेको छ। अन्तिम नामावली प्रकाशनपछि सोमबार अपराह्न ४ बजे उम्मेदवारलाई चुनाव चिह्न वितरण गरेको आयोगका प्रवक्ता नवराज ढकालले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। नामावली सार्वजनिक गर्नुअघि नेकपा एमाले र माओवादी केन्द्रको समर्थनमा बेदुराम भुसालको उम्मेदवारी फिर्ता लिने निर्णय गरेको थियो।

मनोनयनमा ९ राजनीतिक दलबाट समूहगत रूपमा महिला २६, अन्य समूहका २८, दलित १४ र अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदायबाट १५ उम्मेदवारको मनोनयन दर्ता परेको थियो। यसैबीच आयोगले हिजो सोमबार नै नमुना मतपत्र सार्वजनिक गरेको छ। आयोगले समूहगत रूपमा मतदान गर्नुपर्ने मतपत्रका आठवटा नमुना सार्वजनिक गरेको हो।

(क्रमशः पृष्ठ ९ मा)

# राजधानीमा नक्कली डाक्टरको बिगबिगी

काठमाडौं, (नेस)

नेपाल र नेपाली जनताको स्वास्थ्यमाथि खेलबाड गर्दै आएका झन्डै दुई दर्जन विदेशी नागरिक अनुसन्धानको दायरामा पुगेका छन्। सोमबार एकै दिन ठमेलदेखि बौद्धसम्मका केही क्लिनिकमा अवैधरूपमा चिकित्सकीय अभ्यास गरिरहेका विदेशी नागरिक पक्राउ परेका हुन्।

यसरी अवैधरूपमा चिकित्सकीय अभ्यास गर्दै आएका अधिकांश काठमाडौं उपत्यकाभित्र विभिन्न अस्पताल तथा क्लिनिकहरूमा डाक्टर बनेर काम गरिरहेका फरक फरक मुलुकका नागरिक भएको बुझिएको छ। पक्राउ पर्नेमा काठमाडौंको ठमेलस्थित एपोलो क्लिनिक, बौद्धस्थित चाइना ग्रेटवाल, सिम्रिक अस्पताललगायतमा कार्यरत विदेशी नागरिकहरू भएको बुझिएको छ।

सोमबार प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र मेडिकल काउन्सिलले संयुक्तरूपमा छापा मार्ने क्रममा विदेशी नागरिकहरू कार्यस्थलबाटै पक्राउ परेका हुन्। हालसम्म पक्राउ पर्नेहरूमा कुन कुन मुलुकका को को रहेका छन् भन्ने बारेमा अनुसन्धान भइरहेकाले सार्वजनिक गर्न नमिल्ने अनुसन्धानमा खटिनुभएका सीआईबीका प्रमुख डीआईजी पुष्कर कार्कीले बताउनुभयो।

पक्राउ परेका विदेशी नागरिकहरूले नेपाल मेडिकल काउन्सिलको अनुमति लिए/नलिएको पनि खुलेको छैन।

(क्रमशः पृष्ठ ९ मा)

# शहीद कति ? राज्य नै बेखबर

**प्रशान्त वली, काठमाडौं**

लमजुङस्थित पाणिनी संस्कृत माविमा पढाउँदै गर्दा २०५८ सालमा तत्कालीन विद्रोही नेकपा माओवादीले शिक्षक मुक्तिनाथ अधिकारीको हत्या गर्‍यो।

यस्तै २०५८ मंसिरमा शाही नेपाली सेनाले गोरखास्थित अजिरकोट-३ हंशपुरका चन्द्रप्रसाद खनाललाई शाही नेपाली सेनाले नियन्त्रणमा लिएर बेपत्ता पार्‍यो।

सशस्त्र द्वन्द्वको समयमा सरकार र माओवादीका तर्फबाट हजारौंको ज्यान गयो, कयौं बेपत्ता छन् भने कति घाइते अहिले अलपत्र परेका छन्। कतिलाई सरकारले शहीद घोषणा गरेको छ। तर त्यो घोषणा सम्मानजनक नभएको दुवैतर्फका पीडितको गुनासो छ। शहीद अधिकारीका छोरा सुमन अधिकारी द्वन्द्वको समयमा दुवै पक्षबाट ज्यान गएकालाई राज्यले सम्मानजनक व्यवहार गर्नुपर्ने बताउनुहुन्छ।



बेपत्ता खनालका छोरा कृष्णउदास खनाल बेपत्तालाई राज्यले अपमान गरेको गुनासो गर्दै भन्नुहुन्छ- 'सरकारले गठन गरेको बेपत्ता आयोगले कार्यकर्ता भर्तीबाहेक अरू केही प्रगति गरेन। बेपत्ता पारिएकालाई खोज्ने प्रयाससमेत गरिएको छैन। राज्यले शहीदको मापदण्ड पूर्ण कार्यान्वयन नगर्दासम्म केही हुने छैन।'

यस्तै शहीद प्रतिष्ठानका केन्द्रीय सल्लाहकार एकराज भण्डारी राजनीतिक आन्दोलनबाट प्राप्त उपलब्धि संस्थागत हुन सकेमात्र शहीदको सपना पूरा हुने तर्क गर्नुहुन्छ। उहाँले भन्नुहुन्छ- 'शहीदको नाम मूल्यले किनबेच गरिंदै छ। यो शहीदप्रतिको अन्याय र अपमान हो।'

'शहीदको योगदानलाई कदर गरे मात्रै शहीदप्रति सच्चा सम्मान हुनेछ।' -राजनीतिक भागबण्डाको आधारमा शहीद घोषणा गरिंदा देश र जनताका लागि बलीदान गरेकाप्रति अपमान हुने मानव अधिकार अगुवा चरण प्रसाईं बताउनुहुन्छ।

(क्रमशः पृष्ठ ९ मा)

# विचार

दीनहीन जीवन कायरले
मात्र जिउने गर्छ, के
तपाई कायर हो ?
- माइकल फराडे

लक्ष्य नै नराखीकन
बाँच्नुभन्दा महान् लक्ष्य बोकेर
मर्नु महानता होइन र ?
- खलिल जिब्रान

## सम्पादकीय

नेपाल समाचारपत्र


# स्थानीय तहको दयनीय स्थिति

स्थानीय तहको निर्वाचनताका स्मार्ट सिटीको खूब चर्चा चलेको थियो । स्थानीय तहमा जनप्रतिनिधि बहाल भएको झन्डै ९ महिना बितिसक्दा पनि चुनावताका बोलेको स्मार्ट सिटीबारे सर्वसाधारण जनताले बुझ्ने गरी परिभाषित गर्न नसक्नु उदेक लाग्दो रहेको छ । स्थानीय तहका प्रमुखहरुले फ्लाइओभर बनाउने, मोनोरेल ल्याउनेजस्ता विषयलाई आफ्नो प्रत्येक भाषणमा नछुटाएको स्थितिमा शायद फ्लाइओभर र मोनोरेल ल्याउनु नै स्मार्ट सिटीका रुपमा परिभाषित गर्न खोजेको हो कि भन्ने प्रश्नहरु विभिन्न तह–तप्काबाट नउठाइएको भने होइन। आखिर स्मार्ट सिटी भनेको के हो ? के–के कामहरु गर्दै जाने हो भने स्मार्ट सिटी बन्छ भन्ने विषय अहिले पनि अमूर्त र अस्पष्ट रहेको छ। स्मार्ट सिटीको नारा दिनानुदिन खोक्रो साबित हुँदै गएको छ ।

संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ । अहिले पनि जनप्रतिनिधिहरुले जनताले अनुभूत हुने गरी काम गर्न सकेका छैनन् । स्थानीय तहका जिम्मेवार व्यक्तिहरुको सोच, संस्कार हेर्दा स्थानीय तहहरु अझै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मातहतको कार्यालयजस्तो भएको प्रतीत हुने गर्दछ। यसमा जनप्रतिनिधिहरुले संविधानले स्थानीय तहलाई दिएको अधिकारको व्यावहारिक अभ्यास गर्न नसकेको वा मन्त्रालयले अंकुश लगाइरहेको भेद छुट्याउन सकेको छैन। स्थानीय सरकारको रूपमा नगरपालिका, महानगरपालिका गाउँपालिका बने पनि सेवाग्राहीले पहिलाको तुलनामा नयाँ सेवा–सुविधा नपाएको मात्र होइन अझ अस्तव्यस्तसमेत व्यहोर्नुपरिरहेको छ। नयाँ गठन भएका नगरपालिका, गाउँपालिकामा आवश्यक कर्मचारी छैनन्। बजेट खर्च गर्न नसकेको र सांगठनिक संरचना बन्न नसकेको अवस्था छ। पुराना नगरपालिकामा कर्मचारीले समेत असहयोग गरेको जनप्रतिनिधिहरुको आरोप छ।

सरकारको भूमिकाका कारण स्थानीय सरकार अझै सक्रिय हुन नसकेको पनि चर्चा सुनिन्छ । विषयगत कार्यालयबाट गएका केही कर्मचारी पनि कोप्रति उत्तरदायी भएर के काम गर्ने हो भन्न सकिने स्थिति छैन। स्थानीय तहले पनि कर्मचारीलाई कसरी काम लगाउने भनी निर्णय गर्न सकेको छैन । धेरैजसो गाउँपालिका तथा नगरपालिका साँघुरा कार्यालयमा सञ्चालन भइरहेका छन् । विभिन्न मन्त्रालयअन्तर्गत रहेका विषयगत कार्यालयहरू अझै पनि स्थानीय तह मातहत गएका छैनन् । संविधानले शिक्षा, स्वास्थ्य, कृषि, वनलगायतका कार्यालयले स्थानीय तह मातहत रहेर काम गर्ने व्यवस्था गरेको छ। तर व्यवहारमा अहिले पनि ती कार्यालय स्थानीय निकाय मातहत गएका छैनन् । देशभरकै स्थानीय तहको स्थिति बेहाल र दयनीय रहेको छ। त्यसैले स्थानीय तहका सम्बन्धमा संविधानले दिएको प्रावधान, अहिलेको समस्या, केन्द्रीय सरकारको अंकुश प्रवृत्तिलाई मध्यनजर गरी जनप्रतिनिधिहरुले पनि जनताप्रति जवाफदेही भएर अघि बढ्नुपर्ने खाँचो छ। नत्र जनताले भोग्नुपरिरहेका समस्या अझै भयावह हुने र त्यस्ता समस्याको समाधान अहिलेको संरचनाले गर्छ भन्ने विश्वास हराउँदै जाने निश्चित छ ।

# लोकप्रिय बन्ने होडमा अस्वस्थ प्रतिस्पर्धा



बद्री तिवारी

स्थानीय, प्रादेशिक र संघीय तीनै तहको निर्वाचन छिटपुट घटनाबाहेक अपेक्षाकृत शान्तिपूर्ण तथा स्वतन्त्ररूपमा सम्पन्न गरेर मुलुकलाई राजनीतिक निकास दिएको यश पाइरहेको शेरबहादुर देउवा नेतृत्वको सरकार सत्ता छोड्ने समय नजिकिँदै गर्दा लोकप्रिय बन्ने होडमा गरिएका पछिल्ला निर्णयका कारण यतिखेर बढी नै आलोचित भइरहेको छ। नेपाली कांग्रेसलगायतका सत्तारुढ घटकले निर्वाचनमा अनपेक्षित पराजय व्यहोर्नुपरे पनि नयाँ संविधानको कार्यान्वयन गर्ने क्रममा निर्वाचन सम्पन्न गर्नुलाई सराहनीय पाटोका रूपमा लिइएकै बेला सरकार आलोचित बन्नुपर्ने अवस्था निम्तिनुलाई स्वाभाविक मान्न सकिँदैन।

काम चलाउ हैसियतमा पुगिसकेको वर्तमान सरकारका पछिल्ला गतिविधिले मुलुकमा राज्यशक्तिको दुरूपयोग, राजनीतिक प्रतिशोध र नेतृत्वकर्ताको नैतिकतासँग गाँसिएका सवालहरू टड्कारोरूपमा उठ्न थालेका छन्। खासगरी नीति तथा कार्यक्रम र बजेटमा उल्लेख नगरिएका वृद्धभत्ता लिने उमेर ७० वर्षबाट ६५ वर्षमा घटाइएको, भूकम्प र बाढीपीडितलाई प्रतिपरिवार एक-एक लाख रुपियाँ थपिदिने घोषणा गरिएको, गम्भीर प्रकृतिका रोग लागेका बिरामीलाई प्रतिमहिना ५ हजार रुपियाँ जीवन निर्वाह भत्ता उपलब्ध गराउने र कर्मचारीको स्वैच्छिक अवकाशलगायतका विषयहरूलाई समेटेर गरिएको निर्णय झ्वाट्ट सुन्दा सकारात्मक नै लाग्न सक्छन्, तर त्यसको स्रोत र त्यसबाट पर्न सक्ने दूरगामी असरलगायत पक्षमा कुनै अध्ययन विश्लेषण नै नगरी लोकप्रिय बन्न हचुवाका भरमा सामाजिक सुरक्षाका विषयहरू उठान गर्नुलाई त्यत्ति बुद्धिमतापूर्ण मान्न सकिँदैन। कार्यान्वयन गर्न सक्ने भरपर्दो स्रोत र आधारविना यस्ता निर्णय गरी आमजनतालाई आशावादी तुल्याउने कार्य उनीहरूलाई झुक्याउनुसरह हो भन्दा अत्युक्ति नहोला। यो कार्य सरकारको सस्तो लोकप्रियता हासिल गर्ने दुस्साहस भएको प्रतिपक्षीहरूले दोषारोपण गरिरहेका छन्। निर्वाचनपछि सबैभन्दा ठूलो दल बन्न पुगेको नेकपा एमाले र नेकपा माओवादी केन्द्रका नेताहरूले सरकारमाथि राज्यशक्तिको चरम दुरूपयोग गरेको आरोप लगाएको अवस्था छ।

> आखिर यो सबै आगामी सरकारलाई चुनौती खडा गरिएको मात्र हो। किनकि वर्तमान सरकारले घोषणा गरेको कार्यक्रम आगामी महिना गठन हुने नयाँ सरकारले पूरा गरिदियो भने त्यसको यश पुरानै देउवा सरकारलाई जाने र कार्यान्वयन गरिदिएन भने त्यसको दोष नयाँ सरकारमाथि लाग्नेछ। यसबाट प्रतिपक्षमा बस्ने नेपाली कांग्रेसलगायत दललाई सरकारको आलोचना गर्न ऊर्जा मिल्नेछ।

त्यति मात्र होइन, सरकारले प्रशासनिक, सुरक्षा निकाय र संघसंस्थालगायतमा पनि नयाँ नियुक्ति, बढुवा र सरुवा गरेर दूरगामी असर पार्ने काम गरेको बताइनुले वास्तवमै सस्तो लोकप्रियताकै लागि यस्ता कार्य गरिँदै छ कि भनेर गरिने टिकाटिप्पणीलाई पनि अनौठो नमाने हुन्छ। यद्यपि सरकारले आफ्ना सबै निर्णयलाई संवैधानिक अधिकार प्रयोग गरेर जनताको पक्षमा गरिएको दाबी गर्दै छ। अझ प्रधानमन्त्री देउवा त जनतासामु आफूले गरेका बचनबद्धता पूरा गर्ने क्रममा यी सबै निर्णय गरिएको दाबी गर्दै हुनुहुन्छ।

जनतासँग प्रत्यक्ष सरोकार राख्ने सवालहरूलाई सम्बोधन गर्‍यो भने यश पनि पाइने र आगामी चुनावहरूका लागि जनताको मत सुरक्षित पनि हुने ठानेर लहडबाजीका भरमा यो निर्णय गरिएको हुनसक्छ। विगतका अनुभवलाई हेर्दा नेकपा एमालेका नेता मनमोहन अधिकारीले नेतृत्व गरेको २०५२ सालको नौ महिने सरकारले शुरु गरेको वृद्धभत्ता वितरणकै कारण सो दलले बारम्बार विजय हासिल गरेको मानसिकता पालेर वास्तविकतालाई मनन गर्दा त्यही कार्यक्रमलाई निरन्तरता, वृद्धि र उमेरहद पनि घटाएर सबैको मन जित्न खोजेजस्तो देखियो। तर सर्वसामान्य जनताको बुझाइभन्दा यो धेरै फरक हुनसक्छ। सरकारले निर्वाचन पराजयको अव्यक्त पीडालाई सर्वसामान्य जनताको बुझाइभन्दा फरक अर्थात् प्राय: निश्चितजस्तै अब बन्ने वाम गठबन्धनको सरकारको पाइन हेर्नकै लागि पूरा गर्न नसक्ने खालका कार्यक्रम घोषणा गरेको हुनसक्ने अनुमान धेरैले गरेका छन्। यदि त्यस्तै नै हो भने यो एउटा राजनीतिक प्रतिशोध साँध्ने हतियार मात्रै हुनसक्छ। यसरी एकपछि अर्को राजनीतिक प्रतिशोधको भावना जगाएर एकले अर्काको सेखी झार्ने प्रवृत्तिको विकास भयो भने मुलुकका लागि दुर्भाग्य नै हुनेछ। एकातिर मुलुकमा ठूला-ठूला निर्वाचन सम्पन्न गरिएको वर्ष उसै आर्थिक स्रोतको कमी, अर्कोतर्फ भूकम्पपीडितलाई पनि समयमा रकम उपलब्ध गराउन नसकेर अहिलेसम्म बिचल्लीको अवस्था भोग्नुपरेको वास्तविकतालाई हेर्दा आर्थिक वर्षको उत्तरार्द्धमा कसरी रकम जुटाएर वितरण गर्न सकिएला ? गम्भीर प्रश्न खडा भएको छ।

यही विषयलाई लिएर नेकपा एमालेले त गत बिहीबार एक पत्रकार सम्मेलन नै गरेर सरकारी निर्णय तथा गतिविधिको विरोध मात्रै गरेन, वर्तमान देउवा सरकारमाथि राज्य संयन्त्रको चरम दुरूपयोग गरेको आरोप लगाएको छ। सो दलले कामचलाउ सरकारले नियुक्ति, सरुवा, बढुवा र दूरगामी असर गर्ने निर्णय गरी लोकतन्त्रका आम मूल्य र मर्यादा, अभ्यास र न्यूनतम लोकलाजलाई समेत लत्याएर राष्ट्र र जनताको आधारभूत हितमा दूरगामी आँच आउने गम्भीर प्रकृतिका निर्णयहरू गरेको आरोप लगाएको छ।

सरकारले भर्खरै गरेका निर्णयहरू कार्यान्वयन गर्नका लागि साढे ५ खर्ब रुपियाँभन्दा बढी रकम आवश्यक पर्ने बताइनुले बजेटमा उल्लेख नभएको कार्यक्रम सफल हुने अवस्था देखिँदैन। त्यो रकमको स्रोतको कुनै अत्तोपत्तो छैन। र, राजस्व संकलनसमेत विगतभन्दा घटेको बताइनुले सरकारका निर्णय कार्यान्वयन हुनसक्ने सम्भावना एकदम न्यून देखिन्छ।

अर्को कुरा, यस्ता जनहितकारी कार्यक्रम चालू आर्थिक वर्षको उत्तरार्द्धमा र बजेटमा उल्लेख नै नभएका अवस्थामा ल्याइनाले कार्यान्वयन हुन नसक्ने अर्थ मन्त्रालयकै जिम्मेवार पदाधिकारीहरूले बताएका छन्। मन्त्रालयसँग समन्वय नगरी यस्ता कार्यक्रम ल्याइँदा विगतमा पनि कार्यान्वयन नभएका उदाहरण धेरै भेटिन्छन्। यही सन्दर्भमा एमालेले अब बन्ने नयाँ सरकारले सस्तो लोकप्रियताका लागि ल्याइएका यस्ता कार्यक्रमहरू स्वत: अस्वीकार/खारेज गर्ने बताइसकेको छ। अर्को महत्वपूर्ण कुरा के हो भने, वर्तमान काम चलाउ सरकारले घोषणा गरेका कार्यक्रमहरू संविधानको भावना र मर्मविपरीत रहे काले संविधान पनि उल्लंघन भएको देखिन्छ।

### संविधानले के भन्छ ?

नेपालको संविधान २०७२ को (भाग १०- संघीय आर्थिक कार्यप्रणाली) धारा ११९ले राजस्व र व्ययको अनुमान स्पष्ट पारेको छ :

(१) नेपाल सरकारको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा संघीय संसद्का दुवै सदनको संयुक्त बैठकमा देहायका विषयहरूसमेत खुलाई वार्षिक अनुमान पेस गर्नुपर्नेछ... (क) राजस्वको अनुमान, (ख) संघीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू र (ग) संघीय विनियोजन ऐनबमोजिम व्यय हुने आवश्यक रकमहरू।

(२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेस गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र त्यस्तो खर्चअनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेस गर्नुपर्नेछ।

(३) नेपाल सरकारको अर्थमन्त्रीले उपधारा (१) बमोजिमको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष जेठ महिनाको १५ गते संघीय संसद्मा पेस गर्नेछन्।

उल्लिखित संवैधानिक प्रावधानले सरकारलाई यो कुबेलामा त्यति ठूलो रकमको कार्यक्रम घोषणा गर्ने अधिकार नै दिएको छैन। न त यो संघीय संसद्को दुई सदन भएको बेला हो न बजेट सत्रकै समय, आखिर यो सबै आगामी सरकारलाई चुनौती खडा गरिएको मात्र हो। किनकि वर्तमान सरकारले घोषणा गरेको कार्यक्रम आगामी महिना गठन हुने नयाँ सरकारले पूरा गरिदियो भने त्यसको यश पुरानै देउवा सरकारलाई जाने र कार्यान्वयन गरिदिएन भने त्यसको दोष नयाँ सरकारमाथि लाग्नेछ। यसबाट प्रतिपक्षमा बस्ने नेपाली कांग्रेसलगायत दललाई सरकारको आलोचना गर्न ऊर्जा मिल्नेछ।

यसको अर्थ जनतालाई सुख-सुविधा, भत्ता, स्वास्थ्यलगायत सेवा-सुविधा दिइनुहुँदैन भन्न खोजिएको भने कदापि होइन। सकेसम्म जनतालाई उनीहरूको आवश्यकतामा सहयोगी बनेर सुख-समृद्धिका लागि पनि योगदान दिनुपर्छ। अझ अन्य प्रजातान्त्रिक मुलुकमा प्रचलित व्यवस्था हेरेर सकारात्मक पक्षहरूको अनुसरण गरी हाम्रो देशमा पनि लागू गर्ने जमर्को गर्नु आश्यक छ। किनकि जनताप्रतिको दायित्व पूरा नगर्ने राज्यले आफ्नो हैसियत गुमाउँछ। त्यति हुँदाहुँदै पनि आधार र स्रोतविनाको वितरणमुखी बजेट कुनै पनि मुलुकमा फाप्दैन, मुलुकको अर्थतन्त्र झन्-झन् कमजोर बन्दै जाने सम्भावनालाई भुल्नुहुँदैन। विभिन्न खालका सामाजिक सुरक्षाका नाममा भत्ता रकम उपलब्ध गराउने प्रचलन अन्य विकसित मुलुकमा पनि छ तर त्यसो भन्दैमा निराधाररूपमा हचुवाका भरमा त्यहाँ भत्ता उपलब्ध गराइँदैन। जीवनको ऊर्जाशील समयमा कुनै पनि पेसा व्यवसायसँग सम्बद्ध रहँदा, सेवाकालीन अवधिमा रहँदा निश्चित प्रतिशत रकम कर वा सुरक्षित कोषकट्टी गरी वृद्धावस्थामा उपलब्ध गराउनाले नागरिकको जीवन सहज बन्न सक्छ। अमेरिका, अस्ट्रेलिया र युरोपेली मुलुकहरूमा पनि त्यस्तै व्यवस्था रहेको बताइन्छ। त्यसैले नेपालमा पनि राज्यले सक्नेहरूलाई योगदान दिन लगाउने र नसक्नेहरूलाई राज्यले व्यवस्था गरिदिने परिपाटीको निर्माण गर्नु आवश्यक छ। यसका लागि अस्वस्थ प्रतिस्पर्धा होइन कि विशेष नीति, योजना तथा कार्यक्रम निर्माण गर्नु आवश्यक छ। प्रतिशोध होइन, स्वस्थ प्रतिस्पर्धाको खाँचो छ। अनि मात्र राष्ट्र र जनतालाई समृद्धशाली बनाउन सकिन्छ।

badript@gmail.com

# शहीदको सम्मानार्थ सच्चा शहीदको खोजी



खेमराज निरौला

देश र जनताको मुक्ति र अधिकारका लागि जीवन बलिदान गर्ने शहीदहरूप्रति सम्मान गर्दै देशैभर माघ १० गतेदेखि १६ गतेसम्म शहीद सप्ताह मनाइँदै छ। नेपाली जनतालाई अधिकारसम्पन्न नागरिक बनाउँदै जहाँनिया राणाशासन, निरंकुश पञ्चायती व्यवस्था एवं त्यसपछाडिका विभिन्न अधिकार प्राप्तिका आन्दोलन एवं लोकतान्त्रिक जनआन्दोलनहरूमा प्राण आहुति गरेका वीर सपुतहरूको योगदानलाई सम्झँदै वि.सं २०१२ देखि प्रत्येक वर्ष शहीद दिवस मनाइँदै आएको छ। उक्त दिन शहीदहरूले गरेको बलिदानीलाई स्मरण गर्दछौं। शहीद त्यस्तो मान्छे हो जसले मुलुक र जनताको मुक्ति र स्वतन्त्रताका लागि आफ्नो प्राण आहुति गर्न पनि पछि पर्दैन। जीवन रोज्छौ कि मृत्यु भनी तत्कालीन राणशासकहरूले दुईमध्ये एक रोज्न दिएको चुनौतीमध्ये आफ्नो मूल्य, मान्यता, देश र जनताको मुक्तिका लागि सहर्ष मृत्यु रोज्ने महान् सपुत नै वास्तवमा शहीद कहलिए। यसको अर्थ के पनि हुन्छ भने, बाटोमा हिँड्ने बटुवा अथवा घरको कौशीबाट रमिता हेरिरहेको बेला गोली लागी सहादतप्राप्त व्यक्ति शहीदको सूचीमा आउन सक्दैन। यस्ता प्रकृतिका घटनाले त वास्तविक शहीदको अपमान हुन पुग्छ। तर विडम्बना, हाम्रो मुलुकमा त्यसरी मृत्यु भएका वा जबरजस्त आन्दोलनमा उतारेर मृत्यु भएकालाई समेत शहीद र त्यसका नाममा राजनीतिक व्यापार गर्ने कुसंस्कार हाबी हुँदै गएको छ। आज हजारौं मान्छेलाई शहीदको दर्ज्यानी प्रदान गरेर दशौं लाख रकम राज्यको ढुकुटीबाट बाँडिएको छ। के यही हो सच्चा शहीदको सम्मान ? के शहीदले आफ्नो बलिदानी निश्चित रकम भुक्तानीका लागि दिएको हुन्छ ? तर सच्चा शहीदले कहिल्यै पनि निश्चित ज्याला प्राप्तिका लागि अधिकारका आन्दोलनमा होमिएको हुँदैन। मुलुकलाई समृद्धितर्फ डोर्‍याउने सपना बोकेर लडाइँमा होमिएको हुन्छ। तर वर्तमान समयमा शहीदले देखाएको बाटो बिर्सिएर राजनीतिको बागडोर सम्हालेका राजनीतिक दलहरू कुबाटोतिर लागेका छन्। शहीदको सपनामाथि प्रहार गर्दै हिँड्न थालेका छन्। उनीहरूको सुन्दर सपनामाथि राजनीति गर्दै मुलुकलाई बन्धक बनाइरहेका छन्।

शहीद दिवसलाई औपचारिकतामा मात्रै सीमित गरिन थालिएको छ। तर अहिले यस्तो विडम्बना छ कि राज्यले धमाधम मूल्यसमेत तोकेर शहीदको पगरी भिराइदिने राजनीतिक कुसंस्कार बढेको छ। निरङ्कुशताको जन्जिरले मातृभूमिमाथि रजाइँ गरिरहेको बेला मुलुक र मुलुकवासीलाई स्वतन्त्रता दिलाउनु अपरिहार्य थियो। एकतन्त्रीय जहानियाँ शासनको अन्त्यका लागि प्राणको बाजी थापेर हाम्रा अग्रजहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। त्यसैको परिणामस्वरूप आज हामी नेपालीहरू प्रजातान्त्रिक हुँदै गणतान्त्रिक मुलुकका नागरिकको रूपमा गर्वको महसुस गरिरहेका छौं। मुक्ति र स्वतन्त्रताका खातिर बलिदान गर्नेहरूको प्रयासले अन्तत: सफलता पाइछाड्यो। प्रजातन्त्र र स्वतन्त्रताका लागि लडेका योद्धाहरूका लागि मृत्यु सामान्य हुन्छ। तत्कालीन राणाशासनको समयमा प्रजातन्त्र र स्वतन्त्रताको कुरा गर्नु भनेको गाथगादी ताकेजस्तै हुन्थ्यो। त्यसैले प्रजातन्त्र र स्वतन्त्रताको पक्षमा आवाज उठाउने चारजना अगुवाहरू दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठलाई राणाशासकहरूले गाथगादी ताकेको आरोपमा वि.सं. १९९७ को माघ महिनामा मृत्युदण्ड दिए। यसले जनतामा झन् आक्रोश बढायो र सशक्त आन्दोलन गर्ने साहस जनतामा थपिदियो। फलस्वरूप १०४ वर्षसम्मको जहानिया शासन ढलिछाड्यो।

वि.सं. १९९० को दशकमा विश्व राजनीतिमा परिवर्तनका लहरहरू देखा पर्न थालेका थिए। छिमेकी राष्ट्र भारतमा 'स्वतन्त्रता संग्राम'को प्रभाव पनि नेपाली राजनीतिमा परेको थियो। यसबाट नेपालमा विद्रोहको स्वर उठ्नु पनि स्वाभाविक थियो र भयो पनि त्यस्तै। जनताको स्वतन्त्रताप्रतिको तीव्र चाहनालाई तत्कालीन श्री ५ त्रिभुवनको अग्रसरताले पनि बढी ऊर्जा थपेको थियो। त्यसैले राजा र प्रजा दुवैको संयुक्त प्रयासले जहानिया शासनलाई धराशायी बनाउन सफल भए। सशंकित राणाहरूले सुब्बा कृष्णलाल अधिकारीलाई 'मकैको खेती' नामक पुस्तक लेखेको आरोपमा शब्दको गलत अर्थ लागाएर जेलमा नै सडाएर मारेका थिए। वास्तवमा उक्त पुस्तक परम्परागत खेती प्रणालीबाट कसरी आधुनिक प्रणालीतर्फ आउने भन्ने बारेमा थियो। यसरी कैयौं निर्भिक योद्धाहरूको बलिदानीबाट मुलुकमा प्रजातन्त्र स्थापना भैछाड्यो। जहानिया शासनका अगाडि शुक्रराजहरू कहिल्यै झुकेनन्। क्रूरता र अत्यचारसँग उनीहरूले कहिल्यै सम्झौता गरेनन्। कृष्णलाल, भीमदत्त, भीमनारायण, दुर्गानन्द झा र यज्ञबहादुरहरूले कहिल्यै जीवनको भिख मागेनन्। रत्नकुमार वान्तवा, रामलक्ष्मण, दिवानसिंह, सरोज, रामनाथ र लीलाहरूले कहिल्यै दयाको भिख मागेनन्। यसरी प्रथम शहीद लखन थापादेखि अहिलेसम्म शहीद हुने क्रम रोकिएको छैन। शहीदका सहस्र अनुहार देखिएका छन्। तर अर्थहीन र अर्काको बहकाउमा बगेको रगतलाई राष्ट्रले के भनेर सम्बोधन गर्ने ? शहीदहरूले एउटा निश्चित लक्ष्य प्राप्तिका लागि रगत बगाएका हुन्छन् तर आपसी खिचातानी र निहित स्वार्थले गर्दा सच्चा शहीदहरूले बागाएको रगतको अवमूल्यन भैरहेको छ।

## सन्दर्भ : शहीद दिवस

> जीवन रोज्छौ कि मृत्यु भनी तत्कालीन राणशासकहरुले दुईमध्ये एक रोज्न दिएको चुनौतीमध्ये आफ्नो मूल्य, मान्यता, देश र जनताको मुक्तिका लागि सहर्ष मृत्यु रोज्ने महान् सपुत नै वास्तवमा शहीद कहलिए। यसको अर्थ के पनि हुन्छ भने, बाटोमा हिँड्ने बटुवा अथवा घरको कौशीबाट रमिता हेरिरहेको बेला गोली लागी सहादतप्राप्त व्यक्ति शहीदको सूचीमा आउन सक्दैन।

राज्यले राजनीतिक दलको दबाबका भरमा अहिले एकपछि अर्को गर्दै शहीद घोषणा गर्दै जाँदा सच्चा शहीदको मानमर्दन भएको छ। आजभोलि जो-कोहीले हाम्रा शहीदहरू कति छन् भनेर यकिनसाथ भन्न नसक्ने अवस्था छ। शहीदको परिभाषा के हो भन्ने नै टुंगो छैन अहिले। शहीदका मापदण्ड के हुन् ? कस्तो मृत्युवरणले एउटा मानिस शहीद कहलाउँछ ? हुलदंगा, तोडफोड, आगजनी र दोहोरो भिडन्तमा मारिनेहरू शहीद हुन् कि होइनन् ? देशको सुरक्षामा तल्लीन सेना, प्रहरीका जवानहरू सिमानामा मारिएका उनीहरूलाई के भन्ने ? कुनै राजनीतिक दल विशेषको झन्डा बोकेर मुठभेडमा मारिएको व्यक्तिलाई के भन्ने ? आज देशका सच्चा शहीद को हुन् भनेर खोज्नुपर्ने विडम्बना सृजना भएको छ। सरकारले पनि माघ १६ लाई औपचारिकतामा मात्रै सीमित राखेको देखिन्छ। आज शहीद गेटका चार दिशामा राखिएका शहीदका अर्धकदका शालिकहरू खुशी देखिँदैनन्। उनीहरूका परिवार आज उपेक्षित र अपहेलित भएका छन्। शहीदले देखाएको बाटोमा हाम्रो राजनीति हिँडेको भए जनताको मुहारमा हाँसो र खुशीको उमंग देख्न सकिन्थ्यो। तर नेताहरूको बोली र व्यवहार देख्दा यस्तो लाग्छ कि शहीदका सपनामा आज कुठाराघात भएको छ। शहीदले कहिल्यै पनि आफ्नो व्यक्तिगत स्वार्थका लागि लडेको हुँदैन। उसले देखेको सपना सारा नेपालीको साझा सपना हो। तर विडम्बना आजसम्म आइपुग्दा शहीदको सपनाको मर्मसमेत भुलेर शहीद दिवस केवल औपचारिकतामा मात्र सीमित बनेको छ। जसलाई आफ्नो अधुरो सपना पूरा गर्ने जिम्मेवारी दिएर शहीदहरू बिदा भए तिनीहरू नै आज मुलुकका सबैभन्दा धनाढ्य र शक्तिशाली भएका छन्। शहीदको बलिदानीबाट प्राप्त स्वतन्त्रताको रथ हाँक्ने जिम्मा पाएका शासकहरू व्यक्तिगत स्वार्थ र सत्ताकेन्द्रित राजनीतिमा लिप्त भैदिँदा शहीदका सपना मूर्च्छित बन्न पुगेका छन्। मूर्च्छित सपनालाई सार्थक बनाउन सबैले व्यर्थको तर्क-वितर्क छोडेर सहमति र सहकार्यको संस्कारलाई आत्मसात् गर्नुपर्दछ।

शहीदको सपना साकार पार्ने हो भने बाँच्नेहरूले उनीहरूको रगतको मूल्य र महत्वलाई मनन गर्नुपर्दछ। उनीहरूको विचार र भावनालाई मर्न दिनुहुँदैन। मुख्य कुरा, आज जो पनि शहीद, जसलाई पनि शहीद घोषणा गर्नुपर्ने, सूचीकृत गर्नुपर्ने र त्यसबापत क्षतिपूर्ति पाउनुपर्ने कुसंस्कार हाबी भएको छ। शहीदको जीवनको मूल्य र उसले गरेको त्याग र बलिदान केका लागि थियो भन्ने प्रश्न अहिले नेपाली राजनीतिका खेलाडीहरूले बुझ्नु जरुरी छ। किनभने आज एकातर्फ देशमा शहीदका अनुहारहरू थपिएका थपियै छन् भने उनीहरूले पाउने इज्जत र सम्मान भने दिन-प्रतिदिन घट्दो छ। त्यसो भए के राष्ट्र, समाज वा निश्चित विचारका लागि शहीद हुनुको कुनै अर्थ छैन त ? अहिले नेपालमा राजनीतिले व्यावसायिक रूप लिइसकेको छ। नेताहरूले राजनीतिलाई जनताको सेवामा भन्दा पनि आफ्नो गरिखाने माध्यमको रूपमा लिएका छन्। त्यस्तै सत्ता र शक्तिका आडमा करोडौं कुम्ल्याउन, अनेक बहानामा अधिक आर्थिक लाभ लिने कुसंस्कारले गर्दा नेपालमा शहीद र बेपत्ताका नाममा ठगी गर्नेहरूको लर्को छ। तर कहिलेसम्म यस्तो गरिरहने ? शहीदहरूले हामी र हामीपछिका पुस्तालाई दिएर गएको स्वतन्त्रता र त्यही स्वतन्त्रताको जगमा टेकेर प्राप्त गरेको लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै नयाँ नेपाल निर्माणमा हामी सबैले आफ्ना ठाउँबाट आफ्नो जिम्मेवारीलाई निर्वाह गर्न सक्यौं भने मात्र शहीदहरूप्रति सच्चा सम्मान हुनेछ।

हाल बोर्डको प्रदेश नम्बर ६ को सुर्खेतबाहेक सबै प्रदेशमा कार्यालय रहेका छन्। बोर्डको हेटौंडा, काठमाडौं, जनकपुर, विराटनगर, पोखरा, बुटवल र धनगढीमा कार्यालय रहेका छन्।

# प्रदेश कार्यालय खोल्न माग

काठमाडौं, (नेस)

राष्ट्रिय परीक्षा बोर्डले ७ वटै प्रदेशको राजधानीमा प्रदेश कार्यालय खोल्न शिक्षा मन्त्रालयसँग स्वीकृति माग गरेको छ। बोर्डले सरकारले प्रदेश राजधानी तोकेको सबै जिल्लामा प्रदेश कार्यालय राख्ने भएको हो। बोर्डका अध्यक्ष प्राडा. चन्द्रमणि पौडेलले हेटौंडा, विराटनगर, जनकपुर, पोखरा र बुटवल ,धनगढी र सुर्खेतमा प्रदेश कार्यालय राख्ने गरी तयारी भइरहेको जानकारी दिनुभयो।

बोर्डले १० दिनअघि प्रदेश कार्यालय स्थापना गर्न स्वीकृत माग गर्दै मन्त्रालयमा पत्र पठाएको थियो। मन्त्रालयको निर्णय आउना साथ बोर्डले प्रदेश कार्यालय सञ्चालन गर्ने बताउनुभयो। हाल बोर्डको प्रदेश नम्बर ६ को सुर्खेतबाहेक सबै प्रदेशमा कार्यालय रहेका छन्। बोर्डको हेटौंडा, काठमाडौं, जनकपुर, विराटनगर, पोखरा, बुटवल र धनगढीमा कार्यालय रहेका छन्। सबै कार्यालयलाई प्रदेश कार्यालयमा परिणत गर्ने गरी काम शुरू भइरहेको अध्यक्ष प्राडा. पौडेलले बताउनुभयो।

# पूर्वराजा उडिसा जाने

काठमाडौं, (नेस)

पूर्वराजा ज्ञानेन्द्र शाह यही माघ २२ गते भारतको उडिसा जाने हुनुभएको छ। उडिसा राज्यको गोवर्द्धनम् पुरी पीठका १ सय ४५औं जगद्गुरु शंकराचार्यको पट्टा भिषेक समारोहमा सहभागी हुन उहाँ भारत जान लाग्नुभएको हो। यस अघि उत्तरप्रदेशका मुख्य मन्त्री योगी आदित्यनाथको निमन्त्रणामा लखनउ जानुभएको थियो। करिब १ महिना अवधिको यो दोस्रो भारत भ्रमण हो। उहाँ करिब १ साता उडिसा राज्यमा बस्ने कार्यक्रम रहेको छ। उडिसा भ्रमणको बारेमा हिजो प्रेस विज्ञप्ति जारी गरिएको थियो।

# जनताका प्रतिबद्धता पूरा गरिने

काठमाडौं, (नेस)

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वाम गठबन्धनले जनताका अगाडि गरेका प्रतिबद्धता पूरा गर्ने बताउनुभएको छ। उहाँले देशलाई राजनीति स्थायित्व, सुशासन र समृद्धितर्फको यात्रामा वाम गठबन्धनले अगाडि बढाउने बताउनुभएको हो। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको क्रममा वाम गठबन्धनका तर्फबाट गरिएका प्रतिबद्धता पूर्णरूपमा लागू गरेरै छाडिने बाटोमा आफूहरू अगाडि बढेको प्रचण्डले बताउनुभयो। प्रेस सेन्टर नेपालको १४औं स्थापना दिवसका अवसरमा सोमबार आयोजित कार्यक्रममा कुनै पनि प्रकारको अवरोधलाई चिरेर पार्टी एकता सफल हुने दाबी गर्नुभयो। देशलाई अराजकतातर्फ लैजाने प्रयास भइरहेको भन्दै प्रचण्डले भन्नुभयो- 'मुलुकलाई अराजकतामा धकेल्न खोज्ने प्रयासलाई असफल बनाएर अगाडि बढ्छौं।'

# 'शहीद घोषणा गर्न दबाब दिनु अनुचित'

नेपाल समाचारपत्र

काठमाडौं

काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले कसैलाई शहीद घोषणा गर्न राजनीतिक कार्यकर्ताले दबाब सृजना गर्नु अनुचित भएको बताउनुभएको छ। शहीद दशरथ चन्द र धर्मभक्त माथेमाले अमरत्व प्राप्त गर्नुभएको काठमाडौंको शोभा भगवती मन्दिरनजिक विष्णुमती नदी किनारामा सम्पन्न श्रद्धाञ्जली सभामा बोल्दै मेयर शाक्यले यस्तो धारणा राख्नुभएको हो।

श्रद्धाञ्जली सभामा बोल्दै समितिकी उप-संयोजक एवं महानगरकी उपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठले विकासमा नेतृत्व गरेर शहीदको सपना पूरा गर्नुपर्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो- 'शहीदले नागरिक जीवनको समुन्नतिको सपना देख्नुभएको थियो। त्यो सपना पूरा गर्न अब सामाजिक, आर्थिक विकास गर्नुपर्‍यो। काठमाडौं महानगरले यसको नेतृत्व गर्नुपर्छ।'

सभामा महानगरको वडा नं. १५ का वडाध्यक्ष ईश्वरमान डंगालले शहीदको सपना पूरा गराउन विद्यमान सोच परिवर्तन गर्नुपर्ने खाँचो रहेको बताउनुभयो। विकृत सोचले समस्या सृजना भएका छन्। अब सामूहिक हितका लागि सोच राख्नुपर्छ। यसबाट प्राप्त परिणामले शहीदको सपनामा योगदान उहाँले भन्नुभयो। शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न कार्यपालिका सदस्यहरू, जनप्रतिनिधिहरू, महानगरका अधिकारीहरूसँगै स्थानीयबासी सहभागी हुनुभएको थियो।

राणा शासनको विरुद्धमा काम गरेको र जनतालाई प्रजातन्त्रका लागि उक्साएको आरोपमा १९९७ साल माघ १५ गते दशरथ चन्द र गंगालाल श्रेष्ठलाई विष्णुमती नदी किनारा शोभा भगवती क्षेत्रमा मृत्युदण्ड दिइएको थियो। उहाँहरूलाई ज्यानदण्ड दिइएको स्थानमा शहीद स्मारक स्तम्भ र शालिक राखिएका छन्। शहीद स्तम्भ तत्कालीन काठमाडौं नगरपञ्चायतले २०३६ साल माघ १५ गते शिलान्यास गरी २०३७ साल माघ १७ गते अनावरण गरिएको थियो। चिंकमुगल बस्ने प्रचण्डलाल श्रेष्ठले २०५८ साल माघ १५ गते सप्ताह लगाएर प्राण प्रतिष्ठा गरी शालिक स्थापना गराउनुभएको थियो।

# एपीएफ टोलीको बिदाइ



काठमाडौं, (नेस)

संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ युनाइटेड नेसन्स मिसन इन साउथ सुडानमा फर्म्ड पुलिस युनिट (एफपीयु) को रूपमा खटिएको सशस्त्र प्रहरी बल नेपालको १ सय ८१ सदस्यीय एपीएफ टोलीको बिदाइ गरिएको छ।

सोमबार आयोजित एक समारोहका बीच सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठले सो टोलीलाई शुभकामनासहित बिदाइ गर्नुभयो।

बिदाइ समारोहलाई सम्बोधन गर्दै सशस्त्र प्रहरी महानिरीक्षक श्रेष्ठले सशस्त्र प्रहरी बलको बर्दीमा नेपालको प्रतिनिधिका रूपमा शान्ति स्थापनार्थ परदेश सेवामा रहँदा संयुक्त राष्ट्रसंघको म्यान्डेट र प्राप्त कार्यादेशबमोजिमको जिम्मेवारीलाई पूरा गर्ने सिलसिलामा अनुशासित एवं बफादार भई व्यावसायिक कार्यकुशलताको उत्कृष्ट नमुना प्रदर्शन गर्न निर्देशन दिनुभयो।

उहाँले यूएन मिसनलाई अवसरका रूपमा लिएर अझै बढी संवेदनशील एवं नि:स्वार्थ भावनाका साथ दायित्व निर्वाहमा क्रियाशील रहनुपर्ने बताउँदै शान्ति मिसनमा सहभागी विभिन्न देशका सुरक्षा अधिकारी तथा अन्य सम्बन्धित पक्षसँग आवश्यक समन्वय एवं सहकार्य गर्दै आपसी सहयोग, सदभाव र सामूहिक एकताका साथ सधैं चेन अफ कमान्डमा रहेर कार्य गर्न निर्देशनसमेत दिनुभयो। श्रेष्ठले भन्नुभयो- 'संगठनले तपाईंहरूलाई शान्ति मिसनमा जाने वातावरण बनाएको छ, आगामी दिनमा तपाईंहरू अहिलेको भन्दा पनि बढी जिम्मेवार, कर्तव्यनिष्ठ, बफादार एवं संगठनप्रति कृतज्ञ रहनुपर्छ।'

सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक हरिशंकर बुढाथोकीको कमान्डमा एकवर्षे कार्यकालका लागि अनमिस मिसन साउथ सुडानमा खटिएको सो टोलीमा अधिकृत, बिल्लादार तथा जवान गरी कुल १ सय ८१ जना रहेका छन्। कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू प्रेमकुमार शाही, प्रकाश ओझा, शैलेन्द्र खनाल, नारायणबाबु थापा र रामशरण पौडेलगायत सशस्त्र प्रहरी बलका वरिष्ठ अधिकृतहरूको उपस्थिति रहेको थियो।

# राजपा सरकारमा नजाने

भक्तपुर, (नेस)

राष्ट्रिय जनता पार्टी नेपालका नेता राजेन्द्र महतोले राजपा वाम गठनबन्धनसँग सरकारमा नजाने बताउनुभएको छ। रफत् सञ्चार क्लबमा आज आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै अध्यक्ष महतोले एमालेले संविधान संशोधनका विषयमा सकारात्मक धारणा सार्वजनिक नगरी संविधान संशोधनमा बाधा पुर्‍याएको बताउनुभयो।

एमाले हिजो पनि संविधान संशोधनका विपक्षमा रहेको थियो आज पनि छ भन्दै उहाँले राजपा एमालेका विरुद्ध फेरि आन्दोलनमा चेतावनीसमेत दिनुभयो। उहाँले भन्नुभयो- 'यदि संविधान संशोधन नभएर हामी जुनसुकै खालको कदम चाल्न बाध्य हुनेछौं।' अध्यक्ष महतोले २ नम्बर प्रदेशमा जनताले राजपा र फोरम लोकतान्त्रिक पार्टीलाई सरकार बनाउने म्यान्डेट दिएकाले यहाँ २ पार्टीको सहमतिमा सरकार निर्माण हुने बताउनुभयो।

नेपाल भारतबीच अहिले सीमा विवाद नभएको बताउँदै नेपाली सञ्चार माध्यमले उचालेको भरमा नेपाली सीमा भारतले मिचेको भन्न नमिल्ने बताउनुभयो। यदि सीमासम्बन्धी विवाद भए २ देशका सरकारबीच कूटनीतिक सहमति र छलफलका माध्यमबाट मिलाउन सकिनेमा उहाँले जोड दिनुभयो। कार्यक्रममा बोल्दै उहाँले नेपालका नेताहरूले खोक्रो राष्ट्रवादका हिसाबले भारतलाई गाली मात्रै गर्ने होइन २ देशबीचको आपसी सम्बन्धलाई पनि सुधार गर्न सक्नुपर्नेमा उहाँले जोड दिनुभयो। नेता महतोले भारतीय दूतावासमा अन्य राजनीतिक दलका नेताहरू पटक-पटक पुग्दा कुनै विषय नउठे पनि हामी पुग्दा भारतवादी आरोप लगाउने काम गलत भएको टिप्पणी गर्नुभयो।

अहिलेसम्म सरकारमा पुगेका ठूला भन्ने दलहरूले देश र जनताका विषयमा केही गर्न नसकेको उहाँले आरोप लगाउनुभयो। नेपालमा छिमेकी देशसँगको सम्बन्धका बारे दल र व्यक्तिपिच्छे नीति होइन राष्ट्रिय नीति निर्माण हुनुपर्ने उहाँको भनाइ छ।

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : लाभ, मान-सम्मान, पढाइमा सफलता, पदोन्नतिको सम्भावना।
**वृष** : धनलाभ, सुख-सन्तोष, पराक्रम वृद्धि, मानसिक प्रसन्नता।
**मिथुन** : अन्नलाभ, व्यापारिक सफलता, उपहारादि वस्तु प्राप्ति।
**कर्कट** : व्यर्थमा धन र समयको खर्च, चोटपटकको भय, कार्यबाधा।
**सिंह** : उत्तम भोजन प्राप्ति, द्रव्यलाभ, पारिवारिक सुख, खाद्यान्न प्राप्ति।
**कन्या** : सुख-सन्तोष, रोगव्याधि हरण, स्वस्थताको अनुभूति, कार्यसिद्धि।
**तुला** : राजनीतिक सफलता, राज्य-सुख, लाभदायक यात्राको सम्भावना।
**वृश्चिक** : रोगव्याधिको भय, आँटेको काम अधुरो, अनुपलब्धिमूलक खर्च।
**धनु** : धनलाभ, मान-सम्मान, इज्जत-प्रतिष्ठा वृद्धि, समस्या समाधान।
**मकर** : लाभ, प्रतिस्पर्धीमाथि विजय, परीक्षा प्रतियोगितामा सफलता।
**कुम्भ** : काममा सफलता, स्वास्थ्यलाभ, तनाव मुक्ति, खुशीको अनुभूति।
**मीन** : पेटको समस्या, दिनचर्या अस्तव्यस्त, निरर्थक घुमफिर, विवाद।

**टोखा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मैजुहिटी काठमाडौं**
**३ नं प्रदेश, नेपाल**

**सूचना प्रविधि अधिकृत (IT Office) भर्ना सम्बन्धी पुनः सूचना प्रकाशन सम्बन्धी टोखा नगरपालिकाको, ७ दिने सूचना**

**मिति २०७४।१०।१६ (दोस्रो पटक प्रकाशित)**

यस कार्यालयबाट सूचना प्रविधि अधिकृत पदका लागि नेपाल समाचार दैनिक पत्रिकामा मिति २०७४।०९।१९ गते १५ दिनें दरखास्त आह्वानको सूचना प्रकाशित गरिएकोमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय LGCDP को च.नं. २०७ मिति २०७४।१०।०३ को पत्रानुसार मान्यता प्राप्त शिक्षण संस्थाबाट BE.Electronics and Communication तथा BTech Electronics and Communication Engineering सम्बन्धी शैक्षिक योग्यता भएका उम्मेदवारहरुले समेत दरखास्त दिन भनि लेखि आएको हुँदा यस अघिको प्रकाशित सूचना अनुसार पर्न आएका दरखास्तहरु यथावत राखी पुनःदेहाय बमोजिमको अधिनमा रही सूचना प्रविधि अधिकृत (IT Officer) सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले इच्छुक उम्मेदवारले यस नगर कार्यपालिकाको कार्यालयमा रितपूर्वक दरखास्त दिनु हुन पुनः ७ दिनें सूचना प्रकाशन गरिएको छ ।

१) आवेदन दिने अन्तिम मिति : यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यलय समय भित्र ।
२) शैक्षिक योग्यता : लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत" पदको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Infomaton and Communications Technologics वा सो सरह को विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIF, Bed.ICT, Bsc.IT, Bsc,CSIT, BE.Electronics and Communication, B.Tech Electronics and Communication Engineering ) को उपाधि हासिल गरेको । साथै उमेरको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।
३) संलग्न गर्नुपर्ने कागजातहरु : व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्य अनुभव भए कार्य अनुभवका प्रमाणपत्रहरुको स्वयंबाट प्रमाणित प्रतिलिपी ।
४) आवेदन शुल्क : रु. १०००।- (एक हजार रुपैया मात्र)
५) करार अवधि : २०७५ असार मसान्तसम्म ।
६) थप जानकारीका लागि सम्पर्क नं.९८४१५४४९८७ इमेल ठेगाना : hellotokha@gmail.com

प्रमुख प्रशासकीय अधिकृत

**नेपाल सरकार**
**सिंचाइ मन्त्रालय**
**जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग**
**जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं.२१, जुम्ला ।**

**प्राविधिक प्रस्ताव सम्वन्धि आशयको सूचना**

**प्रकाशित मिति २०७४।१०।१६**

यस डिभिजन कार्यालयको मिति २०७४।०९।०३ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा आव्हान भएको TRTW-01-074/075 र KRTW-01-074/075 को वोलपत्र आव्हान सम्वन्धि सूचना अनुसार पर्न आएको E-biddig हरुको प्राविधिक प्रस्ताव मूल्यांकन हुदां तपसिल वमोजिमका फर्महरु सारभुतरुपमा प्रभावग्राही देखिएको र उक्त फर्महरुको मिति २०७४।१०।२३ गते दिउसो १ बजे आर्थिक प्रस्ताव खोलीने व्यहोरा जानकारी गराइन्छ ।

**तपसील :**

**Contract No:TRTW-01/2074/075**

| सि.नं. | बोलपत्रदाता नाम |
|---|---|
| 1. | Gajurmukhi Nirman Company Pvt.Ltd. |
| 2. | Galwa/Amit JV |
| 3. | Koshi & Neupane Nirman Sewa Pvt.Ltd. |
| 4. | Surya Construction Firm Private Limited |
| 5. | M.K./Swar J.V.Dhangadhi,Kailali |

**Contract No.KRTW-01/2074/075**

| सि.नं. | बोलपत्रदाता नाम |
|---|---|
| 1. | Gajurmukhi Nirman Company Pvt.Ltd. |
| 2. | Galwa/Amit JV |
| 3. | Surya Construction Firm Private Limited |

डिभिजन प्रमुख

# नेपाल

पसल पछाडीको ढोका फोडेर सामान चोरी गरी भाग्दै गरेको अवस्थामा प्रहरीले समातेको जवेगुले बताए। पक्राउ परेका चारै जनालाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय झापा पठाइसकेको जनाइएको छ।

## पानीको धारा बनाउँदै सेना

सरिता चलाउने, सल्यान




भगवतीप्रसाद गुल्म सल्यानले जिल्लाको बागचौर नगरपालिका-१० को दुवेरीचौरमा खानेपानी धारा तथा ट्यांकी निर्माण गरेको छ। लामो समयसम्म खानेपानीको अभावमा रहेका दुवेरीचौरका स्थानीयवासी नेपाली सेनाले धारा तथा ट्यांकी निर्माण गरिदिएपछि हर्षित भएको भगवतीप्रसाद गुल्मका गुल्मपति विदुर अधिकारीले जानकारी दिनुभएको छ।

उक्त खानेपानी आयोजनाबाट वल्लेटोलका १९ घरधुरी तथा १६ क्षेत्री ३ दलित गरी करिब १ सय जना व्यक्ति प्रत्यक्ष लाभान्वित भएका छन् भने आसपासका करिब २ सय व्यक्ति अप्रत्यक्षरूपमा लाभान्वित भएको गुल्मपति अधिकारीले बताउनुभयो। सल्यानमा नेपाली सेनाले जिल्लाका जनताको मनमष्तिक जित्न तथा स्थानीय जनतासँग सम्बन्ध प्रगाढ बनाउँदै लैजानका लागि विभिन्न कार्यक्र सञ्चालन गर्दै आइरहेको छ।

बागचौर नगरपालिकाको सहकार्य, जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सल्यानको प्राविधिक सहयोगमा र भगवतीप्रसाद गुल्मको फौज तथा स्थानीय बासिन्दाको जनश्रमदानमा दुवेरीचौरको बल्लेटोलमा खानेपानीका धारा निर्माण गरेको हो।

विगत केही वर्षदेखि पानीको समस्या भोग्दै आइरहेका दुवेरीचौर बल्लेटोलका स्थानीय बासिन्दाले पटक-पटक खानेपानीका धारा निर्माणका लागि योजना माग गर्दा नेपाली सेनाको १ लाख ५० हजार, बागचौर नगरपालिका कार्यालयको १ लाख, भगवतीप्रसाद गुल्मको ५० हजार र बागचौर नगरपालिका वडा नम्बर १० दुवेरीचौरको २ लाख ४७ हजार ९ सय ७६ गरी १० लाख ४७ हजार ९ सय ७६ रुपियाँ लागतमा खानेपानीका धारा निर्माण भएको हो।

२०७४ साल पुस १६ गतेबाट उक्त खानेपानी आयोजना निर्माण शुरु गरिएको थियो। आयोजना निर्माणका लागि उप सेनानी शंकर डंगोलको कमान्डमा सेमु फौज साल पुस १६ बाट खटिएको थियो। २९ दिनमा काम सम्पन्न गरेर उक्त खानेपानी योजनाको सोमबार एक कार्यक्रमका बीच उद्घाटन गरिएको छ। उत्तर पश्चिम पृतनका सहचिफ अफ स्टाफ महासेनानी श्यामकुमार खडा र बागचौर नगरपालिकाका मेयर लोकमान बुढाथोकीबाट संयुक्तरूपमा उद्घाटन गरी स्थानीय उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको छ।

## सडक सीमाभित्र दर्जनौं बजार

राम धामी, डडेल्धुरा

प्रदेश नं. ७ का ७ ओटा पहाडी जिल्ला जोड्ने विभिन्न राजमार्गका सडक सीमाभित्र दर्जनौं बजार स्थापित भएका छन्। सडक सीमानामा रहेका प्राचीन बजारहरूका साथै नयाँ बजार स्थापना गर्ने होडबाजी चल्न थालेपछि सडक सीमाना साघुरिँदै गएको छ।

कैलालीदेखि डडेल्धुरा जोड्ने भीमदत्त राजमार्गको सडक सीमाभित्र मात्रै एक दर्जन बढी बजार रहेको डिभिजन सडक कार्यालय कुलपाते, दिपायलले जनाएको छ। 'डडेल्धुरा सदरमुकामदेखि कैलालीसम्म भीमदत्त राजमार्ग आसपासका सबै बजार सडक सीमानामा पर्छन्', डिभिजन सडक कार्यालय कुलपाते, दिपायलका इन्जिनियर महानन्द जोशीले भने- 'भीमदत्त राजमार्गमा सडकको केन्द्रविन्दुदेखि दायाँ-बायाँ २५/२५ मिटर सडक क्षेत्र रहेको छ।'

डडेल्धुरा सदरमुकाम बागबजारदेखि तुफाँनडाँडा बजार, स्याउले, भात्काँडा, साहुखर्क, मेलखर्क, गैरा, बुडर, फल्टुडेलगायतका स्थानीय बजारका अधिकांश घर सडक क्षेत्रमा पर्ने डिभिजन सडक कार्यालय दिपायलले जनाएको छ।

यो समस्या भीमदत्त राजमार्गको मात्रै होइन, ७ नम्बर प्रदेशका अधिकांश पहाडी जिल्लामा रहेका प्राचीन र नयाँ बजार सडक सीमानामै रहेका छन्। सडक सीमानाबाट बजार हटाउने भने प्रायः सबै बजार खाली हुने डिभिजन सडक कार्यालय कुलपाते दिपायलले जनाएको छ।

डडेल्धुरादेखि बैतडी जोड्ने दशरथ चन्द राजमार्ग, डोटी जोड्ने डा. केआईसिंह राजमार्ग र बझाङ जोड्ने जयपृथ्वी राजमार्गको सडक केन्द्रदेखि दायाँ-बायाँ १५/१५ मिटर सडक सीमाना रहेको सडक विभागले जनाएको छ। सडक सीमानाभित्र रहेका यहाँका अधिकांश बजार क्षेत्रमा सडक निकै साँघुरो बन्दै गएकाले ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी अधिकारीहरूको गुनासो छ।

सडक विभागको निर्देशानुसार सडक सीमा क्षेत्र कायम गरेर आवश्यकताअनुसार चौडा सडक निर्माण गर्न डिभिजन सडक कार्यालय कुलपाते दिपायलले दुई दशकदेखि थालेको प्रयास सफल हुन सकेको छैन। डिभिजन सडक कार्यालय कुलपाते दिपायलका डिभिजन प्रमुख रुपक राजभण्डारीले पछिल्लो समय सर्वोच्च अदालतको फैसलाका कारण पनि सडक सीमा क्षेत्र खाली गराउन नसकिएको बताए।

डिभिजन सडक कार्यालय कुलपाते, दिपायलले दुई दशक पहिले सडक सीमा क्षेत्रमा रहेका बजार हटाउन पहल थालेको थियो। २ दशक पहिले भीमदत्त राजमार्गमा रहेका बजार क्षेत्रमा निर्माण गरिएका घरटहराको लगत संकलन शुरु गरेको सो कार्यालयले सडक क्षेत्रमा रहेका संरचना हटाउन वर्षेनी सार्वजनिक सूचना जारी गर्दै आएको छ।

सडक विभागले घरटहराको लगत संकलन गरेर सडक क्षेत्र फराकिलो बनाउन प्रयत्न शुरु गरेपछि सडक सीमानामा घर भएका स्थानीय सयौं व्यक्तिले मुआब्जा र क्षतिपूर्तिबिना सडक क्षेत्रमा रहेका घरटहरा हटाउन नहुने भन्दै तत्कालीन पुनरावेदन अदातलमा रिट दर्ता गरेका थिए। पुनरावेदन हुँदै सर्वोच्च अदालतमा दर्ता भएको सो रिटका सन्दर्भमा फैसलागर्दै गत वर्ष सडक विभागले सडक सीमानामा बनेका संरचनाको क्षतिपूर्ति र मुआब्जाबिना हटाउन नपाउने फैसला गरेको डिभिजन सडक कार्यालय कुलपाते दिपायलले जनाएको छ।

### सडक विभागले बजार हटाउन नसक्दा साँघुरा सडकमा ट्राफिक समस्या बढ्दो

भीमदत्त, दशरथचन्द, जयपृथ्वी र डा. केआईसिंह राजमार्गको छेउछाउमा रहेका बजार क्षेत्र खाली गराउनसमेत सर्वोच्चको सोही फैसालाका कारण बाधा उत्पन्न भएको डिभिजन सडक कार्यालय पाटन बैतडीले जनाएको छ। सडकको सीमा क्षेत्रमा समान्य घरटहरा मात्रै नभई हाल ठूला-ठूला पक्की भवन निर्माण भइरहेका छन्।

सडक क्षेत्रको सीमानामा निर्माण भएका भवनको नक्सापास नगर्ने सहमति भए पनि विभिन्न नगरपालिकाले सडक विभागसँग समन्वय नै नगरी घरनक्सा पास गरिदिने गरेकाले पनि सडक विभाग एक्लैले चाहेर पनि सडक सीमाना फराकिलो बनाउन नसकिएको सडक विभागका अधिकारीहरू बताउँछन्। 'सडक साँघुरो भयो भनेर गुनासो त पर्याप्त आउने गरेको छ', डिभिजन सडक कार्यालय कुलपाते दिपायलका इन्जिनियर जोशी भन्छन्- 'तर, स्थानीय बासिन्दाले सडकको सीमा क्षेत्र कायम हुनुपर्छ भन्ने आवाज उठाउन नसकेकाले सडक सीमानामा अतिक्रमण बढ्ने गरेको छ।'

सडक क्षेत्र अतिक्रमण गरेर घरटहरालगायतका संचरना निर्माण गरिँदा वन विभागले पनि अतिक्रमणकारीलाई कारबाही गर्न सकेको छैन। जिल्ला वन कार्यालय डडेल्धुराका जिल्ला वन अधिकृत इन्द्रमणि भण्डारी सडक सीमानामा वन अतिक्रमण गरेर बजार बनाउने क्रम बढेको भए पनि सडकको सीमा क्षेत्रमा वन विभागले कारबाही गर्न नमिल्ने बताउँछन्।

पछिल्लो समय सडकको सीमाना क्षेत्रमा व्यक्तिका घरटहराका साथै विभिन्न संघसंस्थाका कार्यालयसमेत निर्माण गर्ने क्रम बढ्दो छ। सडक सीमाना अतिक्रमण गरेर डडेल्धुरा सदरमुकाम आसपासमा मात्रै एक दर्जन बढी संघसंस्थाले कार्यालय स्थापना गरेको भन्दै २ वर्षपहिले अख्तियार दुरुपयोग अनुसन्धान क्षेत्रीय कार्यालय महेन्द्रनगरमा उजुरी परेको थियो। अख्तियारले जिल्ला वन कार्यालयलाई तत्काल सडक सीमानामा बनेका संरचनाहरू भत्काउन निर्देशन दिए पनि वन क्षेत्रमा नपर्ने भएकाले कारबाही प्रक्रिया अघि बढाउन नसकिएको जिल्ला वन कार्यालय डडेल्धुराले जनाएको छ।

डिभिजन सडक कार्यालय कुलपाते दिपायलले भने पछिल्लो समय स्थानीय तह अधिकार सम्पन्न भएकाले स्थानीय तहसँग समन्वय सहकार्य गरेर सडक सीमाना फराकिलो बनाउने र सडक सीमानामा पर्ने संरचनाहरू हटाउन पहल गर्ने तयारी गरिरहेको जनाएको छ। 'स्थानीय प्रशासनका साथै स्थानीय तहलाई पत्राचार गरेर सडक सीमानाभित्र निर्माण गरिएका संरचना हटाउने सन्दर्भमा आवश्यक सहयोगका लागि पहल गरेका छौं' -डिभिजन सडक कार्यालय कुलपाते दिपायलका डिभिजन प्रमुख राजभण्डारीले भने।

## ढुंगाले लागेर चिनियाँ नागरिकको मृत्यु

दोलखा, (नेस)

दोलखाको विगु गाविस वडा नम्बर १ लामाबगरमा निर्माणाधीन राष्ट्रिय प्राथमिकताको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनामा साइड इन्जिनियरको काम गर्ने चिनियाँ नागरिकको ढुंगाले लागेर मृत्यु भएको छ।

आयोजनाअन्तर्गत सिनो हाइड्रो कम्पनीमा साइड इन्जिनियर रहेका ४९ वर्षीय चिनियाँ नागरिक सन लिङलङको सोमबार बिहान ड्याम साइडमा ग्राउन्डिङ सर्किटको काम गर्ने क्रममा बाहिरी साइडबाट अचानक ढुंगा खसेर लाग्दा मृत्यु भएको दोलखाका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक रामेश्वर कार्कीले बताए।

ढुंगाले लागेर घाइते भएका सन लिङलङलाई उपचारका लागि अस्पताल लैजाँदै गर्दा उनको बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ।

## चोरीको आरोपमा चार युवा पक्राउ

भद्रपुर, (नेस)

झापामा आइतबार राति प्रहरीले चार जना युवकलाई चोरी गरेको आरोपमा पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भद्रपुर ६ का २५ वर्षीय नरेश भट्टराई, भद्रपुर ८ का २४ वर्षीय दीपेश सुब्बा, २४ वर्षीय आशिष तामाङ र भद्रपुर १० का २२ वर्षीय प्रिसोज न्यौपाने रहेको वडा प्रहरी कार्यालय भद्रपुरले जनाएको छ । वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई भद्रपुर-८ स्थित सगरमाथा चोकमा निर्मल प्रधानले सञ्चालन गरेको कस्मिक रेस्टुरेन्टबाट मदिरा, वियर, चाउचाउ, मासु चोरी गरेको आरोपमा पक्राउ गरिएको वडा प्रहरी कार्यालयका इन्सपेक्टर प्रकाश जवेगुले जानकारी दिए।

पक्राउ परेका उनीहरूले पसल पछाडीको ढोका फोडेर सामान चोरी गरी भाग्दै गरेको अवस्थामा प्रहरीले समातेको जवेगुले बताए। पक्राउ परेका चारै जनालाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय झापा पठाइसकेको जनाइएको छ। केही महिना नगर क्षेत्रमा चोरीका घटना कमी आए पनि पुनः नगर क्षेत्रमा चोरीका घटना बढेपछि स्थानीय त्रसित बनेका छन्। नगर क्षेत्रबाट मोटरसाइकल, साइकल, जिन्सी सामान, मोबाइल र नगदलगायतका सामान घर तथा पसलबाट चोरी हुने गरेको छ। केही महिनाअघि पनि भद्रपुर क्षेत्रबाट चोर पक्राउ परेका थिए।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।

जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**
- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**
अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**
**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**
हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योज्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P.O. Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्युनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८४४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१९८० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१५१२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४




ट्याक्टर व्यवसायी दानसिंह चौधरीले पछिल्लो करिब एक वर्षयता आफूहरूले सामान ढुवानीको समयमा ट्राफिक प्रहरीबाट निकै समस्या भोग्नुपरेको बताउनुभयो।

# दोरम्बालाई मदिरामुक्त बनाउने अभियान

**नेपाल समाचारपत्र**


दोरम्बा

गाउँघरमा जाँडरक्सीका कारण सामाजिक विकृति बढ्दै गएको भन्दै दोरम्बा गाउँपालिका-२ दोरम्बा वडा कार्यालयले गाउँलाई मदिरामुक्त बनाउने अभियानको शुरु गरेको छ। समाजमा दिनहुँ जाँडरक्सी खाएर होहल्ला गर्ने र झगडाको घटना बढेपछि दोरम्बा वडा कार्यालयका वडा अध्यक्ष खड्क श्रेष्ठको नेतृत्वमा मदिरामुक्त अभियानको शुरु भएको हो।

मदिरामुक्त गाउँ निर्माणका लागि दोरम्बा प्रहरी चौकी, स्थानीयवासीको सक्रियतामा मदिरा नियन्त्रण समूह नै गठन गरेर काम अगाडि बढाइएको दोरम्बा गाउँपालिका-२ का वडा अध्यक्ष खड्क श्रेष्ठले बताउनुभयो। वडाको साविक दोरम्बा-९ दहपातबाट अभियानको शुरु भएको उहाँले जानकारी दिनुभयो।

स्थानीय सरकार गठन भएपछि नयाँ र समाज सुधारको अपेक्षा गरेका स्थानीयले वडा कार्यालयको सक्रियतामा मदिरामुक्त अभियान अगाडि बढेपछि खुसी भएका छन्। अभियानमा प्रहरी चौकी दोरम्बा र स्थानीय महिला समूहको साथै स्थानीयको सक्रियतामा अभियान बढाइएको उहाँले बताउनुभयो।

'यो शुरुआत हो वडाभित्र सबै क्षेत्रमा मदिरामुक्त बनानाउने अभियान हो', अध्यक्ष श्रेष्ठले भन्नुभयो- 'सबैको साथ सहयोग लिएर वडालाई मदिरामुक्त बनाउने हो।' दोरम्बामा विगतमा पनि जाँडरक्सीको कारण ज्यान गएको घटना रहेकाले मदिराकै कारण ज्यान जाने अवस्थाको अन्त्य गर्ने अभियानमा सञ्चालन गरेको स्थानीय नारायण श्रेष्ठले बताउनुभयो। दोरम्बाको दहपातलमा वडा अध्यक्ष श्रेष्ठ, प्रहरी चौकीका इन्चार्ज रामदेव साह र स्थानीयवासीको सक्रियतामा करिब १ हजार लिटर रक्सी र जाँड नष्ट गरिएको छ। यो अभियानलाई निरन्तता वडा कार्यालयले लिएको छ।



# आठ कक्षामा दुई विद्यार्थी

**नेपाल समाचारपत्र**

बाँके

३ जना विद्यार्थी। त्यसमा पनि १ जना स्कुल आउन छोडेको धेरै भइसक्यो। बचे २ जना। शिक्षक आउँछन्, २ जनालाई पढाएर जान्छन्। २०२८ सालमा स्थापना भएको नेपालगन्ज-१५, जमुनाहाको हनुमान आधारभूत विद्यालयको कक्षा ८ को दृश्य हो, यो। कक्षामा २ छात्रा र १ छात्र छन्। छात्र अन्नु साहु स्कुल आउन छोडेको ३ महिना बढी भइसक्यो।

८ सम्म रहेको यो विद्यालयमा यो सालमात्रै विद्यार्थी कम भएको भने होइन। गतवर्ष पनि ८ कक्षामा ४ जना थिए। ८ मा कम भए पनि ७ मा त धेरै होलान् भन्ने लाग्न सक्छ। त्यो अवस्था पनि छैन। सातमा ६ जना छन्। छात्रा र छात्र ३/३ जना। कक्षामा ६ जना नै उपस्थित भएको दिन भेटाउन मुस्किल पर्छ। प्रधानाध्यापक रमेश श्रीवास्तव भन्छन्- 'कहिले को आउँछ, कहिले को आउँदैन। भएका विद्यार्थी पनि सबै नियमित आउँदैनन्।'

यो स्कुलमा कक्षा ६ मा १०, ५ मा १५, ४ मा २१, ३ मा ३०, २ मा ४१ र १ मा ३९ जना विद्यार्थी गरी जम्मा १ सय ६५ जना रहेका छन्। । अधिकारीहरूले यो संख्या पनि स्कुलले धेरै देखाएको टिप्पणी गरेका छन्।

२०७१ मा यो स्कुलमा जम्मा ३७ जना विद्यार्थी थिए। १२ जना दरबन्दीका शिक्षक रहेर केही वर्ष यो स्कुलमा ९ कक्षा पनि सञ्चालन भएको प्रधानाध्यापक श्रीवास्तवले जानकारी दिए। विद्यार्थी नै कम भएपछि फेरि ८ कक्षासम्ममा झारिएको छ। ४ जना प्रावि र ४ जना निमाविका गरी दरबन्दीका शिक्षक अहिले ८ जना छन्। दरबन्दीका शिक्षक छन्। विद्यार्थी छैनन्। '२ जनालाई पढाउन पनि उत्साह लाग्दैन' -प्रअ श्रीवास्तव नै बताउँछन्। निजी विद्यालयमा विद्यार्थीको चाप बढेर सेक्सनमा कक्षा सञ्चालन भइरहेका बेला सुविधा सम्पन्न सरकारी स्कुलमा विद्यार्थी नपाउने अवस्था आएको छ।

हनुमान आधारभूत विद्यालयमा जमुनाहा, टंकपसरी र पिप्रहवा गाउँका बालबालिका पढ्न आउँछन्। यी गाउँहरू दशगजासँग जोडिएका छन्। यही वडामा अर्को एउटा नेपाल राष्ट्रिय आधारभूत विद्यालय छ। त्यहाँ पनि विद्यार्थीको संख्या न्यून छ। गाउँमा केही मदरसामा पनि रहेका छन्।

हनुमानका प्रअ श्रीवास्तव विद्यार्थी कम हुनुमा चेतनाको कमी, गरिवी, खुल्ला सीमा, भाषा समस्या रहेका छन्। खुल्ला सीमाका कारण अलिकति ठूलो हुनेबित्तिकै बालकहरू भारतबाट सामान ओसार्न शुरु गर्छन् र स्कुल आउन छोड्छन्। उनीहरूको स्कुल नाम त लेखिएको हुन्छ। तर, पढ्न आउँदैनन्। यसलाई 'ड्रपआउट' भन्न सकिन्छ। केही भने स्कुलले दिने सुविधा लिनमात्रै आउँछन्। 'छोराछोरी पढाउनुपर्छ भन्ने चेतना भएका अभिभावकले निजी विद्यालय या सीमापारी भारतीय स्कुलमा पढाउन पठाउँछन्', प्रअ श्रीवास्तव भन्छन्- 'यति विद्यार्थी पनि मुस्किलले टिकाएका छौं।'



नेपालगन्ज उपमहानगरपालिका भित्रका सरकारी धेरै स्कुलको अवस्था यस्तै छ। धेरै स्कुलमा विद्यार्थीको संख्या न्यून रहेको छ। नेपालगन्ज उपमहानगरपालिकाका शिक्षा शाखा प्रमुख गोरख थापाले सुविधा सम्पन्न भएर पनि सरकारी स्कुलमा विद्यार्थी धेरै कम रहेको बताए। निजी विद्यालयप्रतिको अभिभावकको आकर्षणले पनि सरकारी विद्यालयमा विद्यार्थी घट्दै गएका छन्। सरकारी विद्यालयमा पढाउने शिक्षक स्वयंले आफ्ना बच्चा निजीमा पढाइरहेका छन्।

'लोकसेवा पास गरेर आएका शिक्षकले कक्षामा २ जना विद्यार्थी पढाउनु परेको छ', हनुमान स्कुलका एक शिक्षक भन्दै थिए- 'योग्यता प्रमाणित गरेर आएका शिक्षकले केही विद्यार्थीलाई पढाएर बस्नु परेको छ।'

सरकारी विद्यालयमा विद्यार्थी घट्दै गएपछि अब मर्ज गर्नुपर्छ भन्ने आवाज पनि उठेको छ। विद्यालय मर्ज भएपछि राजनीति गर्न पाइन्न भनेर झस्किनेहरू पनि छन्। नगरपालिकाको एउटा हनुमान स्कुलमा पुगेर मर्जको कुरा गर्दा आपत नै परेको स्रोतले बतायो। रजिस्टरमा विद्यार्थी संख्या धेरै देखाएर सुविधा खोज्नेहरूको बाँकेमा कमी छैन।

**ट्राफिक प्रहरीको आतंक**

# विभिन्न बहानामा दुःख दिने गरेको गुनासो

**हेमन्त पौडेल, कैलली**

सवारी चेकजाँचका नाममा ट्राफिक प्रहरीले आतंक मच्चाएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयका नाममा ठाउँ-ठाउँमा चेकिङ राखेर दुःख दिने गरेको सवारी चालकहरूले बताउने गरेका छन्। सार्वजनिक यातायात क्षेत्रको बेथिति र मनोमानी रोक्न नसक्ने ट्राफिक प्रहरीले जरिवाना काट्ने र पैसा असुल्ने नियतले मात्र सडकमा चेकिङ गरिरहेको उनीहरूको आरोप छ। ट्राफिक अस्तव्यस्ततालाई सुधार गरेर आवगमनमा सहजता ल्याउनुभन्दा पनि ट्राफिक प्रहरीले सर्वसाधरणलाई दुःख दिएर पैसा असुलनमा मात्र व्यस्त भएको कैलालीको सहजपुरका स्थानीय मदन चपाईले बताउनुभयो।

ट्राफिक प्रहरीले चेकिङको नाममा असुल्ने धन्दामात्र चलाएकाले ट्राफिक व्यवस्थापनको दिगो समस्याको सामधान हुन नसकेको उहाँले आरोप लगाउनुभयो। जिल्ला ट्राफिक प्रहरी कार्यालय कैलालीमा प्रहरी निरीक्षक दीपक पातली आएपछि जिल्लाको ट्राफिक व्यवस्थपन झनै बिग्रिएको स्थानीयको गुनासो छ। प्रहरी निरीक्षक पातलीको निर्देशमा अहिले कमाउधन्दाका लागि जथाभावी चेकिङ गरेर सानो-सानो कुरामा सवारी चालकहरूलाई दुःख दिने काम भइरहेको एक जना ट्याक्टर चालकले नाम उल्लेख नगर्ने शर्तमा बताए।

धनगढीमा सबैभन्दा बढी सर्वसाधारण तथा सवारी साधनहरूको भीड हुने क्षेत्रमा ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरीले ध्यान नदिएको पाइएको छ। धनगढीको ट्राफिक चौराह, नेपाल आयल निगमको कार्यालय रहेको चटकपुरमा क्षेत्र, बसपार्क र एलएन चोक क्षेत्रको ट्राफिक व्यवस्थापन हुन नसक्दा सर्वसाधारणले सास्ती भोग्दै आएको धनगढी बसपार्कका अमित कलेलले बताउनुभयो।

बसपार्क क्षेत्रमा छतामा धेरै लोड हाल्ने, क्षमताभन्दा बढी यात्रु बोक्ने, भाडा धेरै लिने, नजिकका यात्रुहरू नहाल्नेजस्ता घटना प्रशस्त हुने गरेको भए तापनि ट्राफिक प्रहरीले त्यसतर्फ ध्यान नदिएको उहाँले बताउनुभयो। बसपार्क क्षेत्रमा ट्राफिक प्रहरीलाई आफूले देख्नेसमेत नगरेको उहाँले बताउनुभयो।

बढी ट्राफिक जाम हुने क्षेत्रमा सहजताका लागि काम गर्नुभन्दा पनि जुन क्षेत्रमा कम सवारी चल्छन् र साँघुरो सडक छ, उही ठाउँमा रोकेर सवारीसाधन चेकजाँग गर्ने गरिएको पाइएको छ। साँघुरो सडकमा सवारी रोकेर पैसा असुल्न ट्राफिक प्रहरीलाई सजिलो हुने भएकाले यस्तो गर्ने गरिएको जनगुनासो छ।

यस्तै धनगढीमा ट्राफिक प्रहरीले भारतीय नम्बर प्लेटका सवारीसाधनलाई बढी दुःख दिने गरेको भारतीय सवारी चालकहरूले बताएका छन्। छिमेकी भारतीय बजार पलिया, बनगाउँ, सुडालगायतका स्थानबाट नेपाली बजार धनगढीमा किनमेल गर्न तथा घुम्न आएकालाई ट्राफिक प्रहरीले सताउने गरेको उनीहरूले बताएका छन्।

आफूहरूले भन्सारमा सबै प्रक्रिया पूरा गरेर धनगढी बजारमा गाडीमा घुम्न तथा नेपाली कपडा किन्न आएको समयमा नेपाली ट्राफिक प्रहरीले पैसा मागेको भारतको पलियाका मनीष खानले बताउनुभयो। सपिङ गरेर फर्किने क्रममा धनगढी चौराहनजिकै ट्राफिक प्रहरीले गाडी रोकेर पैसा मागेको उहाँले बताउनुभयो। सबै कागजपत्र देखाएर पैसा किन दिने? भन्दा दुर्व्यवहार गरेको उहाँले बताउनुभयो। भारतीय गाडीसँग नेपाल प्रवेश गर्ने नाकादेखि नै बजारका विभिन्न स्थानमा समेत पैसा मागेर हैरानी गर्ने गरिएको भारतीय नागरिकहरूको गुनासो छ।

यस्तै ट्याक्टर व्यवसायीहरूले ट्राफिक प्रहरीले आफूहरूलाई दुःख दिने गरेको गुनासो पोखेका छन्। व्यवसायीहरूले आफूहरू ट्राफिक प्रहरीबाट सदैव प्रताडित हुँदै आएको बताएका छन्।

ट्याक्टर व्यवसायी दानसिंह चौधरीले पछिल्लो करिब एक वर्षयता आफूहरूले सामान ढुवानीको समयमा ट्राफिक प्रहरीबाट निकै समस्या भोग्नुपरेको बताउनुभयो। ट्राफिकको रवैयाले कमाई धन्दा दुःख हुने स्थिति सिर्जना भएको उहाँले बताउनुभयो।

उता जिल्ला ट्राफिक प्रहरी कार्यालय कैलालीका प्रमुख प्रहरी निरीक्षक दीपक पातलीले ट्राफिक प्रहरीले कसैलाई दुःख नदिएको बताउनुभएको छ। नियम संगतरूपमा नियमित चेकजाँच गर्ने गरिएको भए तापनि दुःख दिने प्रवृत्तिले चेकजाँच गरिएको भन्नु गलत रहेको उहाँको भनाइ छ। साथै फिल्डमा ट्राफिक प्रहरीले अनावश्यक दुःख दिने र पैसा असुल्ने गरेको भन्नेबारेमा बुझेर सुधार गर्न लगाउनेसमेत उहाँले बताउनुभयो।

यस्तै प्रदेश नम्बर ७ का प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक माधव नेपालले ट्राफिक प्रहरीका सबै काम कारबाही सुधार गर्न लगाउने बताउनुभएको छ। कैलालीका ट्राफिक प्रहरी प्रमुख पातलीलाई सर्वसाधारणसँग बोल्ने बोली र गर्ने व्यवहार सुधार गर्न निर्देशनसमेत दिइसकेको उहाँले बताउनुभयो। जनतालाई अनावश्यक दुःख दिने र दुर्व्यवहार गर्ने जुनसुकै प्रहरी जवानदेखि अधिकृत आफैं कारबाहीको भागेदार रहने उहाँले बताउनुभयो।


## सूचना । सूचना ॥ सूचना ॥।

यहि आउँदो मिति २०७४ साल माघ २७ गते शनिवारका दिन यस "कापाली समाज" को २३ औ वार्षिक साधारण सभा हुने हुँदा यस समाजका सम्पुर्ण साधारण सदस्य, आजिवन सदस्य तथा महानुभावहरुलाई सुचित गरिन्छ । कथमकदाचित सुचना प्राप्त नभएको भए यसै सुचनालाई आभारमानी निम्न स्थान र समयमा उपस्थित भईदिन अनुरोध गर्दछौ । साथै सम्पुण नविकरण गर्न बाँकी रहेका साधारण सदस्यहरुलाई समयमै नविकरण गरिदिनुहुन अनुरोध गर्दछौ ।

स्थान:- "कपाली समाज" केन्द्रीय कार्यालय (अफिस) पचली कालोपुल
मिति :- २०७४ साल माघ २७ गते शनिवार
समय :- विहान ११.०० बजे
नविकरण गर्ने स्थान :- "कपाली समाज" केन्द्रीय कार्यालय (अफिस)
समय :- बिहान ११.०० बजे देखि ४.०० बजे सम्म

आयोजक
"कपाली समाज" केन्द्रीय कार्यालय
पचली, कालोपुल


## कर्णाली वेसीन कार्यालय
नेपालगञ्ज, बाँकेको

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०७४।१०।१६)

यस कार्यालयको मिति २०७४।०७।२९ गते नेपाल समाचारपत्र दैनिकमा प्रकाशित बोलपत्र MoPE-DHM/KBO/Works/NCB/1/074/75, Constructionof Karnali Basin Office Building, Kohalpur-11, Banke आव्हानको सूचना अनुसार ई-विडिङ मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्य प्राविधिक प्रस्तावमा उत्तिर्ण भएका बोलपत्रदाताहरूको ई-विडिङबाट प्राप्त आर्थिक प्रस्ताव खोली मुल्याङ्कन गर्दा न्यूनतम रकम रू २,३७,०५,४२१।३६ (मू.अ.कर बाहेक) कबोल गर्ने **श्री खड्का निर्माण सेवा, चिसापानी-३, बाँके**को बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

## हार्दिक श्रद्धाञ्जली



जन्म मितिः २०१२ माघ २८ गते
स्वर्गारोहण मितिः २०७४ पौष २८ गते

**स्व. सोम प्रसाद पुडासैनी**

यस संस्थाका शेयरसदस्य श्री सोम प्रसाद पुडासैनीको ६३ वर्षको उमेरमा असमायिक निधन भएकोमा गहिरो दुःख प्रकट गर्दै आज १३औं पुण्यतिथीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै, उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै उहाँको निधनबाट शोकाकुल परिवारजन तथा अन्य आफन्तजनहरुमा धैर्य धारण गर्ने शक्ति प्रदान गर्न ईश्वरसँग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्री लालीगुराँस**
बहुउद्देश्यीय सहकारी संस्था लि.
ललितपुर जिल्ला लपु.म.न.पा. वडा नं.३, पुल्चोक । (परिवार)

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
## भूमिसुधार कार्यालय, मोरङ
मोहियानी फाँट

सूचना ! सूचना !! सूचना !!

जिल्ला मोरङ गा.वि.स. होक्लाबारी वडा नं. २ बस्ने नरबहादुर कार्कीको छोरा राजेन्द्र कार्की समेत-२ ले मेरा नाममा दर्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको मोही महलमा तपशिलमा उल्लेखित व्यक्ति मोही भएकोमा निजले आजभन्दा धेरै वर्ष अगाडिदेखि जग्गा जोत्न छाडेको, निज र निजका हकदार समेत सो स्थानमा कोही नभएकाले म जग्गाधनी आफैंले जोतभोग गरी राखेकोले भूमिसुधार ऐन २०२१ को दफा २६ (१) को खण्ड (ग) बमोजिम जोत्न छाडेको बेपत्ते मोहीको लगत कट्टा गरी पाऊँ भन्ने मिति २०७३।११।०४ गतेको माग दावी हुँदा मोही तथा मोहीका हकदारको हकदावीका लागि३० तीस दिने यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना टाँस भएका मितिले बाटाको म्याद बाहेक तोकिएको म्यादभित्र, मोही लगत कट्टा हुनु नपर्ने भएमा मोही भएको स-प्रमाण आफैं वा ऐनले तोकेबमोजिम वारेर मुकरर गरी लिखित रुपमा दावी गर्न कार्यालयमा उपस्थित हुनुहोला । म्यादभित्र उपस्थित भई प्रतिवाद नगरेमा कानुन बमोजिम जोत्न छाडेको मोहीको लगत कट्टा भईजाने व्यहोरा जानकारी गराइन्छ। म्याद नाघी आएमा तपाईंको उजुरबाजुर लाग्ने छैन।

तपशिल

| सि.नं. | ज.ध.को नाम | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाम ठेगाना |
|---|---|---|---|---|---|---|
| १ | राजेन्द्र कार्की समेत-२ | होक्लाबारी | ३ (क) | २२३ | १-९-७ | हर्ख भन्ने हर्षबहादुर श्रेष्ठ |
| २ | राजेन्द्र कार्की समेत-२ | होक्लाबारी | ३ (क) | २८७ | ०-३-४ | हर्ख भन्ने हर्षबहादुर श्रेष्ठ |
| जम्मा २ कित्ता मात्र | | | | | | |

## भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.स. १९८६ साल
स्व.विष्णुमाया श्रेष्ठ
स्वर्गारोहण
वि.स.२०७४/१०/ ०५

यस श्री जुद्धोदय मा. वि. क्षेत्रपाटी काठमाडौमा कार्यरत शिक्षक श्रीमती विधा श्रेष्ठकी ममतामयी माता **स्व.विष्णुमाया श्रेष्ठ**को ८९ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १२औं दिनको पुण्य तिथिमा स्वर्गीय आत्माप्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

श्री लक्ष्मण पौडेयल
(प्रधानाध्यापक)
तथा
**श्री जुद्धोदय मा. वि परिवार**

## हार्दिक श्रद्धाञ्जली



जन्मः १९९२
स्व. रत्न माया पाठक
स्वर्गारोहणः २०७४/१०/५

यस ॐ साई नाग लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. का संस्थापक सदस्य श्री ईन्द्र बहादुर पाठककी पूजनीय माता **श्रीमती रत्न माया पाठक**को स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै दुःखद घडीमा शोक सन्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

अध्यक्ष तथा
ॐ साई नाग लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.
परिवार
महाबौद्ध (सबल बहाल)-२२, काठमाण्डौ



# विश्व

**सुरक्षा**
अफगानिस्तानको काबुलस्थित सैनिक प्रतिष्ठानमा ५ सैनिकको ज्यान जाने गरी लडाकूबाट भएको हमलापछि परिचालित सुरक्षाकर्मी।



**मद्दत**
जोर्डानको सीमा क्षेत्र सुदृढ बनाउन अमेरिकाले लडाकू हेलिकोप्टरहरू उपलब्ध गराएको छ।



2018, JAN
Tuesday
30

विश्व २ मिनेट

**श्रीलंका**

## राष्ट्रपति हटाउने माग

कोलोम्बो, (एजेन्सी)

माल्दिभ्सको विपक्षी राजनीतिक गठबन्धनले सर्वोच्च अदालतसमक्ष याचिकापत्र दाखिल गर्दै अस्थायीरूपमा राष्ट्रपतिलाई हटाएर उनीमाथि लागेको भ्रष्टाचार र गलत शासनको अनुसन्धान गर्न एक विशेष टोलीको गठन गर्न आग्रह गरेको छ। आइतबार बुझाइएको सो याचिकापत्रमा दुई पूर्व राष्ट्रपति मौमुन अब्दुल गयुम र मोहमद नसिदलगायत चार पार्टी सम्मिलित विपक्षी गठबन्धनका नेताहरुले हस्ताक्षर गरेका छन्। यस सम्बन्धमा सोमबार राष्ट्रपति यामिन अब्दुल गयुमको कार्यालयले कुनै प्रतिक्रिया जनाएको छैन। १२ जना विधायक हटाइएकाले संसद्को राष्ट्रपति हटाउन सक्ने अधिकार कटौती भएको अवस्था छ।

**फ्रान्स**

## घर खाली गराइए

पेरिस, (एजेन्सी)

फ्रान्सको सेन नदीको सतह बढ्दै गएकाले डरलाग्दो बाढीको खतरालाई ध्यानमा राख्दै आइतबार राजधानी पेरिसका झण्डै १ हजार ५ सय मानिसलाई तिनीहरूको घरबाट अन्यत्र सुरक्षित गन्तव्य लाने व्यवस्था सरकारले गरेको छ। पेरिस प्रहरी विभागको प्रमुख मिचेल डेल्पुएचले पेरिस र त्यसका उपनगरहरु र इले डे फ्रान्स क्षेत्रबाट उक्त संख्यामा मानिसहरुलाई घर खाली गर्न लगाइएको स्थानीय सञ्चारमाध्यमलाई बताएका छन्। स्थानीय प्रशासनले सोमबार सेन नदीको पानीको सतह बढेर सन् २०१६ को भयावह बाढीको स्थितिमा पुग्न सक्ने अनुमान गरेको थियो।

**अमेरिका**

## नक्कली लाइक विक्री

न्युयोर्क, (एजेन्सी)

सामाजिक सञ्जालमा नक्कली फलोअर तथा लाइक विक्री गर्ने एक कम्पनीविरुद्ध जाँच शुरू गरेको न्युयोर्कका एक मुख्य अभियोजकले जानकारी दिएका छन्। अभियोजक एरिक स्नाइडरम्यानले न्युयोर्कमा छद्म रूप धारण गर्नु र धोका दिनु अपराध भएको बताए। डेवुमी नाम कम्पनीमाथि लाखौं वास्तविक व्यक्तिको पहिचान चोरी गरेको आरोप लगाइएको न्युयोर्क टाइम्सले जनाएको छ। यद्यपि कम्पनीले ती आरोपलाई अस्वीकार गरेको छ। शनिबार न्युयोर्क टाइम्सले डेवुमी कम्पनीको बारेमा एक विस्तृत समाचार प्रकाशित गरेको थियो। समाचारमा सामाजिक सञ्जालमा जानकारी तथा प्रोफाइल तस्वीर कपी गरेकाको विवरण प्रकाशित गरिएको थियो।

**चीन**

## भारतसँग वार्ता

बेइजिङ, (एजेन्सी)

आफ्नो महत्त्वाकांक्षी चीन-पाकिस्तान इकोनोमिक कोरिडोर (सीपेक) परियोजनामा भारतलाई समेट्ने प्रयासलाई लिएर बेइजिङ नयाँदिल्लीसँग वार्ता गर्न तयार रहेको बताइएको छ। ५० अर्ब डलर लगानी रहेको उक्त परियोजनाअन्तर्गत चीन-पाक जोड्ने मार्ग पाकिस्तान अधिकृत काश्मिरसँग भएर गएको छ। भारतले त्यसमा आपत्ति जनाएको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले हुवा चुनियाङले चीन यस विषयमा भारतसँग वार्ता गर्न इच्छुक रहेको बताएका थिए। हुवाको भनाइलाई लिएर भारत राजदूत गौतम बंबावलेले ग्लोबल टाइम्सलाई दिएको एक अन्तर्वार्तामा सीपेकमा रहेको मतभेदलाई पन्छाउन नसक्ने बताएका थिए।

# ओछ्यानमा पल्टेरै ट्वीट गर्छन् ट्रम्प



लन्डन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ओछ्यानबाटै कयौं पटक ट्वीट गरेको खुलासा गरेका छन्। ट्वीटरमा प्राय: सक्रिय रहने गरेका राष्ट्रपतिले आफ्नो अकाउन्टबाट कमैमात्र अर्को व्यक्तिसँग ट्वीट गर्ने गरेको बताए।

नयाँ योजनाको घोषणा, आफ्ना प्रतिद्वन्द्वीमाथि हमला गर्न र उत्तर कोरियालगायत अन्य देशसँगको समस्यालाई लिएर ट्रम्पले प्राय: ट्वीटरको प्रयोग गर्दै आइरहेका छन्।

सोमबार बिहानसम्म ट्वीटर 'रियलडोनाल्डट्रम्प' अकाउन्टको ४ करोड ७२ लाखभन्दा धेरै फलोअर्स थिए। बेलायतको आईटीभी च्यानललाई दिएको एक अन्तर्वार्तामा ट्रम्पले आफ्नो ट्वीटर पोस्टको धेरै सराहना पनि गरे। उनले 'फेक न्युज'को जमानामा मतदातासँगको संवादका लागि उनलाई सामाजिक सञ्जाल आवश्यक भएको बताए। अन्तर्वार्तामा ट्रम्पले भने- 'यदि मसँग संवादको तरिका नभएको भए म आफैलाई बचाउन सक्दिनथें। म धेरै नै फर्जी समाचार पाउने गर्छु। धेरैजसो समाचार जुन या त गलत हुन्छ वा मनगढन्ते हुन्छ।'

यो अत्यन्तै अनौठो स्थिति भएको पनि उनले बताए। विश्वमा धेरैले उनको ट्वीट कुर्ने गरेको उनले बताए। सामान्यतया उनी आफै ट्वीट गर्छन्, कयौं ट्वीट त उनले ओछ्यानमा पल्टेरै वा कयौंपटक खाना खाँदै गरेको समयमा गरेका छन्। ७१ वर्षको उमेरमा पनि बर्गर खाने र कोक पिउने गर्नुहुन्छ नि भन्ने प्रश्नको जवाफमा उनले भने- 'म राम्रो खाना खान्छु। विश्वकै सबैभन्दा राम्रो सेफको हातबाट बनेका खाना। मलाई लाग्छ म साँच्चै नै राम्रो खान्छु।'

# अकालमा ज्यान जोगाउन धूमपान छोड्नैपर्छ

लन्डन, (एजेन्सी)



धूमपानकर्ताहरुले हृदयाघातको खतराबाट बच्न चुरोटको संख्या घटाउँदै लानुको सट्टा चटक्कै धूमपान नै त्याग्नु उत्तम हुने हालै बेलायतमा गरेको एक अध्ययनले पत्ता लगाएको छ।

अनुसन्धानकर्ताले दिनको एउटा मात्र चुरोट पिउने व्यक्तिलाई कहिल्यै चुरोट नखानेहरुको तुलनामा मुटुको रोग लाग्ने सम्भावना ५० प्रतिशत बढी र हृदयाघात हुने सम्भावना ३० प्रतिशतले बढी हुने पत्ता लगाएका छन्। तिनीहरुले यस्ता रोगका लागि धूमपानको सुरक्षितस्तर नै नभएको बताएका छन्।

तर एक विशेषज्ञले भने चुरोटको संख्यामा कटौती गर्दै जाने कुनै व्यक्तिले चुरोट छोड्न सक्ने सम्भावना रहेको बताएका छन्। धूमपानबाट क्यान्सरै नभए पनि मुटुको अन्य रोगबाट मानिसको अकालमै ज्यान जाने सम्भावना ४८ प्रतिशतले बढी भएको बताइएको छ। बेलायतमा अहिले धेरै चुरोट पिउने वयस्कहरुको संख्या घट्दै गइरहेको छ।

तर त्यसको अनुपातमा दिनको एकदेखि पाँचवटा चुरोट पिउनेहरुको संख्या भने नाटकीय पाराले बढिरहेको अनुसन्धाकर्ताहरुले बताएका छन्। ब्रिटिस मेडिकल जर्नलमा प्रकाशित यससम्बन्धी १ सय ४१ वटा अध्ययनको विश्लेषण प्रतिवेदनमा दिनको २० वटा चुरोट पिउने १ सय जना अधवैंशेमध्ये सात जनालाई हृदयाघात वा मस्तिष्कघात हुने सम्भावना धेरै रहेको जनाइएको छ।

साथै यदि तिनीहरुले फटाफट चुरोट संख्या घटाउँदै दिनको एउटै मात्र चुरोट पिउन थाले पनि हृदयाघातको सम्भावना तीन प्रतिशत रहिरहने अनुसन्धानकर्ताले बताएका छन्। अनुसन्धानकर्ताले कहिल्यै चुरोट नखानेको तुलनामा दिनको दिनको एउटै मात्र चुरोट पिउने पुरुषलाई मुटुको रोग विकास हुने खतरा ४८ प्रतिशत बढी र मस्तिष्कघात हुने खतरा २५ प्रतिशतले बढी हुने बताएका छन्।

अझै महिलाहरूमा यसबाट मुटुको रोग लाग्ने खतरा ५७ र मस्तिष्कघात हुने खतरा ३१ प्रतिशतले बढी हुने बताइएको छ। यस अध्ययनको नेतृत्व युनिभर्सिटी कलेज लन्डनको यूसीएल क्यान्सर इन्स्टिच्युटका प्राध्यापक अल्लान ह्याकसले गरेका हुन्।


Government of Nepal
Ministry of Energy
***Department of Electricity Development***
*Anamnagar, Kathmandu*
Date: 2074/10/16

1. Government of Nepal (GoN) has allocated fund toward the cost of ***Feasibility Study and Environmental Studies*** of various projects and intends to apply a portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited for national consulting service.

| EOI No. | Job Title |
|---|---|
| 2074/75-1 | Feasibility and Initial Environmental Examination (IEE) Study of Kawadi -1 Hydropower Project |
| 2074/75-2 | Feasibility and Environmental Impact Assessment (EIA) Study of Middle Inkhu Hydropower Project |
| 2074/75-3 | Feasibility and Environmental Impact Assessment (EIA) Study of Yanma Hydropower Project, Taplejung District |
| 2074/75-4 | Feasibility and Environmental Impact Assessment (EIA) Study of Upper Chameliya Hydropower Project, Darchula District |
| 2074/75-5 | Pre-Feasibility Study of Upper Kaligandaki Hydropower Project |

2. The ***Department of Electricity Development (DoED)*** now invites ***EOI*** from eligible consulting firms ("Consultant") to provide the Consulting Services for above mentioned projects. *The description of objective and scope of work is mentioned in EOI document.*
3. Interested eligible Consultants may obtain further information and EOI document free of cost at the address Department of Electricity Development, Thapagaun, Anamnagar during office hours before 15th day of publication of EOI notice or visit e-GP system *www.bolpatra.gov.np/egp* or visit the Client's website *www.doed.gov.np* or *www.moen.gov.np*
4. Consultants may joint venture with other Consultants to enhance their qualifications. The number of consulting firms in a JV should not exceed three including the lead firm. In addition, same consulting firm is not allowed to enter into more than one JV for the same Job.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before 16th day of publication of EOI document.
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on ***Qualification 30%, Experience 60%, and Capacity 10%*** of consulting firm and key personnel. Based on evaluation of EOI, only top six shortlisted firms will be invited to submit technical and financial proposal through a Request for Proposal (RFP).
8. Minimum score to pass the EOI is **60%**.
9. A Consultant will be selected in accordance with the QCBS method.
10. Expressions of interest must be submitted electronically through www.bolpatra.gov.np/egp only by 2074-11-0212:00 hours local time.


# मोदी प्यालेस्टाइन आउने

रमल्लाह, पश्चिम किनारा, (एजेन्सी)

एक वरिष्ठ प्यालेस्टाइनी नेताले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी महिना पश्चिम किनाराको ऐतिहासिक भ्रमण गर्न लागेको जानकारी सोमबार दिएका छन्।

प्यालेस्टाइनी राष्ट्रपति महमुद अब्बासका सल्लाहकार माज्दी खाल्दीले सोमबार भ्वाइस अफ प्यालेस्टाइनलाई आगामी १० फेब्रअरीमा मोदी रमल्लाह आउने बताएका छन्। उनले कुनै पनि भारतीयले प्यालेस्टाइनी भूमिको भ्रमण गरेको यो पहिलो घटना हुने पनि बताएका छन्।

केही साताअघि मात्र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले भारतको ६ दिने औपचारिक भ्रमण गरेका थिए। दशकौंदेखि असंलग्न अभियानको नेतृत्व गरेका भारतले पछिल्ला केही वर्षयता इजरायलसँग सुमधुर सम्बन्ध विकास गरेको छ।

लामो समयदेखि इजरायल र प्यालेस्टाइनबीच तननाबको स्थिति रहेको छ। केही समयअघि इजरायलको जेरुसेलमलाई राजधानी बनाउने अभियान पनि अन्तर्राष्ट्रिय जगत्मा विवादको विषय बनेको थियो।



# सन्तुष्ट नभएसम्म ड्रोन हमला जारी रहने : अमेरिका



इस्लामावाद, (एजेन्सी)

अमेरिकाले पाकिस्तानलाई कट्टरपन्थी समूहविरुद्ध इस्लामावादको कारबाहीलाई लिएर सन्तुष्ट नभएसम्म ड्रोन हमला जारी रहने प्रस्ट पारेको छ। हालै मात्र पाकिस्तानले दाबी गर्दै अमेरिकाले उसको कुर्रम इलाकामा ड्रोन हमला गरेको र त्यसमा हक्कानी नेटवर्कका नेतासहित २ वा ३ जना मारिएको जनाएको थियो। यद्यपि अमेरिकाले उक्त दाबीलाई अस्वीकार गरेको थियो।

अमेरिकाले ड्रोन हमलापछि पाकिस्ताको विरोधलाई खारेज गरेको विदेश मन्त्रालयका वरिष्ठ अधिकारीले बताएको पाकिस्तानको द नेसन अखबारले जनाएको छ। पाकिस्तानले सबै कट्टरपन्थी समूहविरुद्ध कडा कारबाही अगाडि बढाएर यस प्रकारको हमला अन्त्य गर्न सक्ने अमेरिकाले जानकारी दिएको उनले बताए।

अमेरिकाका अनुसार पाकिस्तानले केही आतंकवादी समूहलाई आश्रय दिइरहेको र दोहोरो खेल खेलिरहेको छ। अमेरिकाले पाकिस्तानले उसलाई यस मुद्दामा सन्तुष्ट पार्नु पर्छ भन्ने चाहेको वासिङ्टसँग हालै भएको वार्ताका आधारमा एक अधिकारीले बताए। तर उसलाई सन्तुष्ट गर्नु त्यति सहज होला भन्ने आफूलाई नलागेको उनले बताए।

पाकिस्तानी पक्षले अमेरिकालाई ड्रोन हमलापछि पाकिस्तानमा उत्पन्न भएको आक्रोसका बारेमा अवगत गराएको ती अधिकारीले जानकारी दिए। पाकिस्तानीहरूले ड्रोन हमलाविरुद्ध सैन्य कारबाही चाहेका छन्। यसले पाकिस्तान र अमेरिकाबीच उत्पन्त तनाब बढ्न सक्ने उनले बताए। अहिलेसम्म उनीहरूले पाकिस्तानलाई कुनै सकारात्मक प्रतिक्रिया नदिएको पनि उनले जोडे।

मधेसवादी दलहरूका नेताहरूले नै वीरगन्ज राजधानी हुन नसक्ने बताएका कारण अब २ नम्बर प्रदेशको राजधानी वीरगन्ज घोषित हुने संभावना कम रहेको तर्कसमेत राजनीतिक वृत्तमा गरिएको छ।

## अझै भेटिएनन् जोन

# बस्ती छिऱ्यो प्रहरी

ईश्वरराज ढकाल, काठमाडौं

आइतबार राति अबेरसम्म खोजी गर्दासमेत ६ दिनदेखि हराइरहेका जोन तामाङलाई फेला पार्न सकिएको छैन। आइतबार राति इँट्टाभट्टा क्षेत्रमा रहेको आशंकामा प्रहरी र प्याब्सनको टोलीले रातभर खोजेका थिए।

'हामी त हैरान भइसकेका छौं, त्यो बच्चालाई स्थानीयले देखेको आशंका गरेपछि रातभर खोज्यौं फेला पार्न सकेनौं आइतबार रातभर खोजी कार्यमा लाग्नुभएका प्याब्सन ललितपुरका अध्यक्ष शिव कार्कीले भन्नुभयो- 'उनलाई भेट हुने आश गरेका छौं।' जतातती खोज्दा पनि उनलाई फेला पार्न नसकेको कार्कीको भनाइ थियो। प्रहरी टोलीले हिजोबाट फूलचोकी डाँडामा भन्दा पनि नजिकैको बस्तीमा खोजी कार्य जारी राखेको छ।

प्रहरी टोली, स्थानीय र विद्यालयका कर्मचारीले हिजो विशंखुनारायण, विष्टछाप, गोदावरी, लामाटार, लुभु, चापागाउँ र फूलचोकीसँग सिमाना जोडिएको काभ्रे र ललितपुरका एक दर्जनभन्दा बढी स्थानमा खोजी गरेको थियो। महानगरीय प्रहरी वृत सातदखोबाटोका डीएसपी विनोद सिलवालले बालक जान सक्ने आशंका भएका सबै स्थानमा खोजी कार्य जारी राखेको बताउनुभयो।

आइतबार दिउँसो स्थानीयले बसमा यात्रा गरेको देखेको जानकारी पाएपछि खोजी गर्न सबै टोलीले फूलचोकी क्षेत्रभन्दा पनि गाउँघरतिर लागेका छन्। बिहीबार बिहान हाइकिङ गरी फर्कने क्रममा दिउँसो करिब साढे ३ बजे उनी फूलचोकीबाट बेपत्ता भएका थिए। गोदावरी आउनु करिब ३ किलोमिटर बाँकी रहँदा विद्यार्थी सम्पर्कविहीन भएका थिए। उनलाई खोज्न सो विद्यालयका अभिभावक, विद्यार्थी र आफन्तसमेत लागि परेका छन्।

विद्यालयका प्रिन्सिपल दुर्गा ओली आफैंले सो विद्यालयका कक्षा ५ का १० र ६ कक्षामा अध्ययनरत जोनसहित ११ जना विद्यार्थी हिउँ खेल्न भन्दै फूलचोकी लग्नुभएको थियो। हराएका विद्यार्थी खोज्न प्रहरीले प्रिन्सिपललाई समेत सँगै लगेको छ। छोराको अवस्था बारे जानकारी नपाएपछि आफन्तहरू महानगरीय प्रहरी वृत सातदोबाटो पुगेका छन्। तामाङकी आमा रिना, उनका दाजु जेम्स, काका दीपक राईले जोनलाई खोजिदिन आग्रह गरेका थिए। विद्यार्थी बेपत्ता भएपछि विद्यालयका प्रिन्सिपल ओलीलाई सातदोबाटो प्रहरी वृतले नियन्त्रणमा लिई हिरासतमा राखेको छ।

यसैगरी प्याब्सन ललितपुरले जिल्लाबाट विद्यार्थी भ्रमणमा जादा अनिवार्य रूपमा प्याब्सनलाई जानकारी दिन आग्रह गरेको छ। ६ दिनदेखि फूलचोमीमा हाइकिङ गर्न जाँदा हराइरहेका अजय शिक्षा सदनका तामाङको घटना दोहोरिन नदिन त्यस्तो व्यवस्था गर्न लागेको हो। प्याब्सनले शैक्षिक भ्रमण, पिक्निक, हाइकिङको नाममा विद्यार्थी भ्रमणमा लैजाँदा प्याब्सनलाई जानकारी होस् भन्ने उद्देश्यले भ्रमणमा जाँदा जानकारी दिन आग्रह गरेको हो। ललितपुरका जिल्ला शिक्षा अधिकारी देवेन्द्रराज खनालले जुनसुकै विद्यालयका विद्यार्थी विद्यालय बाहिर जाँदा जिल्ला शिक्षा कार्यालयलाई समेत जानकारी दिनुपर्ने बताउनुभयो। उहाले भन्नुभयो- 'जानकारी दिनुपर्ने त हो तर हालसम्म एकाधबाहेक कसैले सोध्ने गरेका छैनन्।' केही विद्यालयले राय माग्दा सुरक्षाको अवस्था हेरेर भ्रमणमा लैजान सल्लाह दिने बताएको जानकारी दिँदै उहाँले भन्नुभयो- 'जानकारी दिए सबै निकायलाई सजिलो हुने थियो नत्र समस्या पर्ने देखिएको छ।'

प्याब्सनका पूर्वअध्यक्ष राजेश खड्काले विद्यालय आफैंले सुरक्षाको प्रबन्ध गर्नुपर्ने बताउँदै आवश्यक महशुस भए जानकारी दिनु उपयुक्त हुने धारणा राख्नुभयो। उहाँले विद्यार्थीको अभिभावकलाई भने पूर्णरूपमा जानकारी दिनुपर्ने बताउनुभयो। तामाङ हराएपछि अस्ति आइतबार ललितपुरमा बसेको सरोकारवालाको बैठकले विद्यार्थी शैक्षिक भ्रमणमा जादा पूर्णरूपमा सुरक्षा अपनाउनुपर्ने निर्णय गरेको छ।

जिल्ला शिक्षा अधिकारीको अध्यक्षतामा अभिभावक संघ, शिक्षक संघ, संगठन, प्याब्सन, एन प्याब्सनसहितको बैठकले तत्काल हराएका बालक खोज्न शिक्षक परिचालन गर्ने निर्णय गरेको छ। जिशिअ खनालले हराएको स्थानमा सबै सुरक्षाअंग परिचालन गरी तत्काल विद्यार्थीलाई खोजी गर्नसमेत आग्रह गर्नुभएको थियो।

## सार्वजनिक विद्यालयलाई हेर्ने दृष्टि सकारात्मक बनाउन आग्रह

नेपाल समाचारपत्र

ललितपुर



स्थानीय तहले सार्वजनिक विद्यालयले दिँदै आएको शिक्षालाई थप गुणस्तरीय बनाउनेसंगै यसलाई हेर्ने दृष्टि बदल्न सशक्त भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइएको छ।

ललितपुर महानगरपालिका-१२ टंगलमास्थित मीननाथ आदर्श शिक्षा सदन आधारभूत विद्यालय ललितपुर दोस्रो पूर्वविद्यार्थी भेलाका सहभागीहरूले सो जोड दिएका हुन्। जिल्ला शिक्षा कार्यालय स्थानीय तहमा गाभिएसंगै अब शिक्षालाई गुणस्तर, सार्वजनिक विद्यालयको व्यवस्थापन र समग्र प्रणाली सुधार्ने संगै शहरबजारमा यसलाई हेर्ने दृष्टि सकारात्मक बनाउन सशक्त भूमिका निर्वाह गर्नुपर्ने पनि उनीहरूको जोड रहेको छ।

सो भेलाको उद्घाटन ललितपुर महानगरपालिकाका उपप्रमुख गीता सत्यालले गर्नुभयो। पूर्वविद्यार्थी भेला आयोजक समितिका संयोजक कविन्द्रराज ताम्राकारको सभापतित्वमा सो भेला भएको थियो।

सो कार्यक्रममा ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णलाल महर्जन अरनिको सांस्कृतिक तथा व्यापारिक समाजका अध्यक्ष अजरमान जोशी, ललितपुर महानगरपालिका-१२ का अध्यक्ष नारायणलाल अवाले, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कल्याण कृष्ण ताम्रकारलगायतले सार्वजनिक दिने शिक्षालाई गुणस्तरीय बनाउँदै यसलाई हेर्न दृष्टि सकारात्मक बनाउनुपर्नेमा जोड दिँदै आ-आफ्नो भनाई राख्नुभयो।

सो अवसरमा विद्यालयलाई आर्थिक तथा भौतिक सहयोग गर्नुहुने पूर्वविद्यार्थी, शिक्षक, विभिन्न संघसंस्थाहरूलाई कदर तथा सम्मान गरियो। कार्यक्रममा पूर्वविद्यार्थीहरू तथा अध्ययनरत विद्यार्थीहरूबाट सांगीतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो।

## एक महिनादेखि अनसन जारी

कृष्णउदास खनाल, वीरगन्ज,

यही माघ ३ गते बसेको मन्त्रिपरिषद्को बैठक बस्नुभन्दा अगाडि नै वीरगन्जमा आन्दोलन जारी थियो। मुलुकको प्रमुख प्रवेशद्वार मानिएको वीरगन्जको घण्टाघरमा एकथान मानिसहरू आन्दोलन स्वरूप अनसनमा बसिरहेका थिए।

शीत लहरको कुनै परवाह नगरी राजनीतिक दलका नेताहरूसहित स्थानीय सामाजिक अगुवाहरूको अनसनमा सहभागिता थियो। वीरगन्जमा पुसको लगभग तेस्रो साताबाट शुरू गरिएको रिले अनसन सोमबार २७औं दिनसम्म आइपुग्दा पनि जारी छ।वीरगन्जलाई २ नम्बर प्रदेशको राजधानी धोषणा गरियोस् भनेर जारी राखिएको अनसन जब माघ ३ गतेको मन्त्रिपरिषद्को बैठकले जनकपुरलाई २ नम्बर प्रदेशको अस्थायी राजधानी घोषणा गऱ्यो तब आन्दोलकारी र अनसनकारीको मन विक्षिप्त बन्यो। जनकपुर नभई कुनै बीच भागमा २ नम्बर प्रदेशको राजधानी घोषणा गरिएको भए आन्दोलन स्थगित पनि हुन सक्थ्यो जुन ठाउँ वीरगन्जवासीले चाहन्थेनन् त्यही ठाउँ राजधानी घोषणा भएपछि आन्दोलनकारीहरू अनसन लम्बाउन बाध्य भएको तरुण दल बाराका अध्यक्ष एवम् संघर्ष समितिका सदस्य लुकेश सिंहले बताए। खासगरी वीरगन्ज क्षेत्रका स्थानीयहरू जनकपुर २ नम्बर प्रदेशको राजधानी मान्न कुनै हालतमा पनि तयार नभएको उनी बताउछन्। वीरगन्जका लागि जनकपुर पायक पर्ने स्थान नभएका कारण पनि बिरोध भएको आन्दोलनकारीहरूको तर्क छ।

राजधानी माग गर्दै शुरू गरिएको आन्दोलन स्वरूप वीरगन्जको घण्टाघरमा रिले अनसन जारी राखिएको छ। अनसनमा नागरिक समाज, विद्यार्थीदेखि पत्रकार र स्वयम् राजनीतिक दलका नेता कार्यकर्ताहरूको पनि सहभागिता रहेको छ। यद्यपि मधेसवादी दलका नेता कार्यकर्ताहरूको भने खासै सहभागिता देखिएको छैन। मधेशवादी दलहरू जनकपुरलाई नै प्रदेश राजधानी मान्न तयार भए पनि अन्य दल भने तयार नभएको राजनीतिक विश्लेषकको तर्क छ। विश्लेषक वीरेन्द्र यादवले रिले अनसन आन्दोलनकारीहरूका लागि भने घाँडो भएको तर्क गर्दछन्।

बिनासहमति वा कुनै आधारबिना आन्दोलन स्थगित गरिँदा संघर्ष समितिमाथि विभिन्न आरोप लाग्ने भएकाले आन्दोलनको सौहार्द्रपूर्ण अवतरण चाहेको भए पनि आन्दोलनकारीहरूको भावनाको सम्वोधन हुन नसक्दा समस्या बल्झिएको उनको तर्क छ। मधेसवादी दलहरूका नेताहरूले नै वीरगन्ज राजधानी हुन नसक्ने बताएका कारण अब २ नम्बर प्रदेशको राजधानी वीरगन्ज घोषित हुने संभावना कम रहेको तर्कसमेत राजनीतिक वृत्तमा गरिएको छ।

## स्थानीय पदाधिकारीसम्मको मर्यादा क्रम

काठमाडौं, (नेस)

सोमबार साँझ बसेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुखलगायतको मर्यादाक्रम तोकेको छ।

स्थानीय तहका सबै पदाधिकारीको मर्यादाक्रम तोकिएको बैठकपछि उपप्रधान तथा शिक्षा मन्त्री गोपालमान श्रेष्ठले जानकारी दिनुभयो।

बैठकले नेसनल ट्रेडिङलाई खारेज गरी चलअचल सबै सम्पत्ति राज्यको मातहतमा ल्याउने, सशस्त्र द्वन्द्वका क्रममा मारिएका स्याङ्जाका देवान सिंह (सनी), देवबहादुर खवास, विष्णुबहादुर चन्द, मीनबहादुर बानियाँ क्षेत्री, नेत्रनारायण भण्डारी, रणबहादुर गुरुङ र रुद्रबहादुर गुरुङलाई शहीद घोषणा गर्ने पनि निर्णय गरेको जनाइएको छ।

नेपालगंज उप-महानगरपालिका कार्यालय
नेपालगंज, बाँके
भुलसुधार गरिएको सूचना
उपरोक्त सम्बन्धमा यस उप-महानगरपालिका अन्तर्गत वडा कार्यालयको लागि टेक्टर खरिद सम्बन्धी मिति २०७४।१०।०१ गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाको तपसिलको सि.नं. १ र २ को विवरणमा टेक्टर सानो साईजको २२ हर्ष पावर र टेक्टर ठूलो साईजको ४५ हर्ष पावर मात्र हुनु पर्नेमा अन्यथा हुन गएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र
ठूलो भऱ्याङ, काठमाडौं ।
प्रयोगात्मक परीक्षास्थल (ट्रायल सेन्टर) र सवारी साधनको प्रस्ताव आह्वानको सूचना
यस कार्यालयबाट सञ्चालन गरिने सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षाका लागि परीक्षास्थल (Trial Center) र सवारी साधनको आवश्यकता परेकोले प्रचलित कानूनबमोजिम दर्ता भई सञ्चालनको लागि अनुमति प्राप्त व्यक्ति/प्राइभेट फर्म/कम्पनीहरुबाट देहायका शर्तहरुको अधिनमा रही निःशुल्क रुपमा ट्रायल सेन्टर र चारपांग्रे (साना, मझौला र ठूला) सवारी साधन उपलब्ध गराउन सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा प्राविधिक प्रस्ताव पेश गर्न आह्वान गरिएको छ ।
**शर्तहरूः**
१) प्रयोगात्मक परीक्षा स्थल (ट्रायल सेन्टर) सवारी चालक अनुमतिपत्र वितरणका लागि सञ्चालन गरिने प्रयोगात्मक परीक्षा व्यवस्थित गर्ने निर्देशिका, २०६९ को संशोधित मापदण्ड बमोजिम हुनुपर्नेछ ।
२) ट्रायल सेन्टर काठमाडौं उपत्यकाभित्र हुनुपर्नेछ ।
३) प्रयोगात्मक परीक्षा स्थल साना, मझौला र ठूला सवारीको लागि छुट्टाछुट्टै वा एकै स्थानमा भएको ट्रायल सेन्टरले पनि प्रस्ताव पेश गर्न सक्नेछन् ।
४) कम्पनी/फर्मले हालसम्म नवीकरण र कर चुक्ताको अद्यावधिक प्रमाण संलग्न राख्नुपर्नेछ ।
५) प्रस्ताव तोकिएको म्यादभित्र यस कार्यालयमा सूचीकृतको लागि दर्ता गराई सक्नुपर्ने छ । म्याद नाघी प्राप्त भएका कुनै प्रस्ताव दर्ता गरिने छैन ।
६) पर्न आएका प्राविधिक प्रस्ताव निर्धारित समयमा प्रस्तावकको उपस्थिति र प्रतिनिधिको रोहबरमा खोलिने छ ।
७) प्राप्त प्रस्तावहरु दर्तापछि यातायात व्यवस्था विभाग समेतको प्राविधिकको संयुक्त समितिबाट अनुगमन गरी मापदण्ड बमोजिम भए नभएको प्रतिवेदन/रायका आधारमा चक्रीय प्रणाली अनुसार सञ्चालन गर्ने गरी कार्यालयको रोष्टर सूचीमा सूचीकृत गरिनेछ ।
८) रोष्टरमा सूचीकृत ट्रायल सेन्टरको प्रयोगात्मक परीक्षास्थल र सवारी साधन कार्यालयले मिति तोकी परीक्षा सञ्चालनको लागि प्रयोग गर्नेछ ।
९) प्राप्त प्रस्तावहरु छानबिन हुँदा कुनै प्राविधिक कठिनाई पाइएमा सो प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन ।
१०) ट्रायल सेन्टरमा परीक्षार्थीलाई बस्ने व्यवस्था, पानी, बत्ती, महिला तथा पुरुष शौचालय र सवारी साधन आवतजावतका लागि दोहोरो द्वारको प्रबन्ध हुनुपर्ने छ ।
११) प्रयोगात्मक परीक्षास्थलमा ट्राफिक लाइट, सि.सि क्यामराको फुटेज हेर्न सकिने प्राविधिक उपकरणको उचित व्यवस्थापन हुनुपर्ने छ ।
१२) ट्रायल सेन्टरले सिकारु प्रशिक्षार्थीलाई प्रलोभनमा पारी थप रकम लिन वा अन्य अनुचित लाभ लिने गरी कुनै पनि काम गर्न पाइने छैन ।
१३) कार्यालयले प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा ट्रायल सेन्टरसँग कुनै प्रकारको शुल्क, दस्तुर लिने दिने छैन, साथै कुनै प्रकारको लिखित सम्झौता पनि गरिने छैन ।
१४) फर्मले प्रस्ताव पेश गर्दा सिकारुलाई सिकाउने दररेट पनि सँगै पेश गर्नुपर्नेछ ।
**सवारी साधनको हकमा**
१) चारपांग्रेको हकमा न्यूनतम ८०० सि.सि.को कन्डिसनमा रहेका ४ थान सवारी साधन र मझौला, ठूला र अन्य सवारी साधन आवश्यकता अनुसार ट्रायल सेन्टरले नै उपलब्ध गराउनु पर्नेछ । उक्त सवारी साधनको मर्मत सम्भारको जिम्मेवारी सेन्टरकै हुनेछ ।
२) प्रस्तावसँगै सवारी साधन आफ्नै स्वामित्वमा भएको वा भाडामा लिएको कागजात र सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
३) प्रयोगात्मक परीक्षा सञ्चालन गरिने दिन सो सेन्टरमा सवारी साधन सिकाउन पाइने छैन । सिकाएको पाइएमा कार्यालयले परीक्षा सञ्चालन गर्ने छैन र रोष्टरबाट हटाई कालोसूचीमा राखिनेछ ।
तोकिएका शर्तहरु उल्लंघन भएको पाइएमा जुनसुकै समयमा त्यस्ता ट्रायल सेन्टरलाई रोष्टरबाट हटाई कालोसूचीमा राखिनेछ । उल्लिखित शर्तहरु पुरा नभएको वा प्रक्रिया नपुगी दर्ता भएका प्रस्ताव उपर अन्तिम निर्णय गर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

### सरकार...

स्रोतका अनुसार मन्त्रालयसँग भएको प्रतिष्ठानलाई सहयोग गर्ने मन्त्रालयको बजेट ६० करोडमा ६ दर्जनभन्दा धेरै परिधिभित्र नपर्ने र बाँड्नु नपर्ने कम्पनीलाई बाँड्न दबाब दिइएको थियो। सचिव न्यौपानेलाई उक्त रकम वितरण गर्न दबाब आएको थियो। सोही मन्त्रालयका सह-सचिव सुरेश आचार्य मन्त्रालयमा सचिव हुँदाहुदै आफैंलाई निमित्त सचिव बनाउन आफ्नै हस्ताक्षर गरेको प्रस्ताव लिई मन्त्रिपरिषद् पुग्नुभएको थियो। उक्त प्रस्ताव नियमसंगत नभएको भन्दै मन्त्रिपरिषद्ले फिर्ता पठाइदिएको थियो।

यस्तै गत असोज ९ गते पनि नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक सन्जीव गौतमलाई हटाउने निर्णय भएको थियो। तर निर्वाचन आयोगले निर्वाचन आचारसंहिता लागू भएकाले उक्त निर्णय कार्यान्वयनमा रोक लगाएको थियो।

महानिर्देशक गौतमलाई हटाएर हवाई उडड्यन महाशाखा प्रमुख सहसचिव आचार्यलाई प्राधकिरणको महानिर्देशक बनाउन खोजिएको थियो। तर गौतमलाई हटाउन आयोगले रोकेको थियो। भनिन्छ, उप-प्रधानमन्त्री विजयकुमार गच्छदार र सहसचिव आचार्य सुनसरी जिल्ला निवासी हुनुहुन्छ।

उता लुम्बिनी विकास कोषको सदस्य-सचिव नियुक्तिमा समेत आफूले चाहेको मान्छे राख्न दवाव दिइँदै आएको छ। यसका लागि प्रधानमन्त्री-पत्नी देउवाले कांग्रेसका प्रतिनिधिसभा सदस्य भरत शाहकी पत्नी अनिता ढुंगाना शाहलाई सदस्य-सचिव बनाउन चाहेको स्रोतको दाबी छ। उप-प्रधानमन्त्री गच्छदार र मन्त्री देवले भने सो पदमा इँट्टा व्यवसायी लक्ष्मीप्रसाद महर्जनलाई ल्याउन खोजेको बताइन्छ।

स्रोतका अनुसार विमानस्थलमा नयाँ जडान गर्नका लागि नयाँ प्रविधिको भन्दा नराम्रो महँगो मेसिन किन्ने योजनामा पनि सचिव न्यौपानेले असहमति जनाउँदै आउनुभएको थियो।

उहाँ नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक हटाउने, मन्त्रालय अन्तर्गतका विकास समिति, बृहत्तर विकास समितिलगायतका ६ निकायका पदमा आफूअनुकुल राजनीतिक नियुक्त गर्ने, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा क्यासिनो खोल्न अनुमति दिनेजस्ता विषयमा सहमत हुनुहुन्थेन।

सचिव न्यौपानेले गैरकानूनी कामहरूमा आफूलाई निरन्तर दबाब आएको स्वीकारर्दै आफूले भनेको नमान्दा सरुवा गरिएको दाबी गर्नुभयो।

### राजधानीमा...

विदेशी चिकित्सकले नेपालमा चिकित्सकीय अभ्यास गर्न नेपाल मेडिकल काउन्सिलको नियमअनुसार अनुमतिपत्र लिनुपर्छ। अनुसन्धानको दायरामा पुगेका ती विदेशी नागरिकले चिकित्सा विज्ञानको अध्ययन समेत पूरा गरिनसकेको हुन सक्ने अनुमान गरिएको छ।

### गोन्जालेज...

परराष्ट्र मन्त्रालयको समन्वयमा उहाँले विभिन्न मन्त्रालयका अधिकारीहरूसँग भेटवार्ता गर्नुभएको सो मन्त्रालयका सहायक प्रवक्ता रामबाबु ढकालले जानकारी दिनुभयो। यही सिलसिलामा गोन्जालेज मोरङ र कैलालीको भ्रमणमा जाने कार्यतालिका तय भएको उहाँले बताउनुभयो। ती जिल्लाका सरकारी अधिकारी र अन्य सरोकारवालासँग गोन्जालेजले भेटवार्ता र छलफल गर्ने बताइएको छ। स्वतन्त्र विश्लेषकका रूपमा नेपाल आए पनि यहाँको समग्र वस्तुस्थिति समेटेर राष्ट्रसंघीय मानव अधिकार परिषद्लाई सुझावसहितको रिपोर्ट बुझाउनु हुनेछ।

### आठवटा...

यसमा महिला सदस्य निर्वाचित गर्नका लागि स्थानीय तहका प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षले मतदान गर्ने, महिला सदस्य निर्वाचित गर्नका लागि प्रदेशसभा सदस्यले मतदान गर्ने रहेका छन्। त्यसै गरी दलित सदस्य निर्वाचित गर्नका लागि स्थानीय तहका प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षले मतदान गर्ने, दलित सदस्य निर्वाचित गर्नका लागि प्रदेशसभा सदस्यले मतदान गर्ने मतपत्रको नमुना रहेका छन्।यस्तै अपांगता भएका वा अल्पसंख्यक समूदायका सदस्य निर्वाचित गर्नका लागि स्थानीय तहका प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षले मतदान गर्ने, अपांगता भएका वा अल्पसंख्यक समुदायका सदस्य निर्वाचित गर्नका लागि प्रदेशसभा सदस्यले मतदान गर्ने नमूना मतपत्र रहेका छन्। अन्य सदस्य निर्वाचित गर्नका लागि स्थानीय तहका प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षले मतदान गर्ने र प्रदेशसभा सदस्यले मतदान गर्ने मतपत्रको नमूना आयोगले सार्वजनिक गरेको हो। निर्वाचनबाट तीन महिला, एक दलित, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदायबाट एकसहित प्रत्येक प्रदेशबाट आठजनाका दरले राष्ट्रियसभा सदस्यमा निर्वाचित हुनेछन्। ५९ सदस्यीय राष्ट्रियसभामा तीन जना भने सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनयन हुने संवैधानिक व्यवस्था छ।


### शहीद...

शहीद घोषणा गर्ने कुरालाई राज्यले ख्यालठट्टा सम्झिँदा वास्तविक शहीदको अवमूल्यन भएको उहाँको विश्लेषण छ। अधिकारकर्मी प्रसाई भन्नुहुन्छ,-'मापदण्डलाइ लत्याउँदै शहीद घोषणा गर्नु बेइमानी हो।'

अर्कोतिर मापदण्डमा नटेकी हचुवाको भरमा शहीद घोषणा गरिँदा राज्यलाई अर्बौं रूपियाँ व्ययभार परेको छ। सरकारद्वारा राजनीतिक प्रभाव र दबाबका आधारमा शहीद घोषणा गरिँदा अर्बौं रूपियाँ व्ययभार परेको हो। माधवकुमार नेपाल नेतृत्वको सरकारले मोदनाथ प्रश्रितको संयोजकत्वमा शहीद मापदण्ड निर्माण समिति बनाएको थियो। सो समितिले तयार पारेको प्रतिवेदनमा भनिएको छ,- 'सबैले मान्ने तिनै ४ जना (धर्मभक्त माथेमा, दशरथ चन्द, गंगालाल श्रेष्ठ र शुक्रराज शास्त्री) र प्रजातन्त्रको आन्दोलनका क्रममा राज्यद्वारा मारिएका मान्छे नै असली शहीद हुन्।' यद्यपि सरकारी अभिलेखमै शहीदको एकिन तथ्यांक छैन। गृहमन्त्रालयका प्रवक्ता नारायणप्रसाद दुवाडीका अनुसार सरकारले पछिल्लोपटक १ सय ९० जनालाई शहीद घोषणा गरेको छ। सरकारद्वारा २०६५ पुस ९ गते ६ हजार ३ सय ४४ जनालाई शहीद घोषणा गरेको थियो।

शहीदको एकिन संख्याबारे पवक्ता दुवाडी भन्नुहुन्छ,- 'ठ्याक्कै यति भन्ने तथ्यांक नै छैन। त्यो तथ्यांक हामीसँग हुँदा पनि हुँदैन। हामीले त शहीद घोषणाको निर्णय सार्वजनिक मात्रै गर्ने हो।' उता शान्ति तथा पुनर्निर्माण मन्त्रालयका अनुसार २०६७ सालमा १० वर्षे शशस्त्र द्वन्द्वमा मारिएका १ हजार ६ सय १९ जनालाई शहीद घोषणा गरिएको थियो। ती शहीदका परिवारलाई सरकारले एक अर्ब ६१ करोड ९० लाख रूपियाँ उपलब्ध गराएको शान्ति तथा पुनर्निर्माण मन्त्रालयका उपसचिव दुर्गाप्रसाद भुर्तेल जानकारी दिनुहुन्छ।

नेपाल समाचारपत्रसँग उहाँ भन्नुहुन्छ,- सरकारले शहीद घोषणा नगरेको भए पनि मृतकका परिवारलाई प्रतिपरिवार १० लाख उपलब्ध गराइएको हो।' स्मरणीय छ, देश र जनताको हकअधिकारका लागि आफ्नो प्राण आहुति दिने शहीदको सम्झनामा विसं २०१२ सालदेखि प्रत्येक वर्ष माघ १६ गते शहीद दिवस मनाइँदै आएको छ।



# अर्थ

2018, JAN Tuesday 30

आफूलाई नियतबस सरकारले ठगीको मुद्दा चलाएको तथा एउटै मुद्दामा दोहोरो सजाय दिइएको भन्दै बस्नेतले बन्दी प्रत्यक्षीकरण वा परमादेशका लागि मुद्दा दायर गरेको देखिन्छ।


## ज्योति हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ माघ १६, जनवरी ३०, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | ११०।४२ | १०२।०२ |
| युरो १ को रु. | १२५।७६ | १२६।५० |
| पाउन्ड स्टर्लिङ १ को रु. | १४२।७० | १४३।५५ |
| स्विस फ्रन्क १ को रु. | १०८।३६ | १०९।०० |
| अस्ट्रलियन डलर १ को रु. | ८२।०९ | ८२।५७ |
| क्यानाडियन डलर १ को रु. | ८२।१८ | ८२।६७ |
| सिङ्गापुर डलर १ को रु. | ७७।४२ | ७७।८८ |
| जापानी यन १० को रु. | ९।३३ | ९।३८ |
| चिनियाँ युआन १ को रु. | १६।०२ | १६।१२ |
| साउदी अरब रियाल १ को रु. | २७।०४ | २७।२० |
| कतारी रियाल १ को रु. | २७।८५ | २८।०२ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रु. | ३।२३ | ३।२५ |
| सं. अरब इमिरट दिराम १ को रु. | २७।६१ | २७।७८ |
| मलसियन रिङ्गिट १ को रु. | २६।१३ | २६।२८ |
| दक्षिण कारियन वन १०० को रु. | ९।४८ | ९।५३ |

#### खरिद दर

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रु. | १२।८५ |
| डेनिस क्रानर १ का रु. | १६।९० |
| हङकङ डलर १ का रु. | १२।९७ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# ओरियन्टलका बचतकर्ताले रकम फिर्ता पाउने !

हेमन्त जोशी, काठमाडौं

ओरियन्टल सहकारी संस्थाबाट पीडित सर्वसाधारणले आफ्नो निक्षेप साँवा र ब्याजसहित फिर्ता पाउने भएका छन्। सहकारी तथा गरिबी निवारण मन्त्रालयले समस्याग्रस्त सहकारी व्यवस्थापनका लागि समिति गठन गरेपछि उक्त समितिले पहिलो चरणमा ओरियन्टल सहकारीका बचतकर्ताको दायित्व भुक्तानीका लागि जिम्मेवारी लिएको हो।

२०७० साल मंसिरमा बचत तथा ऋणको कारोबार गर्ने समस्याग्रस्त सहकारीका लागि गठन गरिएको जाँचबुझ आयोगको प्रतिवेदनले १ सय ३२ वटा सहकारीलाई समस्याग्रस्त सहकारी घोषणा गरेको थियो। ती संस्थामा सर्वसाधारण बचतकर्ताको करिब ११ अर्ब रुपियाँ हिनामिना भएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार सबैभन्दा बढी ओरन्टल को-अपरेटिभ लिमिटेडबाट ५८ जिल्लाका १२ हजारभन्दा बढी बचतकर्ताबाट ७ अर्ब रुपियाँभन्दा बढी रकम हिनामिना भएको छ।

व्यवस्थापन समितिले पहिलो चरणमा ओरियन्टल सहकारीको व्यवस्थापन तथा उसले बचतकर्तालाई तिर्न बाँकी रहेको दायित्व भुक्तानीका लागि काम गर्ने सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव रघुराम विष्टले बताउनुभयो। 'मन्त्रालयले सहकारी ऐन २०७४ को दफा १०४ बमोजिम समस्याग्रंस्त घोषणा भएका सहकारी संघसंस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्यका लागि समिति गठन गरेपछि ओरियन्टललगायत अन्य सहकारी सदश्यहरूको डुबेको रकम भुक्तानी हुने आशा देखिएको छ।' विष्टले नेपाल समाचारपत्रसँग कुरा गर्दै भन्नुभयो। सहकारी ऐन २०७४ बमोजिम मन्त्रालयले गत कार्तिक २० गते ओरियन्टल सहकारी संस्थालाई समस्याग्रस्त सहकारी घोषणा गरेको थियो। ओरियन्टलको मुद्दा सहकारी क्षेत्रमा हालसम्मकै सबैभन्दा ठूलो रकम हिनामिनाको काण्ड हो। गत वर्ष ओरियन्टल को-अपरेटिभका पीडितले ब्याजसहित रकम फिर्ताका लागि २३ दिनसम्म सहकारी विभागमा रिले अनसनसमेत गरेका थिए।

सहकारी तथा गरिबी निवारण मन्त्रालयका सूचना अधिकारी उपेन्द्रबहादुर ढुंगानाले ४ वर्षअघि बन्द भएको उक्त सहकारीको व्यवस्थापन हेर्ने र निक्षेपकर्ताका रकम फिर्ता गर्नका लागि वातावरण बनाउन आवश्यक पहल गरिने बताउनुभयो। पहिलो चरणमा समितिले समसयाग्रस्त संस्था वा संघका समितिको सदस्य, निजको परिवार नातेदार, संस्थाका कर्मचारी, संस्थासँग सम्बन्धित अन्य संस्थाका कर्मचारीसँग सोधपुछ, बयान तथा आवश्यक कागजात पेश गर्न लगाउने ढुंगानाको भनाइ छ। पहिलो चरणको अनुसन्धान सकिएपछि समितिले संस्थाको सम्पत्ति तथा दायित्वको यकीन विवरण तथा तथ्यांक संकलन गरी अध्ययन विश्लेषण, लेखाजोखा र मूल्यांकनको काम गर्नेछ। सम्पत्ति मूल्यांकनसँगै लिलाम बिक्रीमार्फत् बचतकर्ताको बचत रकम ब्याजसहित उपलब्ध गराइने ढुंगानाले बताउनुभयो।

सहकारी संस्थाले अर्बौं रकम हिनामिना गरेको उजुरी मन्त्रालय तथा विभागमा परे पनि असुल उपर गर्न कानुनी व्यवस्था नभएका कारण यसअघि ठगी गर्ने सहकारी संस्थाहरू कानुनको दायरामा आउन सकेका थिएनन्। सहकारी ऐन २०४८ ले कानुन उल्लंघन गर्ने सहकारी संस्थालाई नियामक निकायले १५ सय रुपियाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरेको थियो। तर, उक्त व्यवस्थालाई सहकारी ऐन २०७४ मा परिमार्जन गरी सञ्चालकले ठगी गरेमा बिगो बमोजिम जरिवाना र अधिकतम् १० वर्षसम्म जेल सजाय तोकिएको छ।

यसैबीच दुई वर्षदेखि ठगी मुद्दामा डिल्लीबजार कारागारमा कैद सजाय भुक्तानी गरिरहेका ओरियन्टल को-अपरेटिभ लिमिटेडका सञ्चालक सुधीर बस्नेतले जेलबाटै सरकारविरुद्ध मुद्दा दायर गरेका छन्। बस्नेतले कारगारबाटै बन्दी प्रत्यक्षीकरण, प्रतिषेध, परमादेशलगायतको अन्य उपर्युक्त आदेश जारी गरीपाऊ भन्दै सर्वोच्च अदालतमा गत पुस ३ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गृह मन्त्रालयलगायत एक दर्जन बढी सरकारी निकायलाई विपक्षी बनाई मुद्दा दर्ता गरेका हुन्।

## SHARE MARKET

29 JANAURY MONDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 8266.00 | 347.00 | 340.00 | 340.00 | -6.00 |
| 2 | Api Power Company Ltd. | 1155.00 | 392.00 | 377.00 | 392.00 | 10.00 |
| 3 | Arun "inance Limited | 160.00 | 157.00 | 157.00 | 157.00 | -3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 423.00 | 332.00 | 328.00 | 332.00 | -2.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 4686.00 | 203.00 | 196.00 | 201.00 | 4.00 |
| 6 | Asian Life Insurance Co. Limited | 836.00 | 885.00 | 875.00 | 883.00 | -4.00 |
| 7 | Bank of Kathmandu Ltd. | 13014.00 | 400.00 | 394.00 | 397.00 | -4.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 360.00 | 186.00 | 180.00 | 185.00 | -4.00 |
| 9 | Bishal Bazar Company Limited | 357.00 | 1940.00 | 1885.00 | 1940.00 | 75.00 |
| 10 | Butwal Power Company Limited | 6939.00 | 635.00 | 626.00 | 633.00 | 5.00 |
| 11 | Central "inance Co. Ltd. | 1616.00 | 137.00 | 137.00 | 137.00 | 0.00 |
| 12 | Century Commercial Bank Ltd. | 23872.00 | 198.00 | 194.00 | 196.00 | 2.00 |
| 13 | Chhimek Laghubitta Bikas Bank Limited | 220.00 | 1020.00 | 1000.00 | 1020.00 | 8.00 |
| 14 | Chhyangdi Hydropower Ltd. | 192.00 | 176.00 | 170.00 | 170.00 | -3.00 |
| 15 | Chilime Hydropower Company Limited | 3046.00 | 880.00 | 867.00 | 876.00 | -3.00 |
| 16 | Citizen Bank International Limited | 10648.00 | 280.00 | 274.00 | 274.00 | -6.00 |
| 17 | Citizen Investment Trust | 631.00 | 3511.00 | 3443.00 | 3480.00 | -3.00 |
| 18 | Civil Bank Ltd | 4207.00 | 183.00 | 176.00 | 179.00 | 2.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 366.00 | 835.00 | 811.00 | 835.00 | 9.00 |
| 20 | Deprosc Development Bank Limited | 1390.00 | 856.00 | 835.00 | 845.00 | 5.00 |
| 21 | Deva Bikas Bank Limited | 3375.00 | 175.00 | 174.00 | 174.00 | -2.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 150.00 | 146.00 | 144.00 | 146.00 | -1.00 |
| 23 | Everest Bank Limited | 9402.00 | 878.00 | 860.00 | 865.00 | -8.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 10.00 | 675.00 | 675.00 | 675.00 | -13.00 |
| 25 | Everest Insurance Co. Ltd. | 237.00 | 1652.00 | 1615.00 | 1618.00 | -2.00 |
| 26 | Excel Development Bank Ltd. | 2012.00 | 361.00 | 355.00 | 360.00 | -1.00 |
| 27 | "irst Micro "inance Dev. Bank Ltd. | 2347.00 | 581.00 | 569.00 | 578.00 | -2.00 |
| 28 | "orward Community Mic. Bittiya San. Ltd. | 633.00 | 3320.00 | 3261.00 | 3315.00 | 0.00 |
| 29 | Gandaki Bikas Bank Limited | 3055.00 | 234.00 | 228.00 | 230.00 | 0.00 |
| 30 | Gandaki Bikas Bank Limited Pro. Share | 8446.00 | 150.00 | 150.00 | 150.00 | 0.00 |
| 31 | Garima Bikas Bank Limited | 1245.00 | 197.00 | 194.00 | 197.00 | 2.00 |
| 32 | Global IME Bank Limited | 9113.00 | 320.00 | 317.00 | 318.00 | -2.00 |
| 33 | Global IME Samunnat Scheme-1 | 3000.00 | 9.90 | 9.90 | 9.90 | 0.10 |
| 34 | Goodwill "inance Co. Ltd. | 1135.00 | 147.00 | 143.00 | 147.00 | 2.00 |
| 35 | Green Development Bank Ltd. | 506.00 | 171.00 | 166.00 | 170.00 | 4.00 |
| 36 | Guheshowori Mer. Bank & "in. Co. Ltd. | 1500.00 | 150.00 | 150.00 | 150.00 | -3.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 3648.00 | 935.00 | 921.00 | 930.00 | 0.00 |
| 38 | Gurkhas "inance Ltd. | 730.00 | 138.00 | 136.00 | 136.00 | -2.00 |
| 39 | Hamro Bikas Bank Ltd. | 228.00 | 166.00 | 163.00 | 163.00 | -3.00 |
| 40 | Himalayan Bank Limited | 4151.00 | 665.00 | 655.00 | 661.00 | 4.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 6496.00 | 480.00 | 469.00 | 471.00 | -9.00 |
| 42 | Himalayan Power Partner Ltd. | 590.00 | 368.00 | 364.00 | 367.00 | 0.00 |
| 43 | IC"C "inance Limited | 1482.00 | 209.00 | 205.00 | 206.00 | -2.00 |
| 44 | IME General Insurance Ltd. | 400.00 | 991.00 | 972.00 | 990.00 | 0.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 45030.00 | 165.00 | 160.00 | 162.00 | -3.00 |
| 46 | Janaki "inance Ltd. | 524.00 | 178.00 | 175.00 | 175.00 | -3.00 |
| 47 | Janata Bank Nepal Ltd. | 21572.00 | 185.00 | 180.00 | 183.00 | 0.00 |
| 48 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 65.00 | 2900.00 | 2844.00 | 2900.00 | -2.00 |
| 49 | Jyoti Bikas Bank Limited | 1875.00 | 157.00 | 155.00 | 155.00 | -3.00 |
| 50 | Kabeli Bikas Bank Limited | 95.00 | 334.00 | 328.00 | 328.00 | -3.00 |
| 51 | Kailash Bikas Bank Ltd. | 2300.00 | 236.00 | 234.00 | 236.00 | 1.00 |
| 52 | Kailash Bikas Bank Ltd. Pro. Share | 36250.00 | 186.00 | 186.00 | 186.00 | 0.00 |
| 53 | Kalika Microcredit Dev. Bank Ltd. | 291.00 | 1575.00 | 1560.00 | 1575.00 | -5.00 |
| 54 | Kamana Sewa Bikas Bank Limited | 15792.00 | 167.00 | 161.00 | 165.00 | 3.00 |
| 55 | Kanchan Development Bank Limited | 33.00 | 202.00 | 202.00 | 202.00 | 0.00 |
| 56 | Kankai Bikas Bank Ltd. | 200.00 | 147.00 | 147.00 | 147.00 | -2.00 |
| 57 | Karnali Development Bank Limited | 1654.00 | 131.00 | 128.00 | 130.00 | 0.00 |
| 58 | Khanikhola Hydropower Co. Ltd. | 474.00 | 146.00 | 141.00 | 143.00 | -5.00 |
| 59 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 78.00 | 1760.00 | 1750.00 | 1760.00 | 13.00 |
| 60 | Kuber Merchant "inance Limited | 1030.00 | 198.00 | 195.00 | 195.00 | -3.00 |
| 61 | Kumari Bank Limited | 28018.00 | 281.00 | 271.00 | 275.00 | -4.00 |
| 62 | Laxmi Bank Limited | 12039.00 | 280.00 | 269.00 | 270.00 | -8.00 |
| 63 | Laxmi Equity "und | 11500.00 | 9.95 | 9.85 | 9.85 | -0.15 |
| 64 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 242.00 | 1250.00 | 1235.00 | 1250.00 | 15.00 |
| 65 | Laxmi Value "und-1 | 1000.00 | 11.31 | 11.31 | 11.31 | 0.01 |
| 66 | Life Insurance Co. Nepal | 860.00 | 1928.00 | 1905.00 | 1928.00 | 18.00 |
| 67 | Lumbini Bikas Bank Ltd. | 5062.00 | 174.00 | 167.00 | 169.00 | -2.00 |
| 68 | Lumbini General Insurance Co. Ltd. | 1565.00 | 588.00 | 581.00 | 584.00 | -1.00 |
| 69 | Machhapuchhre Bank Limited | 8730.00 | 272.00 | 264.00 | 265.00 | -5.00 |
| 70 | Mahalaxmi Bikas Bank Ltd. | 4012.00 | 190.00 | 183.00 | 187.00 | 0.00 |
| 71 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 287.00 | 793.00 | 770.00 | 770.00 | -18.00 |
| 72 | Mahuli Samudayik Lag. Sanstha Ltd. | 120.00 | 2850.00 | 2831.00 | 2849.00 | 6.00 |
| 73 | Manjushree "inance Ltd. | 2335.00 | 142.00 | 141.00 | 141.00 | -1.00 |
| 74 | Mero Microfinance Bittiya Sanstha Ltd. | 918.00 | 1323.00 | 1305.00 | 1319.00 | -9.00 |
| 75 | Mirmire Microfinance Dev. Bank Ltd. | 188.00 | 2800.00 | 2740.00 | 2800.00 | 60.00 |
| 76 | Mission Development Bank Ltd. | 500.00 | 242.00 | 241.00 | 242.00 | -3.00 |
| 77 | Miteri Development Bank Limited | 5417.00 | 310.00 | 300.00 | 306.00 | -4.00 |
| 78 | Mithila LaghuBitta Bikas Bank Ltd. | 103.00 | 983.00 | 983.00 | 983.00 | -17.00 |
| 79 | Muktinath Bikas Bank Ltd. | 4591.00 | 418.00 | 415.00 | 416.00 | -3.00 |
| 80 | Multipurpose "inance Company Limited | 167.00 | 336.00 | 308.00 | 308.00 | -34.00 |
| 81 | Nabil Balance "und 1 | 7793.00 | 16.65 | 16.60 | 16.62 | 0.01 |
| 82 | Nabil Bank Limited | 11653.00 | 1055.00 | 1045.00 | 1052.00 | 4.00 |
| 83 | NABIL Bank Limited Promotor Share | 4750.00 | 853.00 | 845.00 | 852.00 | 1.00 |
| 84 | Nabil Equity "und | 16035.00 | 10.00 | 9.92 | 9.92 | -0.08 |
| 85 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 648.00 | 2405.00 | 2351.00 | 2351.00 | -69.00 |
| 86 | National Hydro Power Company Limited | 4010.00 | 115.00 | 114.00 | 115.00 | 1.00 |
| 87 | National Life Insurance Co. Ltd. | 2308.00 | 1520.00 | 1501.00 | 1517.00 | -3.00 |
| 88 | National Microfinance Bittiya Sanstha Ltd. | 329.00 | 2270.00 | 2183.00 | 2226.00 | 0.00 |
| 89 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 345.00 | 2392.00 | 2345.00 | 2355.00 | 8.00 |
| 90 | Neco Insurance Co. Ltd. | 6705.00 | 570.00 | 565.00 | 569.00 | 4.00 |
| 91 | Nepal Bangladesh Bank Limited | 12627.00 | 265.00 | 260.00 | 260.00 | -4.00 |
| 92 | Nepal Bank Limited | 31426.00 | 360.00 | 355.00 | 356.00 | -4.00 |
| 93 | Nepal Community Dev. Bank Ltd. | 998.00 | 144.00 | 141.00 | 141.00 | -1.00 |
| 94 | Nepal Credit And Com. Bank Limited | 3654.00 | 329.00 | 323.00 | 325.00 | -2.00 |
| 95 | Nepal Doorsanchar Comapany Limited | 3849.00 | 770.00 | 760.00 | 769.00 | -2.00 |
| 96 | Nepal Grameen Bikas Bank Ltd. | 1175.00 | 661.00 | 652.00 | 658.00 | -3.00 |
| 97 | Nepal Hydro Developers Ltd. | 250.00 | 218.00 | 213.00 | 215.00 | 0.00 |
| 98 | Nepal Insurance Co. Ltd. | 730.00 | 1277.00 | 1276.00 | 1276.00 | -9.00 |
| 99 | Nepal Investment Bank Limited | 13683.00 | 663.00 | 659.00 | 663.00 | 2.00 |
| 100 | Nepal Investment Bank Ltd. Pro. Share | 15975.00 | 588.00 | 581.00 | 588.00 | 7.00 |
| 101 | Nepal Life Insurance Co. Ltd. | 8420.00 | 1790.00 | 1760.00 | 1790.00 | 7.00 |
| 102 | Nepal SBI Bank Limited | 5011.00 | 597.00 | 590.00 | 595.00 | 0.00 |
| 103 | Nerude Laghubita Bikas Bank Limited | 1275.00 | 791.00 | 785.00 | 790.00 | -1.00 |
| 104 | Ngadi Group Power Ltd. | 447.00 | 234.00 | 226.00 | 234.00 | 4.00 |
| 105 | NIBL Pragati "und | 525.00 | 9.76 | 9.76 | 9.76 | 0.06 |
| 106 | NIC Asia Bank Ltd. | 17381.00 | 348.00 | 341.00 | 348.00 | 2.00 |
| 107 | Nirdhan Utthan Bank Limited | 1630.00 | 1215.00 | 1176.00 | 1176.00 | -16.00 |
| 108 | NLG Insurance Company Ltd. | 6064.00 | 1396.00 | 1370.00 | 1374.00 | -14.00 |
| 109 | NMB Microfinance Bittiya Sanstha Ltd. | 222.00 | 1784.00 | 1749.00 | 1757.00 | -28.00 |
| 110 | NMB Bank Limited | 18395.00 | 470.00 | 461.00 | 464.00 | 1.00 |
| 111 | NMB Hybrid "und L-1 | 1416.00 | 9.92 | 9.86 | 9.92 | 0.00 |
| 112 | NMB Sulav Investment "und-1 | 20500.00 | 12.72 | 12.70 | 12.72 | 0.11 |
| 113 | Om Development Bank Ltd. | 6653.00 | 229.00 | 223.00 | 224.00 | -3.00 |
| 114 | Oriental Hotels Limited | 900.00 | 665.00 | 655.00 | 655.00 | -8.00 |
| 115 | Pokhara "inance Ltd. | 1090.00 | 164.00 | 162.00 | 162.00 | -3.00 |
| 116 | Prabhu Bank Limited | 20513.00 | 235.00 | 232.00 | 232.00 | -5.00 |
| 117 | Prabhu Insurance Ltd. | 169.00 | 789.00 | 773.00 | 773.00 | -7.00 |
| 118 | Premier Insurance Co. Ltd. | 349.00 | 1340.00 | 1315.00 | 1315.00 | -20.00 |
| 119 | Prime Commercial Bank Ltd. | 4734.00 | 306.00 | 304.00 | 305.00 | -1.00 |
| 120 | Prime Life Insurance Company Limited | 3219.00 | 1693.00 | 1663.00 | 1693.00 | -7.00 |
| 121 | Progressive"inance Limited | 310.00 | 201.00 | 201.00 | 201.00 | -3.00 |
| 122 | Prudential Insurance Co. Ltd. | 12.00 | 753.00 | 753.00 | 753.00 | -11.00 |
| 123 | Purnima Bikas Bank Ltd. | 330.00 | 202.00 | 201.00 | 201.00 | -1.00 |
| 124 | Rastriya Beema Company Limited | 772.00 | 13200.00 | 12990.00 | 13200.00 | 80.00 |
| 125 | Rastriya Beema Company Ltd Pro. Share | 159.00 | 12785.00 | 12775.00 | 12785.00 | 0.00 |
| 126 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 174.00 | 1475.00 | 1460.00 | 1475.00 | 14.00 |
| 127 | Reliance "inance Ltd. | 1968.00 | 139.00 | 138.00 | 138.00 | 1.00 |
| 128 | Ridi Hydropower Dev. Company Ltd. | 1797.00 | 145.00 | 140.00 | 145.00 | 3.00 |
| 129 | RSDC Laghubitta Bittiya San. Ltd. | 224.00 | 1122.00 | 1100.00 | 1120.00 | -2.00 |
| 130 | Rural Microfinance Dev. Centre Ltd. | 521.00 | 659.00 | 650.00 | 656.00 | 1.00 |
| 131 | Sagarmatha Insurance Co. Ltd. | 400.00 | 1401.00 | 1400.00 | 1401.00 | -9.00 |
| 132 | Sahayogi Bikas Bank Limited | 578.00 | 223.00 | 219.00 | 220.00 | -7.00 |
| 133 | Sana Kisan Bikas Bank Ltd | 183.00 | 1190.00 | 1181.00 | 1190.00 | -9.00 |
| 134 | Sanima Bank Limited | 28092.00 | 345.00 | 341.00 | 344.00 | 1.00 |
| 135 | Sanima Mai Hydropower Ltd. | 11234.00 | 430.00 | 422.00 | 424.00 | -1.00 |
| 136 | Saptakoshi Development Bank Ltd. | 2276.00 | 139.00 | 136.00 | 139.00 | 1.00 |
| 137 | Shangrila Development Bank Ltd. | 6177.00 | 189.00 | 183.00 | 183.00 | -4.00 |
| 138 | Shikhar Insurance Co. Ltd. | 748.00 | 1190.00 | 1175.00 | 1175.00 | -9.00 |
| 139 | Shine Resunga Development Bank Ltd. | 118.00 | 295.00 | 291.00 | 291.00 | 0.00 |
| 140 | Shree Investment "inance Co. Ltd. | 237.00 | 248.00 | 244.00 | 248.00 | 8.00 |
| 141 | Siddhartha Bank Limited | 11816.00 | 380.00 | 375.00 | 379.00 | 1.00 |
| 142 | Siddhartha Equity "und | 2100.00 | 10.20 | 10.05 | 10.05 | 0.05 |

Total Amount Rs. 285,536,424 Total Quantity 715,854 Total No of Transactions 4,103

# ब्रिलेयर साइन्सको ब्रान्ड एम्बेसडरमा निल डेभिड

काठमाडौं, (नेस)




ब्रिलेयर साइन्स इन्डियाको सौन्दर्य प्रशोधनको नेपालमा आधिकारिक बिक्रेताका रूपमा डेल्टा मार्केटिङलाई नियुक्त गरेको छ। कम्पनीले काठमाडौंमा एक कार्यक्रम गरी ब्रिलेयर साइन्स नेपालको ब्रान्ड एम्बेसडरको रूपमा हेयर स्टाइलिस्ट निल डेभिड कटुवाललाई नियुक्तसमेत गरेको छ।

कार्यक्रममा ब्रिलियर साइन्सका अन्तर्राष्ट्रिय विभाग प्रमुख नारायण रेले उक्त उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ शतप्रतिशत प्राकृतिक वस्तु रहेको बताउनुभयो। वस्तु उत्पादनका लागि प्रयोग हुने कच्चापदार्थ अन्तर्राट्रिय रूपमा ख्याति कमाएका सर्टिफाइड कम्पनीबाट मात्र आयात गरिएको रेको भनाइ छ। ब्रिलेयर साइन्स शतप्रतिशत भेगान प्रमाणित प्राकृतिक कस्मेटिक्स ब्रान्ड भएकाले यसको कुनै साइड इफेक्ट नभएको र यसले छाला तथा कपाललाई कुनै किसिमको नकारात्मक असर उनको दाबी छ।

ब्रिलियर साइन्सको ब्रान्ड एम्बेसडर नियुक्त भएपछि निल डेभिडले आफूले कम्पनीको सूक्ष्म रूपमा अध्ययन गरेको तथा त्यसका उत्पादन आफूले प्रयोग गरेर मात्र अरूलाई विश्वास दिलाउन सकिने हुनाले यस कम्पनीमा आबद्ध भएको बताउनुभयो।

डेल्टा मार्केटिङका प्रमुख हेमन्त निरौलाका अनुसार कम्पनीका उत्पादन नेपाली हावापानी र नेपाली बजारमा सुहाउँदो बताउनुभयो।



## पूँजी विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

### तपसिलमा उल्लेखित ऋणी सदस्यहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मितिः २०७४।१०।१६**

यस संस्थाबाट व्यापारिक कर्जा लिनु भएका तपसिल बमोजिमको सदस्य ऋणीले यस संस्थासँग भएको गरेको सम्झौताअनुसार कर्जा भुक्तानी तालिका अनुसार कर्जाको सावाँ ब्याज नतिरी नबुझाई बाँकी राख्नु भएको र निजहरुलाई संस्थाको तर्फबाट पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत निजहरुले कर्जा भुक्तानी गर्नेतर्फ कुनै पहल नगरेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्पूर्ण कर्जाको सावाँ, ब्याज र संस्थाबाट लिने अन्य दै दस्तुर र हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्नु हुन यसै सूचनाद्वारा सुचित गरिन्छ । अन्यथा निजहरूले यस संस्थामा धितो स्वरुप लेखी लेखाई दिएको तपसिल बमोजिमको अचल सम्पत्ति लिलाम बिक्री गरी सहकारी ऐन २०४८ को दफा ३९ सहकारी नियमावली २०४९ को नियम २५ बमोजिम संस्थाले आफ्नो कर्जा रकम असुल उपर गरी लिने र सो धितो लेखिदिएको अचल सम्पत्तिबाट असुल उपर गर्दा नपुग भएमा निजहरुको नाममा भएको वा निजको हक लाग्ने अरू अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गर्ने व्यहोरा ऋणीहरू र जमानीकर्ताहरू तथा धितो लेखिदिने व्यक्तिहरू सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ऋणीको तीन पुस्ताको विवरण | धनजमानी | धितोको विवरण |
|---|---|---|
| **नाम : रत्न बहादुर श्रेष्ठ**<br>बाबु : राम बहादुर श्रेष्ठ<br>बाजे : भक्त लाल श्रेष्ठ<br>ठेगाना : सिन्धुपाल्चोक जि. बास खर्क गा.वि.स. वडा नं. २ घर भई हाल बुढानिलकण्ठ नगरपालिका वडा नं. १२ सूर्यदेव कोलनी ब्लक सी घर नं. ०९, आकाशेधारा, कपन बस्ने ।<br> | नाम : **इश्वर श्रेष्ठ**<br>नाम : **राम बहादुर श्रेष्ठ**<br><br> | १. मनमैंजु गा.वि.स. वडा नं. ३ (क) कि.नं. ६१६ क्षे.फ. ०-२-०-० । दर्तावाला जग्गा धनी रत्नबहादुर श्रेष्ठ ।<br>२. मनमैंजु गा.वि.स. वडा नं. ३ (क) कि.नं. ७५३ क्षे.फ. १-१-२-२ । दर्तावाला जग्गा धनी रत्नबहादुर श्रेष्ठ ।<br>३. मनमैंजु गा.वि.स. वडा नं. ३ (क) कि.नं. ७६४ क्षे.फ. १-१-१-० । दर्तावाला जग्गा धनी रत्नबहादुर श्रेष्ठ । |
| **नाम : सुनि मैंया श्रेष्ठ**<br>पति : रत्न बहादुर श्रेष्ठ<br>ससुरा : राम बहादुर श्रेष्ठ<br>ठेगाना : इंचगु नारायण वडा नं. १ घर भई हाल बुढानिलकण्ठ नगरपालिका वडा नं. १२ सूर्यदेव कोलनी ब्लक सी घर नं. ०९, आकाशेधारा, कपन बस्ने ।<br> | नाम : **रत्न बहादुर श्रेष्ठ**<br> | १. गोठाटार २ कि.नं. २१५ क्षे.फ. १७.८२ वर्ग मिटर । दर्तावाला जग्गा धनी रत्नबहादुर श्रेष्ठ ।<br>२. गोठाटार २ कि.नं. २१९ क्षे.फ. २०७.०० वर्गमिटर घर समेत । दर्तावाला जग्गा धनी रत्न बहादुर श्रेष्ठ । |

पूँजी विकास बचत तथा ऋण सहकारी संस्था लि.
PUNJI BIKAS SAVING & CREDIT CO-OPERATIVE LTD.
पाको, न्यूरोड, काठमाडौं, फोनः ४२२१५१७



RHINO 500D GUARANTEED DUCTILITY

**बिक्री मूल्य रु. प्रति किलोग्राम**

| स्थानहरु | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८५ | ८२ | ८५ | ८५ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८३।४० | ८०।४० | ८३।४० | ८३।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८४ | ८१ | ८४ | ८४ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८४ | ८१ | ८४ | ८४ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८५ | ८२ | ८५ | ८५ |
| पोखरा, स्याङ्जा | ८५ | ८२ | ८५ | ८५ |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।
नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)



### हकदावी गर्न आउने ३५ दिने सूचना

श्री धर्म बहादुर थापाको नाति, माधव राम थापाको छोरा, तनहुं जिल्ला मनपान गा.वि.स. वडा न. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी न.पा. वडा नं. २ बस्ने **श्री प्रेम बहादुर थापा**ले यस शाखामा बचत खाता न. १९६१५२४०३०१६१२ संचालन गर्दै आउनु भएकोमा मिति २०७४/०७/२१ गते श्री प्रेम बहादुर थापाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त बचत खातामा रहेको रकम पाउं भनी निज मृतकको पत्नी **श्रीमति विष्णु माया थापा**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०६३ को दफा ८१ वमोजिम यस निक्षेप उपर अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न आउनुहोला । अन्यथा माग वमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने व्यहोरा सूचित गरिन्छ । पछि कुनै उजुर बाजुरलाई मान्यता नदिइने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गराइन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
ठमेल शाखा, ठमेल, नेपाल


# एनसीसीको नयाँ शाखा

काठमाडौं, (नेस)। नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले काठमाडौं महानगरपालिका-३० स्थित रातोपुलमा एनसीसी बैंकको शाखाको उद्घाटन गर्नुभयो। बैंकको उद्घाटनका क्रममा डेपुटी गभर्नर शिवाकोटीले वित्तीय क्षेत्रमा बैंक तथा ग्राहकहरूले सुशासन कायम गर्नुपर्ने कुरा व्यक्त गर्नुभयो। उहाँले बैंकहरूले नै ठूलो भूमिका खेल्नुपर्ने भएकाले अबको दिनमा आफ्ना ग्राहकसमक्ष विभिन्न कार्यक्रममार्फत् बैंक आफैं पुग्नुपर्ने अपरिहार्यता रहेको बताउनुभयो।

कार्यक्रममा एनसीसी बैंक सञ्चालक समितिका अध्यक्ष उपेन्द्रकेशरी न्यौपानेले बैंकले नेपाल राष्ट्र बैंकको नीति तथा निर्देशनलाई पूर्ण रूपमा पालना गर्दै आगामी दिनमा दुर्गम क्षेत्रमा पनि सेवा विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

त्यस्तै बैंकका प्रमुख कार्यकारी अधिकृत रमेशराज अर्यालले बैंकले निकट भविष्यमै नेपाल राष्ट्र बैंकले तोके बमोजिम बैंकको चुक्ता पुँजी ८ अर्ब पुऱ्याउने प्रक्रियामा गई सकेको जानकारी गराउनुभयो।

{ सुनचाँदी व्यवसायी महासंघलाई पूर्व जानकारी गराएर महासंघकै प्रतिनिधिको रोहबरमा मात्रै राजस्व अनुसन्धानको टोलीले पसलमा छापा मार्नुपर्ने भए पनि महासंघलाई कुनै जानकारी नदिइकनै छापा मारेको उहाँको आरोप छ।

# ६ महिनामै ९ बैंकको नाफा अर्बमाथि

नेपाल समाचारपत्र

काठमाडौं

चालू आर्थिक वर्षको दोस्रो त्रैमासिकमै नौ बैंक अर्बपति क्लबमा परेका छन्। विभिन्न बैंकले प्रकाशन गरेको अपरिस्कृत वित्तीय विवरणका अनुसार ६ महिनाकै अवधिमा ती बैंकले एक अर्बभन्दा बढी नाफा गरेका छन्।

बैंकहरूको वित्तीय प्रतिवेदनअनुसार चालू आवमा १ अर्ब रुपियाँभन्दा बढी नाफ गर्नेमा नबिल बैंक, नेपाल इन्भेस्टमेन्ट बैंक, राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक, एभरेस्ट बैंक, हिमालयन बैंक, कृषि विकास बैंक, स्टान्डर्ड चार्टर्ड बैंक र एनएमबि बैंक रहेका छन्। तीमध्ये सबैभन्दा धेरै नाफा नबिल बैंकले गरेको हो।

बैंकको प्रतिवेदनअनुसार नबिल बैंकले चालू आवको पहिलो ६ पहिनामा १ अर्ब ८३ करोड ७७ लाख रुपियाँ मुनाफा आर्जन गरेका छ। बैंकले गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५ दशमलव १४ प्रतिशत बढी नाफा कमाएको हो। गत आर्थिक वर्षको दोस्रो त्रैमाससम्म नबिलले १ अर्ब ७४ करोड ७९ लाख रुपियाँ खुद मुनाफा आर्जन गरेको थियो।

८ अर्ब ४ करोड ३२ लाख रुपियाँ चुक्ता पुँजी भएको बैंकले जगेडा कोषमा ७ अर्ब ८५ करोड ५३ लाख रुपियाँ राखेको छ। निक्षेपमा शून्य दशमलव ३९ प्रतिशत वृद्धि गरी १ अर्ब २१ अर्ब २८ करोड ९२ लाख ७२ हजार रुपियँ संकलन गरेको बैंकले कर्जातर्फ ११ दशमलव ६९ प्रतिशत वृद्धि गरी १ खर्ब ८५ करोड १९ लाख रुपियाँ लगानी गरेको छ।

त्यसैगरी नेपाल इन्भेस्टमेन्ट बैंकले चालू आर्थिक वर्षको दोस्रो त्रैमाससम्म १ अर्ब ८३ करोड ४ लाख रुपियाँ खुद मुनाफा आर्जन गरेको छ।

बैंकले गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५ दशमलव ४९ प्रतिशत बढी नाफा कमाएको हो। गत आर्थिक वर्षको दोस्रो त्रैमाससम्म बैंकले १ अर्ब ५८ करोड ४९ लाख रुपियाँ खुद मुनाफा आर्जन गरेको थियो।

बैंकको चुक्ता पुँजी १० अर्ब ६२ करोड ६४ लाख रुपियाँ रहेको छ। यस अवधिमा बैंकले निक्षेपमा ११ दशमलव ३५ प्रतिशतले वृद्धि गरी १ खर्ब २९ अर्ब ८४ करोड ५३ लाख रुपियाँ संकलन गरेको छ भने १ खर्ब १३ अर्ब ६७ करोड ११ लाख रुपियाँ कर्जामा लगानी गरेको छ।

एक अर्ब क्लकमा पर्ने अन्य बैंकमा राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक, एभरेस्ट बैंक, हिमालयन बैंक, कृषि विकास बैंक, स्टान्डर्ड चार्टर्ड बैंक र एनएमबि बैंक पनि रहेका छन्। त्यसमा राष्ट्रिय वाणिज्य बैंकले चालू आर्थिक वर्षको दोस्रो त्रैमाससम्म १ अर्ब ७५ करोड ५९ लाख रुपियाँ खुद मुनाफा आर्जन गरेको छ। बैंकले गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४६ दशमलव ६५ प्रतिशत कम नाफा कमाएको हो।

गत आर्थिक वर्षको दोस्रो त्रैमासमा राष्ट्रिय वाणिज्य बैंकले १ अर्ब २१ करोड ७७ लाख रुपियाँ खुद मुनाफा आर्जन गरेको थियो। त्यस्तै नेपाल बैंकले चालू आर्थिक वर्षको दोस्रो त्रैमासमा १ अर्ब ६३ करोड रुपियाँ खुद मुनाफा आर्जन गरेको छ। बैंकको नाफा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३ दशमलव ५४ प्रतिशत कम हो।

त्यस्तै एभरेस्ट बैंकले यस अवधिमा १ अर्ब १४ करोड ८१ हजार रुपियाँ खुद मुनाफा आर्जन गरेको छ। यो गत वर्षको तुलनामा १७ दशमलव ३४ प्रतिशत बढी हो। एक अर्ब क्लबमा पर्ने हिमालयन बैंक अर्को बैंक हो। चालू आर्थिक वर्षको ६ महिनामा १ अर्ब १० करोड ५८ लाख रुपियाँ खुद मुनाफा आर्जन गरेको बैंकको नाफा गत आवको सो अवधिको तुलनामा ७ दशमलव ५८ प्रतिशतले बढी हो।

त्यसैगरी ६ महिनाको अवधिमा कृषि विकास बैंक, स्टान्डर्ड चार्टर्ड बैंक र एनएमबि बैंकको नाफा क्रमशः १ अर्ब दुई करोड ९१ लाख, १ अर्ब १ करोड ३४ लाख र एक अर्ब ७२ लाख ५९ हजार रुपियाँ रहेको छ। यी बैंकको नाफा अघिल्लो वर्षको तुलनामा क्रमशः १२ दशमलव ५, ३६ दशमलव ५ र ४२ दशमलव ८५ प्रतिशत बढी हो।

मुनाफा वृद्धिदरको हिसाबमा चालू आवको दोस्रो त्रैमासिक अवधिमा सबैभन्दा अगाडि रहेको छ। बैंकले गत वर्षको तुलनामा ३ सय ५७ प्रतिशत बढी नाफा गरेको छ।

गत आवको दुई महिनामा बैंकले ७ करोड ७६ लाख रुपियाँ खुद मुनाफ गरेकामा यस वर्ष ३५ करोड ४५ करोड रुपियाँ नाफा गरेको हो। त्यस्तै कुमारी बैंकको नाफा पनि अघिल्लो वर्षको भन्दा ७१ दशमलव ९ प्रतिशत बढी रहेको छ।

यसैबीच अधिकांश बैंकको नाफा बढीरहँदा ७ वटा बैंकको नाफा भने घटेको छ। अघिल्लो वर्षको तुलनामा कम नाफा गर्नेमा नेपाल बैंक, प्रभु बैंक, सिटिजन्स इन्टरनेसनल बैंक, बैंक अफ काठमाण्डु रहेका छन्। त्यस्तै माछापुच्छ्रे र नेपाल बंगलादेश बैंकले पनि यस अवधिमा नाफा घटाएका छन्।

## वाणिज्य बैंकको नाफाको अवस्था

| बैंक | चालू आवको मुनाफा (रुपियाँमा) | गत आवको मुनाफा (रुपियाँमा) | मुनाफा वृद्धिदर |
|---|---|---|---|
| एभरेस्ट बैंक | १ अर्ब १४ करोड | ९७ करोड १५ लाख | १७.३५ |
| ग्लोबल आईएमई बैंक | ९५ करोड ४२ लाख | ९० करोड ६२ लाख | ५.१५ |
| नेपाल बंगलादेश बैंक | ४३ करोड ८० लाख | ५४ करोड ६ लाख | (१८.९७) |
| नेपाल एसबीआई बैंक | ९१ करोड ३० लाख | ७५ करोड ८७ लाख | २०.३२ |
| सानिमा बैंक | ८२ करोड ४७ लाख | ६२ करोड २४ लाख | ३२.५१ |
| सिद्धार्थ बैंक | ७७ करोड २८ लाख | ७२ करोड ६० लाख | ६.४४ |
| मेगा बैंक नेपाल | ३९ करोड ३६ लाख | ३७ करोड ९ लाख | ६.१३ |
| लक्ष्मी बैंक | ५१ करोड ९२ लाख | ४० करोड ६३ लाख | २७.७७ |
| कुमारी बैंक | ४८ करोड २ लाख | २७ करोड | ७१.९० |
| सिटिजन्स बैंक इन्टरनेसनल | ६२ करोड ८६ लाख | ६३ करोड १६ लाख | (०.४८) |
| हिमालयन बैंक | १ अर्ब १० करोड ५८ लाख | १ अर्ब २ करोड ७८ लाख | ७.५८ |
| नबिल बैंक | १ अर्ब ८३ करोड | १ अर्ब ७४ करोड | ५.१४ |
| राष्ट्रिय वाणिज्य बैंक | १ अर्ब ७८ करोड | १ अर्ब २१ करोड | ४६.६५ |
| एनआईसी एसिया बैंक | ५७ करोड १७ लाख | ७१ करोड १४ लाख | २०.७४ |
| सनराइज बैंक | ५८ करोड ७५ लाख | ६० करोड ९७ लाख | (३.६३) |
| माछापुच्छ्रे बैंक | ४७ करोड १८ लाख | ५७ करोड ५३ लाख | (१७.९८) |
| सिभिल बैंक | २१ करोड ६९ लाख | १६ करोड ७३ लाख | २९.६४ |
| प्रभु बैंक | ६३ करोड ४९ लाख | १ अर्ब ११ करोड | (४२.९२) |
| जनता बैंक | २७ करोड १७ लाख | १६ करोड १७ लाख | ६८.४२ |
| नेपाल इन्भेस्टमेन्ट बैंक | १ अर्ब ८३ करोड | १ अर्ब ५८ करोड | १५.८ |
| बैंक अफ काठमाडौं | ५५ करोड १५ लाख | ६० करोड १४ लाख | (८.२९) |
| सेञ्चुरी बैंक | ३२ करोड ५१ लाख | २२ करोड ३९ लाख | ४५.१८ |
| कृषि विकास बैंक | १ अर्ब २ करोड | ९० करोड ६६ लाख | १२.५ |
| स्ट्यान्डर्ड चार्टर्ड बैंक | १ अर्ब १ करोड | ७४ करोड १ लाख | ३६.५ |
| नेपाल बैंक लि. | १ अर्ब ६३ करोड | १ अर्ब ८९ करोड | (१३.७५) |
| एनसीसी बैंक | ३५ करोड ४५ लाख | ७ करोड ७६ लाख | ३५७ |
| प्राइम कमर्सिएल बैंक | ७१ करोड ५१ लाख | ५५ करोड ९७ लाख | २७.७ |
| एनएमबि बैंक | १ अर्ब | ७० करोड १० लाख | ४२.८५ |

स्रोत : सम्बन्धित बैंकको वित्तीय विवरण

# युनिग्लोबमा प्रदर्शनी

काठमाडौं, (नेस)

युनिग्लोब मावि र कलेजले आयोजना गरेको दुई दिने राष्ट्रव्यापी विज्ञान तथा कला प्रदर्शनी २०७४' काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले उद्घाटन गर्नुभयो। देशभरिका २५ वटा विद्यालय तथा कलेजको सहभागिता रहेको उक्त कार्यक्रममा शिक्षा मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले मन्तव्य व्यक्त गर्नुभएको थियो।

उक्त अवसरमा युनिग्लोब कलेजमा नवनिर्मित इनोभेसन एन्ड रिसर्च सेन्टरलाई वनस्पति शास्त्री एवम् नेपालका प्रसिद्ध वैज्ञानिक स्वर्गीय प्राडा दयानन्द बज्राचार्यको नाममा समर्पित गएिको थियो। उक्त अनावरण स्वर्गीय बज्राचार्यकी धर्मपत्नी कोकिला बज्राचार्यले गर्नुभएको थियो।

कार्यक्रममा युनिग्लोबका प्राचार्य डा. करन सिंह ठगुन्नाले 'दयानन्द बज्राचार्य इनोभेसन एन्ड रिसर्च सेन्टरको नाममा ५ लाख रुपियाँबराबरको अक्षयकोष खडा गरिने घोषणा गर्नुभयो।

# नेसनल ट्रेडिङ खारेज

काठमाडौं, (नेस)

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले नेसनल ट्रेडिङ लिमिटेडलाई खारेज गर्ने निर्णय गरेको छ। लामो समयसम्म घाटामा सञ्चालित नेसनल ट्रेडिङका सबै कर्मचारीलाई 'पे अफ्' गरी अवकास दिईसकेपछि कार्यविहीनको अवस्थामा रहेको उक्त संस्थालाई सरकारले खारेज गरेको हो।

यसअघि अर्थमन्त्रालय अन्तर्गतको नीजिकरण समितिले ट्रेडिङ खारेजीका लागि मन्त्रिपरिषदलाई सुझाव दिएको थियो।

२०१८ सालमा स्थापना भएको ट्रेडिङले मेसिनरी सामान, औद्योगिक कच्चा पदार्थ, दैनीक उपभोग्य वस्तुमा नीजीक्षेत्रको एकाधिकार तोड्ने र बजारमा नियन्त्रणकारी भुमिका खेल्ने सरकारी निकायका रूपमा भुमिका खेल्दै आएको थियो। ट्रेडिङले दैनिक उपभोग्य सामानको मौज्दात र सहज वितरणमार्फत् निजी क्षेत्रको एकतन्त्रिबजार प्रणालीलाई नियन्त्रण गर्ने अधिकार पाएको थिथो।

नीजिकरण समितिले नेसनल ट्रेडिङको सम्पत्ति तथा दायित्व यकिन गरि उचित व्यवस्थापन तथा हिसाबकिताब फरफारक गर्ने समेत प्रयोजनका लागिआपूर्ति मन्त्रालयका सहसचिवको संयोजकत्वमा एक समिति गठन गर्ने जनाएको छ। ट्रेडिङको २५ अर्ब रुपियाँ बराबरको चलअचल सम्पति रहेको छ।

# सुन पसलमा राजस्वको छापा

वीरगन्ज, (नेस)

राजस्व अनुसन्धान मध्यक्षेत्रीय इकाई कार्यालय पथलैया बाराले सोमबार वीरगन्जमा रहेको दुईवटा सुनचाँदी पसलमा छापा मारेको छ। जसका कारण व्यापारीहरू पसल बन्द गरेर कुलेलाम ठोकेका छन् । अनुसन्धान अधिकृत भीम देवकोटा र तेजमणि काफ्लेको नेतृत्वको टोलीले वीरगन्जको माईस्थानमा रहेको ओम ज्वेलर्स र लिंकरोडमा रहेको बालाजी ज्वेलर्समा छापा मारेपछि वीरगन्जका सुनचाँदी व्यवसायीहरू पसल बन्द गरेर भागेका हुन्।

राजस्व अनुसन्धान मध्यक्षेत्रीय इकाई कार्यालयबाट खटिएको दुई छुट्टाछुट्टै टोलीले एकैपटक दुवै पसलमा छापा मारको थियो। ओम ज्वलेर्समा दर्जनौंको संख्यामा सशस्त्र प्रहरीसहित पुगेको राजस्व अनुसन्धान अधिकृत काफ्ले नेतृत्वको टोली पसलभित्र छिर्ने बित्तिकै छेउछाउमा रहेका अन्य सुनचाँदी पसलेले होहल्ला गर्दै अवरोध पुऱ्याएपछि उक्त टोली फर्किएको थियो।

ओम र बालाजी ज्वेलर्सले राजस्व छली गरेको गोप्य सूचना आएपछि छापा मारेर कारोबार गरिएको आवश्यक कागजपत्र नियन्त्रणमा लिएको अनुसन्धान अधिकृत देवकोटाले बताउनुभयो। नेपाल सुनचाँदी व्यवसायी महासंघ पर्साका महासचिव परवेज सर्राफले महासंघलाई जानकारी नै नदिइ गुण्डागर्दी शैलीमा आएर राजस्व र सशस्त्र प्रहरीको टोलीले पसलमा छापा मारेको आरोप लगाउनुभयो।


## हामा बहुउदेश्यीय सहकारी संस्था लि.को कर्जा नतिर्ने ऋणीको धितो लिलाम हुने सूचना

यस संस्थाको कार्यालय त्रिपूरेश्वरबाट तपशिलमा उल्लेखित ऋणीले ब्यक्तिगत कर्जा शिर्षक अन्तर गत लिएको ऋण कर्जा को समय समयमा तिर्नु बुझाउनु पर्ने सावा ब्याज नतिरि नबुझाई ऋण कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्ङ्घन गर्नु भएको र पटक पटक लिखित एंव मौखिक तर ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेको हुंदा दैनिक पत्र पत्रिकामा ३५ दिने सूचना प्रकाशित गरि सम्पूर्ण सावा ब्याज र सो मा लागेको हर्जाना ब्याज समेत चुक्ता गर्न अनुरोध गरेकोमा कर्जा चुक्ता गर्ने तर्फ बेवास्ता गरेकोले सहकारी ऐन २०७४ को दफा ७९ तथा सहकारी नियमावली २०४९ को नियम २५ बमोजिम सुरक्षणमा रहेको तपशिलमा उल्लेखित अचल सम्पत्ति जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा तपशिलमा उल्लेखित मिति र स्थानमा लिलाम विक्रि गरिने हुंदा लिलाम डांक बढावढ गरि लिन इच्छुक महानुभावहरु सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत दिनुहुने ब्यक्तिलाई पनि सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम विक्रि गरिने बारे सूचना पठाई सकिएको छ । उक्त सूचना प्राप्त नभएमा यसैलाई सूचना मानी जानकारी गराउंदछौ ।

तपशिल

| कर्जावालाको नाम, थर र तिनपुस्ते | कर्जा शिर्षक | २०७४ माघ १५ गते सम्मको सांवा,ब्याज,हर्जाना | लिलामी हुने धितोको विवरण | लिलामी हुने मिति, स्थान र समय |
|---|---|---|---|---|
| विघा लक्ष्मी श्रेष्ठ<br>ससुरा : देव नारायण (महर्जन) मान सिंह<br>बाबु : तुलसी श्रेष्ठ<br>पति : किर्ति नारायण मान सिंह | ब्यक्तिगत | रु. १८,६०,९०१।- | ऋणीको नाममा मा.पो.का.कलंकीमा दर्ता श्रेस्ता कायम रहेको का.म.न.पा.वडा नं.१३ स्थित कि.नं.१०९ को क्षे.फ.८८।७५ वर्ग मि. जग्गा र सो जग्गामा बनेको घर र लिग लगापात समेत । | २०७४। ११।२१ गते संस्थाको कार्यालय त्रिपुरेश्वर, वडा नं.११ दिनको १ बजे देखि ५ बजे सम्म |

नोट : (१) लिलाम हुने दिन ऋणी निजको प्रतिनिधि तथा धितो जमानी दिने ब्यक्तिलाई लिखित सूचना पठाइने छ पत्र प्राप्त नभएमा यसै सूचनाबाट सूचना प्राप्त भएको मानिने छ ।
(२) लिलाम अन्तिम पटक सवैभन्दा बढि कवोल गर्ने ब्यक्तिले आफुले कबुल गरेको अंकको १०% ले हुने रकम नगदै धरौटि बापत तुरुन्त बुझाउनु पर्ने छ ।
(३) डांक बढावढ गर्दा सवैभन्दा बढि अंक बोल्ने ब्यक्तिलाई चल अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ ।
(४) लिलाम सकार गर्ने ब्यक्तिले लिलाम स्विकृत भएको सूचना पाएको ७ दिन भित्र बांकि रकम बुझाई सकार गरी नलिएमा धरौटि वापत जम्मा भएको १०% रकम स्वत जफत हुने छ ।
(५) धितो लिलाम विक्रिबाट सम्पूर्ण रकम असुल उपर नभएमा ऋणी तथा धनजमानी दिनेको अन्य जायजेथाबाट असुल उपर गरिने छ ।
(६) तोकिएको लिलामको दिन बिदा परेमा सो को भोलि पल्ट लिलाम कारवाहि गरिने छ । साथै लिलामी कारवाहि गर्दा गर्दै नभ्याएमा भोलिपल्ट पुनः लिलाम कार्य हुने छ ।
(७) लिलाम हुने दिन कुनै कारण लिलाम कार्य स्थगित गर्नु परेमा संस्थाले लिलाम कार्य स्थगित गरि पुन समय तोकी संस्थाको सूचना पाटिमा सूचना प्रकाशित गरिनेछ ।
(८) लिलाम हुने घर जग्गा सम्बन्धि केहि कुरा बुझ्नु परेमा सम्बन्धित संस्थाको कार्यालयमा सम्पर्क गरी बुझ्नु सकिने छ ।

हामा बहुउद्धेश्यीय सहकारी संस्था लि.
प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ
फोन नं.४२१९९३५, ४२२८८७५



## पूँजी विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मितिः २०७४।१०।१६**

यस संस्थाबाट व्यापारिक कर्जा लिनु भएका तपसिल बमोजिमको सदस्य ऋणीले यस संस्थासँग भएको गरेको सम्झौताअनुसार कर्जा भुक्तानी तालिका अनुसार कर्जाको सावाँ ब्याज नतिरी नबुझाई बाँकी राख्नु भएको र निजलाई संस्थाको तर्फबाट पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत निजले कर्जा भुक्तानी गर्नेतर्फ कुनै पहल नगरेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्पूर्ण कर्जाको सावाँ, ब्याज र संस्थाबाट लिने अन्य दै दस्तुर र हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्नु हुन यसै सूचनाद्धारा सुचित गरिन्छ । अन्यथा ३६औं दिन निजले यस संस्थामा धितो स्वरुप लेखी लेखाई दिएको तपसिल बमोजिमको अचल सम्पत्ति लिलाम बिक्री गरी सहकारी ऐन २०४८ को दफा ३९ सहकारी नियमावली २०४९ को नियम २५ बमोजिम संस्थाले आफ्नो कर्जा रकम असुल उपर गरी लिने र सो धितो लेखिदिएको अचल सम्पत्तिबाट असुल उपर गर्दा नपुग भएमा निजको नाममा भएको वा निजको हक लाग्ने अरु अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गर्ने व्यहोरा ऋणी र जमानीकर्ताहरू तथा धितो लेखिदिने व्यक्तिहरू सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ऋणीको तीन पुस्ताको विवरण | धनजमानी | धितोको विवरण |
|---|---|---|
| **नाम : इश्वर श्रेष्ठ**<br>बाबु : राम बहादुर श्रेष्ठ<br>बाजे : भक्त लाल श्रेष्ठ<br>ठेगाना : सिन्धुपाल्चोक जि. बास खर्क गा.वि.स. वडा नं. २ भई हाल बुढानिलकण्ठ नगरपालिका वडा नं. १२ सूर्यदेव कोलनी ब्लक सी घर नं. ०९, आकाशेधारा, कपन बस्ने ।  | नाम : **रत्न बहादुर श्रेष्ठ**<br>नाम : **राम बहादुर श्रेष्ठ**   | १. काठमाडौं चुनिखेल वडा नं.५(ख) कि.नं. ४०३ क्षे.फ. ०-८-३-२ । दर्तावाला जग्गा धनी इश्वर श्रेष्ठ ।<br>२. काठमाडौं चुनिखेल वडा नं. ५(ख) कि.नं. ४०४ क्षे.फ. ०-८-३-२ । दर्तावाला जग्गा धनी इश्वर श्रेष्ठ । |

**लिलामका सर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले बोलकबोल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा यस संस्थाको नाममा जारी गरिएको गुड फर पेमेन्ट बैंक वा बैंक ड्राफ्टको सक्कल सहित बोलपत्र साथ यस संस्थामा बुझाउनु पर्नेछ ।
२. गोप्य शिलबन्दी बोलपत्र फाराम यस संस्थाको प्रधान कार्यालय पाको न्यूरोडबाट रु. ५००/- (फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
३. तोकिएको बोलपत्र खोल्ने दिन सहकारी बिदा वा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै सहकारी कार्यालय खुल्ने दिन बोलपत्र खोलिनेछ ।
४. काठमाडौं-२२, पाको, न्यूरोड स्थित यस सहकारीको कार्यालयमा अपरान्ह ४:३० बजे विभिन्न कार्यालयहरुबाट खटी आएका प्रतिनिधिहरुको रोहवरमा शिलबन्दी बोलपत्र खोलिनेछ । तर प्रतिनिधिहरु यस बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सूचना पाएको १५ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति सकार गरी नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र फाराम भर्दा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. लिलाममा बिक्री हुने अचल सम्पत्ति (घर जग्गा) सम्बन्धी कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस सहकारी संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. सहकारी ऐन, सहकारी नियमावली तथा यस संस्थाको कर्जा नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उक्त सम्पत्तिको स्वामित्व सहकारी संस्था आफूमा लिन सक्नेछ ।
९. लिलाम बिक्री गर्दा लागेको राजिष्ट्रेशन दस्तुर तथा अन्य खर्च जे जे गर्नुपर्ने सो सम्पूर्ण खर्च लिलाम सकार गर्ने स्वयंले नै बेहोर्नु पर्नेछ ।

**लिलाम हुने मिति : २०७४ फागुन २२ गते, मंगलबार**

पूँजी विकास बचत तथा ऋण सहकारी संस्था लि.
PUNJI BIKAS SAVING & CREDIT CO-OPERATIVE LTD.
पाको, न्यूरोड, काठमाडौं, फोनः ४२२१५१७

# थ्रीस्टार आहा राराको सेमिफाइनलमा

धन बस्नेत, पोखरा




आहा राराको १६औं संस्करणमा अर्को विभागीय टोली नेपाल एपीएफ क्लब पेनाल्टी सुटआउटमा पराजित हुँदै त्रिभुवन आर्मीकै नियति दोहोरिदाँ रुस्लान थ्रीस्टारले उपाधिको दावेदारीमा प्रस्तुत गरेको छ। निर्धारित र थपिएको समयमा समेत गोलरहित टुंगिएपछि निर्णायक बनेको पेनाल्टी सुटआउटमा ५-३ गोल अन्तरले पराजित हुँदै बाहिरिने सशस्त्र दोस्रो विभागीय टोली बन्यो। धरान फुटबल क्लबसँग पेनाल्टी सुटमै पराजित हुँदै आर्मी अघिल्लो दिन बाहिरिएको थियो।

अफ्रिकन खेलाडीबिना पोखराको मैदानमा सोमबार उत्रिएको थ्रीस्टारले सशस्त्रको चुनौतीलाई १ सय १० मिनेटसम्म रोक्यो। पाएका अवसरलाई सदुपयोग नहुँदा निर्णयको सम्भावना पेनाल्टीमा पुग्ने बढ्दै गएको थियो। राजेन्द्र रावलको पेनाल्टी किकलाई थ्रीस्टारका गोलकिपरले बचाउ गरेपछि सशस्त्रको अन्तिम चारमा पुग्ने आशा समाप्त भइदियो। पेनाल्टी रोकेका थ्रीस्टार गोलकिपर एलन न्यौपाने म्यान अफ दि म्याचको हकदारसमेत बने। अन्जन विष्ट, रन्जन विष्ट र नविन लामाको पेनाल्टी गोल हुन पुग्यो। थ्रीस्टारका लागि रन्जित धिमाल, निराजन खड्का, सुनिल बल, विक्रम लामा र विजय धिमालले गोल गरे।

८६औं मिनेटमा बुद्ध चेम्जोङको प्रहार एपीएफको खेलाडीबाट रिफ्लेक्ट भएको अवसरलाई जीवन गुरुङले हानेको बल कर्भ हुँदै फस्टबारको बाहिरी भागमा लाग्दै बाहिरियो। १ सय ४ मिनेटपछि सशस्त्रको उस्तै अवसर खेर गयो। अन्जन विष्टको हेडबल थ्रीस्टार गोलकिपरसमेत विट भइसकेको अवस्थामा रन्जित धिमालले गोललाइनबाटै हेड गर्दै बचाए।

### भरतलाई सम्मान

प्रतियोगिताबाट बाहिरिसकेको त्रिभुवन आर्मीका स्ट्राइकर भरत खवासलाई उत्कृष्ट वर्ष खेलाडी २०७३ बाट सम्मानित गरिएको छ। पश्चिमाञ्चल फुटबल संघका अध्यक्ष खेमबहादुर गुरुङले प्रायोजन गरेको उत्कृष्ट राष्ट्रिय खेलाडीबाट पहिलो संस्करणको पुरस्कार भरत खवासलाई प्रदान गरिएको हो। उनलाई दोसल्ला, सम्मानपत्र तथा नगद ३५ हजारबाट सम्मानित गरिएको थियो।






# बिमल मोहन बगानबाट खेल्दै

काठमाडौं, (नेस)

नेपाली खेलाडीहरूले छिमेकी राष्ट्र भारतको भूमिमा खेल्ने मौका पाएको क्रम केही दिन यता बढ्दो छ। नेपालका नम्बर एक गोलकिपर किरण चेम्जोङ गत साता आई लिगको क्लब मिनर्भा पन्जाबमा आबद्ध भएका थिए। आइतबार मात्रै पनि नेपाली युवा क्रिकेटर सन्दीप लामिछानेलाई इन्डियन प्रिमियर लिगको दिल्ली डेयरडेभिल्सले अनुबन्धित गरेको छ।

यही क्रममा नेपालका अर्का चर्चित स्ट्राइकर बिमल घर्ती मगरले कोलकाताको मोहन बगानबाट खेल्ने अवसर जुरेको छ। उनलाई सोनी नोर्डे चोट भएपछि क्लबले रिप्लेस गरेको हो। मोहन बगान भारतको आई लिगको चर्चितमध्ये एक क्लब हो।

सोमबार मोहन बगानद्वारा आयोजित पत्रकार सम्मेलनमा बिमलले भने- 'मलाई मोहन बगानमा आबद्ध हुन पाएकोमा खुसी भएको छु। मैले क्लबका बारेमा धेरै सुनेको छु। यो क्लब खेलाडीहरूका लागि धेरै राम्रो छ। मैले यसका लागि शत प्रतिशत दिनेछु। म क्लबलाई आई लिगमा राम्रो गर्न सहयोग गर्नेछु। मलाई भारतीय फुटबलरमा सुनील क्षत्री मनपर्छ।'

कसरी मोहन बगानमा पुगेको भन्ने प्रश्नमा उनले बताए- 'मलाई मोहन बगानबाट फोन आएको थियो। त्यतिबेला म इटहरी गोल्डकपमा खेल्दै थिएँ।'

बिमलको क्लबसँग तीन महिनाको सम्झौता भएको छ। यो सम्झौता अवधि बढ्न सक्ने पनि क्लबले जनाएको छ। बिमलको विदेशी क्लबबाट खेल्ने अवसर यो पहिलोपटक भने होइन। यसअघि सन् २०१४ मा बेल्जियमको ठूलो क्लब एन्डरलेक्ट एफसीबाट उनले ३ वटा १६ वर्षमुनिको प्रतियोगिता खेलेका थिए।

सोही वर्ष बिमललाई एन्डरलेक्टको यु १९ टोलीमा आबद्ध गराएको थियो। उनको एन्डरलेक्टबाट कोपा डेल अगाथा पहिलो प्रतियोगिता थियो। जसमा उनले दुई गोल पनि गरे र टोलीलाई रनर अपसम्म बनाउन उनले महत्त्वपूर्ण भूमिका खेलेका थिए। हाल उनी नेपालको ए डिभिजन क्लब थ्रीस्टारमा आबद्ध छन्।



इन्डियन ओपन अन्तर्राष्ट्रिय बक्सिङ प्रतियोगिताअन्तर्गत ६४ केजी तौल समूहमा क्यामरुनका मुक्केबाजलाई हराउँदै क्वाटरफाइनल पुगेका नेपालका भूपेन्द्र थापामगर (निलो)।

## धरहरा

### संकेत राम्रो !



नेता र गाडी एकले अर्कोलाई चिनाउने पर्यायावाची शब्द झैं बनेका छन्।

अर्थात् गाडी मोह मुलुकका नेताहरूको पुरानै 'कल्चर' हो। राज्यको सुविधाबाट होस या अन्य स्रोतबाट गाडी चाहिं नेताले चढ्नै पर्ने। गाडी नभएका नेता त के नेता।

कुनै नेताले गाडी मोह त्याग्छ र आदर्शको कुरा गर्छ भने ऊ 'फ्लप नेता' को सूचिमा पर्ने सम्भावना उच्च रहन्छ। त्यही कारणले अहिले केन्द्रीय स्तरका नेता मात्रै होइन, क्षेत्रीय र स्थानीय स्तरका नेतामा समेत गाडी मोह बढेको छ।

नगरपालिका मात्रै होइन, धेरै गाउँपालिका गाडी खरिद गर्न जुटेका छन्। 'फ्लप' को सूचीमा पर्नु पनि त भएन।

त्यही भएर हो क्यार धनुषाको गणेशमान चारनाथ नगरपालिकाकी उप-मेयर मीनाकुमारी यादवले गाडीकै विषयलाई लिएर नगर बैठकको माइन्युट नै च्यातेकी छिन्। बैठकको प्रस्तावमा आफूलाई गाडी सुविधा दिने विषय उल्लेख नगरेको भन्दै उनले माइन्युट च्यातेको धरहराले बुझ्यो। जिल्ला धेरै नगरका उप-मेयरले गाडी सुविधा पाएको तर पनि आफूलाई भने कार्यकारी अधिकृतले वेवास्ता गरेको यादवको तर्क छ।

नगर क्षेत्रको अनुगमन गर्न स्कुटीमा निस्किँदा गाह्रो भयो रे म्याडमलाई। कार्यकारीले बाल हान्दै गरून् म्याडम, यस्तो लक्षण त राष्ट्रिय नेता बन्ने संकेत हो।

विगतमा सडकमा ढुंगा हान्ने, गाडी फोड्ने, संसद्मा माइक तोड्ने, कुर्ची भाँच्ने र हानाहान गर्नेहरु नै त अहिलेका चल्तीका नेता हुन् नि !






# एन्जल्स हार्ट र एचएचसीएलाई उपाधि

काठमाडौं, (नेस)

एन्जल्स हार्ट र एचएचसीएले १०औं ओडीसी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा क्रमशः जुसिनयर ब्वाइज र सिनियर गर्ल्स थ्री बाई थ्रीमा उपाधि सोमबार जितेका छन्। धापासीस्थित आयोजक ओडीसी इन्टरनेसनल एकेडेमीको कोर्टमा भएको फाइनलमा एन्जल्स हार्टले बीएनएलाई १९-१६ ले पराजित गर्‍यो। निर्धारित समयमा दुबै टोलीले १३-१३ स्कोर गर्दा थप गरिएको समयमा एन्जल्सले जित हात पारेको हो। टोलीको जितमा सागर परियारले ७ स्कोर गरे।

सिनियर गर्ल्समा एचएचसीएले डिफेन्डिङ च्याम्पियन भ्याली पब्लिकलाई ६-५ ले स्तब्ध पार्‍यो। टीआईएले कान्तिपुर इङलिस एकेडेमीलाई ८-४ ले पाखा लगाउँदै तेस्रो भयो।

# भ्याली पब्लिक विजयी

काठमाडौं, (नेस)

भ्याली पब्लिकले दोस्रो भानुभक्त विन्टर कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको ब्वाइजमा सोमबार विजयी शुरुआत गरेको छ। पानीपोखरीस्थित आयोजक भानुभक्त मेमोरियल स्कुलमा भएको खेलमा भ्याली पब्लिकले टीआईएलाई ५१-३० ले पराजित गर्‍यो। गर्ल्सतर्फ महामञ्जुश्रीले भानुभक्तलाई २०-८, एआईएले सिद्धार्थ बनस्थलीलाई १८-१५, पाठशालाले भानुभक्तलाई १९-८ र टीआईएले कान्तिपुरलाई १९-१५ ले निराश पारे।


# कामनाको प्रत्येक अंक, विशेष अंक




## यस अंकका आकर्षणहरू

### कामना फिल्म अवार्ड्स माघ १६ मा

प्रकाशनको ३ दशकभन्दा लामो यात्रा पार गरेको अवसरमा कामनाले गत २०७१ सालबाट आयोजना गर्दै आएको कामना फिल्म अवार्डसको तेस्रो संस्करण आगामी माघ १६ गते राजधानीमा कसरी आयोजना हुँदै छ। पहिलो संस्करणदेखि नै प्रिय बनेको कामना फिल्म अवार्डस २०७४ मा कुन-कुन फिल्म मनोनयमा परेका छन्? को-को कलाकार र प्राविधिक कुन-कुन फिल्मबाट प्रतिस्पर्धाको मैदानमा छन्। पूर्ण विवरण।

### चिन्ता उन्नतिको

कलाकार र फिल्मकर्मीलाई केवल आफनो क्षेत्रको मात्र चिन्ता छैन। उनीहरु देशले उन्नति गर्न नसकेको तथा आर्थिकरूपमा फडको मार्न नसककाले पनि उत्तिकै चिन्तित छन्। देशको समृद्धि उन्नतिका लागि मुलुक हाँक्ने राजनीतिज्ञहरूलाई समेत उपयोगी कलाकर्मीले दिएका उपयोगी सुझाव र टिप्स।

### पोर्न सिनेमा : एउटा दमित यथार्थ

छोटो फिल्मका नाममा हिजोआज नेपाली भाषामै पोर्न सिनेमा अश्लील फिल्म) बनिरहेका छन्। यस्ता फिल्म सामाजिक सञ्जाल युटयुबबाट संसारभरि जालोसरी फैलिरहेको छ। एउटा तीतो र डरलाग्दो यथार्थ।

### नयाँ पुस्ताले धानेको फिल्म क्षेत्र

जमाना नयाँको छ। फिल्म क्षेत्रमा नयाँ अनुहारको वर्चश्व छ। वर्तमान फिल्म क्षेत्र नयाँ पुस्ताकै बलले अगाडि बढिरहेको छ। कस्ता छन, फिल्म क्षेत्र हाँकिरहेका नयाँ पुस्ताका कलाकार र निर्देशकहरू। रोचक सामग्री।

### चन्द्रराज शर्मा : संगीतका सारथी

सांगीतिक वातावरण हुर्किई जीवनकालभरि केवल गीत-संगीतमा रमाउँदै र खेल्दै यस क्षेत्रको श्रीवृद्धिका लागि अहोरात्र खटिएका संगीतसाधक चन्द्रराज शर्मा अब हामीबीच रहेनन्। स्व शर्माको संग्रहणीय पूर्ण जीवनी।

### नेपाली मोडल भारतमा छाउँदै

नेपाली मोडलहरूले नेपालमा मात्र नाम कमाएका छैनन्। सुन्दरीको नगरीका रूपमा परिचित बलिउडमा समेत लोकप्रियता कमाएका छन्। दिनहुं दर्जनौं मोडलको प्रवेश हुने बलिउडका मोडलहरूलाई समेत चुनौती दिंदै आफनोसँगै नेपालको छवीसमेत निर्माण गरिरहेका छन्। नेपाली मोडलले भारतमा कमाएको लोभलाग्दो सफलताको कथा।

### अभिनयमा फर्किएकाहरूको सफलता र असफलता

आफनो जमानामा नाम कमाएका कतिपय कलाकार फेरि फिल्ममा फर्केका छन्। फिल्म क्षेत्रमा पुनरागमन गर्ने सबै कलाकार र निर्देशकले भने आफनो जमानमा जस्तो सफलता हासिल गर्न सकिरहेका छैनन्। सफलता र असफलताको अर्को कथा।

### साथमा

- नाच्न सिकाउने गोपालको पुस्तक
- पुसको चिसोमा फेसनको गर्मी
- विन्ध्यवासिनी अवार्डमा रामकृष्णको हुरी हाबी
- पश्चिमेली सेलिब्रेटीको ग्ल्यामरस छवि
- स्वरमा सुनीता
- सुमनकुमारको स्वर सिर्जना

र नियमति स्तम्भहरू
सम्पादकीय, समाचार, हलिउड बलिउड, हुइयाँ, क्लिक क्लिक


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ